
# इन्सेक अभियान

त्रैमासिक प्रतिवेदन

वर्ष १८, अङ्क ४, पूर्णाङ्क १४६, असोज २०७१














## विविध गतिविधि

# इन्सेक अभियान

त्रैमासिक प्रतिवेदन

वर्ष १८, अङ्क ४, पूर्णाङ्क १४६, असोज २०७१


## दृष्टि

मानवअधिकार र सामाजिक न्यायसङ्गत, सुदृढ र सक्षम राज्य स्थापनाका लागि योगदान गर्ने ।

## लक्ष्य

इन्सेकले आफ्नो ध्येय, दृष्टि तथा उद्देश्यहरू प्राप्तिका लागि पहरेदार, पैरवी, नीतिगत हस्तक्षेप सशक्तीकरण र अग्रणी संस्थाको रूपमा आफ्नो भूमिका निर्वाह गर्ने ।

## ध्येय

सामाजिक न्यायका निम्ति मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने ।


सर्वाधिकार ©: इन्सेकमा सुरक्षित



संयोजन/सम्पादन: पोषराज अधिकारी
श्यामबहादुर चन्द

फोटो: विमलचन्द्र शर्मा
(इन्सेक स्रोत केन्द्र)
एवम् सबै क्षेत्रीय कार्यालयहरू

ग्राफिक डिजाइन: गीता माली

व्यवस्थापन: शैलेश शर्मा

सन्दर्भ सामग्री: इन्सेक केन्द्रीय, क्षेत्रीय तथा जिल्ला कार्यालयहरू एवम् इन्सेक प्रतिनिधिहरू

मुद्रण: ड्रिम ग्राफिक प्रेस, काठमाडौँ





*यो प्रतिवेदनले वैशाखदेखि असार ०७१ सम्म सम्पन्न क्रियाकलापहरूलाई समेटेको छ ।*

### केन्द्रीयस्तरका कार्यक्रम


- राष्ट्रिय कार्यशाला/३
- छलफल कार्यक्रम/४
- वार्षिक क्षेत्रीय समीक्षा कार्यक्रम सम्पन्न/६
- बालअधिकार महासन्धिको पूरक प्रतिवेदनमाथि छलफल/६
- वार्षिक साधारण सभा/७
- इन्सेक र सेन्ट्रल मिचिगन विश्वविद्यालयबीच सम्झौता/८
- क्षमता अभिवृद्धि तालिम/८
- आर्थिक सहयोग प्रदान/९


### क्षेत्रीयस्तरका कार्यक्रम



- पूर्वाञ्चल क्षेत्रीय कार्यक्रम/१०
- मध्यमाञ्चल क्षेत्रीय कार्यक्रम/१९
- पश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम/३१
- मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम/४७
- सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम/५८

# केन्द्रीयस्तरका कार्यक्रम

## राष्ट्रिय कार्यशाला

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र फोरम एसियाको संयुक्त आयोजनामा 'मानवअधिकार र निर्वाचन' विषयक राष्ट्रिय कार्यशाला ०७१ असार ३२ र साउन १ गते सम्पन्न भयो। इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले सञ्चालन गरेको उद्‌घाटन कार्यक्रम फोरम एसियाका सल्लाहकार तथा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा निर्वाचन पर्यवेक्षण र मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न देशहरूको प्रतिनिधित्व रहेको थियो। कार्यक्रमका विषयमा जानकारी दिँदै फोरम एसियाकी प्रतिनिधि गायत्री खान्धादईले मतदान अघि, मतदानको दिन र मतदानपछिको अवस्थालाई निर्वाचन अनुगमन प्रतिवेदनमा समेटेको बताइन्। एनले नेपालको संविधानसभा निर्वाचनमा इन्सेकसँगको सहकार्यमा फोरम एसिया र इन्सेकले प्रकाशन गरेको पर्यवेक्षण प्रतिवेदन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप भएको उल्लेख गरिन्। कार्यक्रममा निर्वाचन आयोग नेपालका प्रमुख आयुक्त नीलकण्ठ उप्रेतीले न्यायको जगमा उभिएको निर्वाचनमात्र फलदायी हुने बताए। उनका अनुसार 'स्वतन्त्र र निर्भिक ढङ्गबाट मतदानमा सरिक हुन पाउने अधिकार नै निर्वाचनमा न्याय हो। जहाँ निर्वाचनसम्बन्धी कानुनी व्यवस्था राम्रो छ, त्यहाँ निर्वाचनमा न्याय हुन्छ।' उप्रेतीले गएको संविधानसभाको निर्वाचनमा धेरै चुनौतीहरू आए पनि त्यस्ता चुनौतीहरूको सामना गर्दै सफलतापूर्वक निर्वाचन सम्पन्न गरिएको बताए। उनले नेपालको संविधानसभा निर्वाचन ०७१ को संसारभर प्रशंसा भएको उनले जनाए।

कार्यक्रका सभाध्यक्ष तथा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले यसपटकको संविधानसभा निर्वाचनमा कुनै मानवीय क्षति नभएको उल्लेख गर्दै नागरिकका तर्फबाट गठित पर्यवेक्षण समितिले मतदानका दिन सामान्यभन्दा सामान्य कुरामा पनि ध्यान दिएको बताए। दक्षिण कोरिया, पाकिस्तान र




**कार्यशाला गोष्ठीमा आफ्नो भनाइ राख्दै प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती**

बङ्गलादेशलगायतका देशहरूमा भएका निर्वाचनहरूसँग तुलना गर्दै प्याकुरेलले नेपालको निर्वाचनमा मतदाता परिचयपत्र र विद्युतीय मतदानजस्ता सकरात्मक प्रयासहरू भएको बताए। निर्वाचन सकिएपछि मानिसहरूले निर्वाचनलाई बिर्सिए पनि पर्यवेक्षण संस्थाहरूले दिएका निष्कर्ष र सुझावहरूले आउने निर्वाचनलाई मार्गनिर्देश गर्ने इन्सेक अध्यक्ष प्याकुरेलको तर्क थियो। उनले निर्वाचन र मानवअधिकार लोकतन्त्रको आधारस्तम्भ भएको बताए।

निर्वाचन आयोगका पूर्व आयुक्त तथा नियोकका अध्यक्ष सूर्यप्रसाद श्रेष्ठले जनताको अपेक्षाअनुसार संविधानसभाको निर्वाचनले पनि समस्याको निकाश दिन नसकिरहेको बताए। उनले भने 'नेपालको पञ्चायती व्यवस्थामा पनि निर्वाचन र जनमतसङ्ग्रह भएकै हो, तर प्रजातन्त्रको आगमनपछि मात्र जनताको स्वतन्त्रतालाई ख्याल गरियो।' निर्वाचनलाई सबै कुराको समाधान हो भनिठान्नुभन्दा पनि राजनीतिक दलहरू र जनता सशक्त नभएसम्म लोकतन्त्र सुदृढ नहुने कुरामा उनको जोड थियो। राजनीतिक दलहरूले निर्वाचन आयोग, न्यायाधीश र राजदूतहरू नियुक्तिमा समेत भागबण्डा खोजिरहेको विषयलाई इङ्गित गर्दै श्रेष्ठले राजनीतिप्रति जनताको अनास्था बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका थिए।

दुई दिनसम्म सञ्चालन भएको उक्त कार्यशालामा निर्वाचनसम्बन्धी कानुनी संरचना र नियमावलीका सन्दर्भमा इन्हुरेड इन्टरनेशनलका अध्यक्ष डा. गोपालकृष्ण शिवाकोटी, निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डका विषयमा फोरम एसियाका जोन लिउ, संविधानसभा निर्वाचन, २०७० का विषयमा राष्ट्रिय मानवअधिकार आयोगका पूर्व आयुक्त तथा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल र मानवअधिकारकर्मी शोभाकर बुढाथोकीलगायतको कार्यपत्र प्रस्तुति र सहजीकरण रहेको थियो।

## छलफल कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र शान्ति मालिकाको संयुक्त आयोजनामा 'सत्य निरूपण तथा मेलमिलाप आयोगको संरचना' विषयक छलफल कार्यक्रम ०७१ असार १२ गते काठमाडौंमा सम्पन्न भयो। कार्यक्रममा सहभागी सरोकारवालाहरूले सङ्क्रमणकालीन न्याय व्यवस्थापनका लागि गठन गर्न खोजिएको सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी विधेयक संशोधन गर्नुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा उनीहरूले शान्तिप्रक्रिया र राजनीतिक सहमतिको नाममा गठन गर्न खोजिएको आयोग गठनसम्बन्धी प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नभएको र त्यसले पीडितहरूको आधारभूत न्याय पाउने अधिकारलाई समेत वञ्चित गरेको भन्दै विधेयकका प्रावधानहरू संशोधन गर्नुपर्ने बताए।

कार्यक्रमकी प्रमुख अतिथि तथा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन, पदाधिकारी सिफारीस समितिकी सदस्य सपना प्रधान मल्लले आयोग गठनसम्बन्धी विधेयकले पीडितको सहमति होस् वा नहोस् पीडकलाई उन्मुक्ति दिन खोजेको भन्दै पीडितले पाउने आधारभूत न्यायिक अधिकारलाई विधेयकमा सुरक्षित पारिनुपर्ने बताइन्। मल्लले शान्तिप्रक्रिया अन्त्यका लागि शान्ति नै भड्काउने गतिविधि गर्न नहुने तर क्षमादानको नाममा पीडितको सहमतिविना नै जघन्य अपराधका दोषीलाई उन्मुक्ति दिने कुरामा आफू सहमत नरहने बताइन्। उनले आयोग गठन प्रक्रिया विश्वसनीय हुनुपर्ने भन्दै विधेयकका प्रावधानहरू संशोधनका लागि सर्वोच्च अदालतमा परेको रिटउपर फैसला नहुन्जेलसम्म सबैलाई अदालतको आदेश पर्खन आग्रह गरिन्। उनले सत्यनिरूपण तथा मेलमिलाप आयोगमा पदाधिकारी नियुक्ति सिफारिस गरिनुअगावै राष्ट्रिय मानवअधिकार आयोगमा अध्यक्ष नियुक्त गरी वैधानिकता प्रदान गरिनुपर्ने धारणा व्यक्त गरिन्।



कार्यक्रमका सहभागीहरू

शान्ति मन्त्रालयका उपसचिव गङ्गाबहादुर खरेलले द्वन्द्वपीडितहरू आंशिक राहतको बाटोबाट पूर्ण राहतको बाटोतर्फ प्रवेश गरेको भन्दै पीडितहरूको न्यायिक अधिकारको संरक्षण गर्न सरकार प्रतिबद्ध रहेको बताए।

आयोग गठनसम्बन्धी विधेयक लेखन समितिका पूर्व सदस्य दिनेश त्रिपाठीले नेपालको सन्दर्भमा शान्ति प्रक्रिया प्रमुख तत्त्व रहेको तर राजनीतिक सहमति र शान्तिप्रक्रियाको नाममा पीडितको न्याय पाउने अधिकारलाई कसैले वञ्चित गर्न नपाउने बताए। उनले सङ्क्रमणकालीन न्याय दिने कुराले बाटो बिराउँदै गएको भन्दै द्रुत गतिमा न्याय चाहियो भन्दैमा गलत प्रावधानबाट न्याय दिन नमिल्ने बताए।

त्रिपाठीले सर्वोच्च अदालतको आदेशबमोजिम, पीडितको मर्म र भावनालाई समेटेर नेपालको राजनीतिक तथा सामाजिक परिवेशलाई मध्यनजर गर्दै आधारभूत रूपमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप आयोग गठनसम्बन्धी विधेयक बनाइए मात्र सर्वमान्य हुने बताए। यदि त्यसो नगरी सरकारले बलजफ्ती पीडितहरूको न्यायिक अधिकारको ढोका बन्द गर्न खोजे विश्वव्यापी न्यायालयको ढोका सधैं खुल्ला रहने त्रिपाठीले बताए।

प्रो. पब्लिकका केदार खड्काले सरकारले गठन गर्न खोजेको सत्यनिरूपण तथा मेलमिलाप आयोगले मेलमिलाप गराउने हो कि होइन भन्ने नै पीडितहरूमा प्रश्न उब्जिएको भन्दै दोश्रो पुस्तालाई नभई पीडित पुस्तालाई नै न्याय दिइनुपर्ने बताए।

आइसिटिजेका अधिकृत भूपेन्द्र खनालले आयोग निर्माण गर्ने कुराको कसैको विमति नरहेको तर आयोग गठनका लागि पारित विधेयकनै गलत भएको बताए। उनले पारित विधेयकले यौनजन्य हिंसा र यातनालाई सम्बोधन नगरेको भन्दै त्यसलाई संशोधन गरिनुपर्ने बताए।

इपिएसका अध्यक्ष दुर्गा पोखरेलले राजनीतिक पूर्वाग्रह राखी आयोग गठन खोजिए त्यसको निष्पक्षतामाथि प्रश्न उठ्ने बताइन्। उनले द्वन्द्वबाट सबैभन्दा बढी महिला प्रभावित रहेको भन्दै महिलाहरूको सन्दर्भमा विशेष सुनुवाइ गर्ने आधार तयार पारिनुपर्ने बताइन्।

कार्यक्रममा उपस्थित अधिकांश द्वन्द्वपीडितहरूले आयोग गठनसम्बन्धी विधेयकका प्रावधानले जघन्य अपराधका दोषीलाई उन्मुक्ति दिने भन्दै त्यसको संशोधनका लागि माग गरेका थिए।

कार्यक्रमको समापन गर्दै मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र, इन्सेक सचिवालयकी कार्यक्रम प्रमुख सम्झा श्रेष्ठले सत्य निरूपण आयोगलाई विश्वसनीय बनाउनका निमित्त पीडित समुदाय र मानवअधिकारकर्मीहरूबीच सहकार्य आवश्यक रहेको औँल्याइन्। कार्यक्रमले शान्तिसँग सम्बन्धित रहेको आयोग गठन प्रक्रियालाई कसरी प्रभावकारी बनाउन सकिन्छ र द्वन्द्वपीडितहरूको भावनाअनुरूप विधेयकमा कहाँ-कहाँ परिमार्जन आवश्यक छ भन्ने कुरा श्रेष्ठले बताइन्।

त्यसै गरी, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र पाटन पुनरावेदन बार एसोसिएसन महिला केन्द्रको संयुक्त आयोजनामा ‘द्रुत न्याय अदालतको आवश्यकता, सम्भावना र चुनौती’ विषयक छलफल कार्यक्रम ०७१ असार ९ गते ललितपुरमा सम्पन्न भयो। कार्यक्रममा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले द्रुत न्याय अदालतको सँगसँगै सबैभन्दा बढी सामाजिक जवाफदेहीताको कानुन आवश्यकता रहेको औँल्याए। त्यसै गरी, कानुनमन्त्री नरहरी आचार्यले सामाजिक जवाफदेहीताको कानुनको आवश्यकतामा समर्थन गर्दै न्याय प्रणाली थुप्रै खालका अप्ठेरा र चुनौतीहरूले घेरिएको बताए। उनले विद्यमान कानुनमा पनि १८ महिनामा कुनै पनि मुद्दालाई छिन्नै पर्ने व्यवस्था छ। आवश्यकता हेरेर छिटो न्याय दिनुपर्ने कर्तव्य पनि रहेको उल्लेख गरे।




**कार्यक्रममा आफ्नो भनाइ राख्दै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल**

सोही क्रममा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९ ले न्यायोचित समयभित्र सुनुवाइ गरी पाउने अधिकारको व्यवस्था गरेकाले पनि द्रुत न्याय प्रणाली हककै रूपमा स्थापित गर्नुपर्ने अधिवक्ता गीता पाठकले बताइन। कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै पाठकले ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह हुने भएकाले पनि छिटो न्याय दिनुपर्नेमा जोड दिएकी थिइन्। घरेलु हिंसाबाट पीडितको मुद्दा हेर्न एउटा शीघ्र कारबाही अदालत गठन गर्नेतर्फ अध्ययन गराउनु जबरजस्ती करणी लगायतका घरेलु हिंसाबाट पीडित मुद्दा हेर्न उपलब्ध भएसम्म महिला न्यायाधीशबाट हेरिने गरी द्रुत न्याय अदालत गठन गर्नु भन्ने सर्वोच्चको आदेश आइसकेको अवस्थामा यस्तो अदालतको आवश्यकता बढेर गएको उनको भनाइ थियो।

कार्यपत्रमा टिप्पणी गर्दै अधिवक्ता एवम् पूर्व सभासद् एकराज भण्डारीले द्रुत न्याय अदालतको आवश्यकता भएको बताउँदै लैङ्गिक विभेद र गम्भीर प्रकृतिका अपराधका विषयलाई यसको कार्यक्षेत्र बनाउनुपर्ने बताए।

त्यसै गरी, अर्का टिप्पणीकर्ता अधिवक्ता गोविन्द बन्दीले न्याय ढिलो भएकाले, न्याय तथा फैसलाको कार्यान्वयनसमेत प्रभावकारी नभएकाले तथा न्यायप्रणाली सेवाग्राही मैत्री नभएकाले द्रुत न्याय अदालतको आवश्यकता परेको बताए।

वरिष्ठ अधिवक्ता एवम् नेपाल बार एसोसिएसनका अध्यक्ष हरिकृष्ण कार्कीले अहिलेकै न्याय पद्धतिबाट अघि बढ्दा द्रुत न्यायप्रणालीको लागि संरचना बनाए पनि न्याय प्राप्त हुन नसक्ने आशङ्का व्यक्त गरे।

उनले अदालतको काम कारबाही सेवाग्राही मैत्री बनाउनुपर्नेमा जोड दिएका थिए। त्यसका लागि न्यायिक क्षेत्रमा काम गर्ने मानिस मानसिकरूपमा नै तयार हुनुपर्नेमा समेत जोड दिएका थिए। साथै द्रूत न्याय प्रणालीका विषयमा भने कोही कसैले विरोध गर्नु नपर्ने तर काम कारबाही छिटो छरितो र सेवाग्राही मैत्री बनाउनुपर्नेमा जोड दिए। कार्यक्रमका अन्य सहभागीहरूले पनि द्रुत न्याय अदालतको आवश्यकतामा जोड दिएका थिए।

## वार्षिक क्षेत्रीय समीक्षा कार्यक्रम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यालयको संयोजन तथा इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा वार्षिक क्षेत्रीय कार्यक्रम/परियोजना समीक्षा तथा अनुभव आदान-प्रदान कार्यक्रम ०७१ असार ५ गते पोखरामा सम्पन्न भयो।

कार्यक्रममाबोल्दै इन्सेक केन्द्रीय कार्यालयका प्रशासन कार्यक्रम व्यवस्थापक प्रेम पराजुलीले इन्सेकद्वारा विगतमा नागरिक तथा राजनीतिक अधिकारका विषयमा मानवअधिकार सचेतना कार्यक्रम सञ्चालन गरिएकोमा आगामी दिनमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा केन्द्रित रहेर ग्रामीण स्तरमा कार्यक्रम सञ्चालन गरिने बताए। पराजुलीले इन्सेकले आगामी आर्थिक वर्षमा नयाँ रणनीतिका साथ १५ जिल्लाका ४५ गाविसमा कार्यक्रम सञ्चालन गरिने जानकारी दिए। इन्सेक पिएमई एकाइ प्रमुख पोषराज अधिकारीले कार्यक्रम सञ्चालनका क्रममा भोग्नु परेका समस्या, कार्यक्रमका उपलब्धिहरू, आगामी दिनमा गर्नुपर्ने कार्यहरू तथा सिकाइबारे समीक्षा गर्नका लागि कार्यक्रम आयोजना गरिएको बताए।




क्षेत्रीय समीक्षा कार्यक्रमका सहभागीहरू

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराका संयोजक भोला महतले इन्सेकले आगामी आर्थिक वर्षदेखि ग्रामीण क्षेत्रलाई केन्द्रित गरी नयाँ ढङ्गले कार्यक्रमहरू सञ्चालन गर्न लागेको बताउँदै पाँचओटै विकास क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको एकैसाथ समीक्षा गरिएको जानकारी दिए।

कार्यक्रममा इन्सेकद्वारा पाँचओटै विकास क्षेत्रका १० जिल्लामा सञ्चालित कार्यक्रमहरूको बारेमा जिल्लागत र क्षेत्रगतरूपमा सम्पन्न कार्यक्रमको बारेमा समीक्षा र अनुभव आदान-प्रदान गरिएको थियो।

## बालअधिकार महासन्धिको पूरक प्रतिवेदनमाथि छलफल

मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्रको सहकार्यमा तथा बालअधिकारसम्बन्धी महासन्धि (सिआरसी) रिर्पोटिङ सञ्जालको आयोजनामा 'बालअधिकार महासन्धिको पूरक प्रतिवेदनमाथि बालबालिका र सरोकारवालाहरूसँग परामर्श भेला' विषयक कार्यक्रम ०७१ असार ३ गते काठमाडौँमा सम्पन्न भयो।

छलफलबाट आएका सुझावहरू सङ्कलन गरी बालबालिकाको समस्यालाई उनीहरूकै मर्म र भावनाअनुसार उक्त प्रतिवेदन तयार पारी संयुक्त राष्ट्रमा पठाइने आयोजकले जनाए। प्रतिवेदनले बालअधिकारको स्थितिमा सुधार ल्याउन अन्तर्राष्ट्रिय चासो बढ्नुका साथै राज्यलाई यस विषयप्रति गम्भीर हुन नैतिकरूपमा दबाब पुग्ने सरोकारवालाहरूको ठम्याइ रहेको थियो।

प्रतिवेदनमाथिको छलफल कार्यक्रमका प्रमुख अतिथि तथा पूर्व महान्यायाधिवक्ता, प्राध्यापक डाक्टर युवराज सङ्ग्रौलाले प्रतिवेदनमा समयानुसार आमजनमानसमा आएको राजनीतिक, आर्थिक, सांस्कृतिक तथा मनोवैज्ञानिक विषयलाई विश्लेषण गरी वर्तमान समाजको ढाँचाअनुरूप समस्या र सुझावहरू औँल्याइनुपर्ने धारणा राखेका थिए।

संयुक्त राष्ट्रसङ्घमा प्रतिवेदन पठाउँदैमा समस्याहरूको निराकरण भइनहाल्ने भन्दै सङ्ग्रौलाले मुख्यत: मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घसस्थाहरू र राज्यबीचको दूरी कम गरी सहकार्य हुन सकेमात्र उपलब्धि हासिल गर्न सकिने बताए।

कार्यक्रमको बारेमा प्रकाश पार्दै सिआरसी सञ्जाल नेपालका संयोजक कृष्ण सुवेदीले पश्चात्य जगत्को तौरतरिकाले मात्र बालबालिकाको अधिकार रक्षा, सम्मान र प्रतिष्ठा सुरक्षित नहुने भन्दै त्यसका लागि आफ्नै संस्कार र संस्कृतिभित्र रहेर काम गर्नुपर्ने बताए।

केन्द्रीय बालकल्याण समितिको तर्फबाट तारक धितालले नागरिक समाजका अगुवाहरूले बालबालिका विषयमा राज्यलाई सचेत गराउनुका साथै जवाफदेही बनाउन निरन्तर लागिरहनुपर्ने बताए। उनले प्रतिवेदन भएका निर्जीव अक्षरहरूले मात्र खासै केही अर्थ नराख्ने र त्यसलाई चलायमान बनाउन सम्पूर्ण गैरसरकारी संस्था एक जुट भएर राज्यलाई सुझावसहितको दबाब सिर्जना गनुपर्नेमा जोड दिए।

कार्यक्रममा मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र, इन्सेक सचिवालयकी कार्यक्रम प्रमुख सम्झना श्रेष्ठले मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षाहरू पठाउन सचिवालय सफल भएको जानकारी गराइन्। उनले संयुक्त राष्ट्रसङ्घमा पठाइने प्रतिवेदन बालबालिकाको अधिकारका लागि सम्बन्धित सबै संस्थाहरूको सहकार्यबाट आएको साझा र तथ्यपरक हुनुपर्नेमा जोड दिइन्।

## वार्षिक साधारणसभा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजनामा 'इन्सेकको १९ औँ वार्षिक साधारणसभा' ०७१ जेठ २३ गते काठमाडौँमा सम्पन्न भयो। कार्यक्रममा बोल्दै इन्सकेका अध्यक्ष सुबोधराज प्याकुरेलले संयुक्त राष्ट्रसङ्घले प्रकाशन गरेको नेपाल द्वन्द्व प्रतिवेदन २०१२ ले इन्सेकको परिचय राष्ट्रिय तथा क्षेत्रीयस्तरको मात्रै मानवअधिकार संस्था नभई विश्वकै जिम्मेवार मानवअधिकार संस्था भएको बताए।

उनले इन्सेकले संविधानसभा निर्वाचन, २०७० को विद्युतीय पर्यवेक्षण गरिएको जानकारी दिँदै यसबाट संस्थालाई विद्युतीय व्यवस्थापन प्रणालीमा लैजाने मार्ग प्रशस्त बनेको र आगामी दिनमा विद्युतीय व्यवस्थापनमा लाग्ने बताए।

सोही दिन सम्पन्न इन्सेक साधारणसभाले सार्वजनिक महत्त्वका विभिन्न प्रस्तावहरू पारित गरेको थियो। साधारणसभाद्वारा पारित सार्वजनिक



**इन्सेकको १९ औँ साधारणसभामा उपस्थित सहभागीहरू**

प्रस्तावहरूमा ०७१ माघ ८ गतेभित्रै संविधानसभाबाट संविधान जारी गर्नुपर्ने, मानवअधिकार संस्कृतिको विकासमा राज्य गम्भीर भएर लाग्नुपर्ने, अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानलाई यसै व्यवस्थापिका संसद्बाट अविलम्ब अनुमोदन गर्नुपर्ने छन्।

त्यसै गरी, साधरणसभाबाट थाइल्याण्डमा भएको सैनिक 'कू' र नाइजेरियामा बोको हरामका गतिविधिको विरोध गर्दै मानवअधिकार तथा प्रजातान्त्रिक पद्धतिको विकास गर्न र प्रजातान्त्रिक आन्दोलनको समर्थन गर्ने प्रस्ताव पारित गरिएको छ।

साधारणसभाले पारित गरेको प्रस्तावमा 'राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारी लामो समयदेखि रिक्त भई आयोगका क्रियाकलापहरूमा समस्या उत्पन्न भएको र मानवअधिकारप्रति राज्यको प्रतिबद्धतामा नागरिकले शङ्का व्यक्त गर्न थालेकाले तत्काल आयोगका पदाधिकारीहरू नियुक्त गर्न हार्दिक माग गर्दछौं।' भनिएको छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन र व्यक्ति बेपत्ता पार्नेसम्बन्धी ऐन मानवअधिकारको अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको २०७० पुस १८ गतेको परमादेशविपरीत भएकाले ती ऐनहरूको अविलम्ब संशोधन र परिमार्जन गर्न सरकार तथा संसदलाई आग्रह गरिएको छ।

त्यसै गरी, विगत १३ वर्षदेखि स्थानीय निकाय जनप्रतिधिविहीन भएकाले तत्काल स्थानीय निकायको निर्वाचनको मिति घोषणा गरी निर्वाचन सम्पन्न गर्न समेत नेपाल सरकारसमक्ष माग गरिएको छ।

साधारणसभाले संस्थाका महासचिव लालबाबु यादवद्वारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष डा. मदन परियारद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरेको छ।

## इन्सेक र सेन्ट्रल मिचिगन विश्वविद्यालयबीच सम्झौता

इन्सेक र अमेरिकाको सेन्ट्रल मिचिगन विश्वविद्यालयबीच शैक्षिक आदान-प्रदान गर्ने सम्झौतामा ०७१ जेठ १२ गते इन्सेक केन्द्रीय कार्यालयमा हस्ताक्षर सम्पन्न भयो। इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले सो विश्वविद्यालयका प्रतिनिधि सहायक प्राध्यापक डा. प्रकाश अधिकारीको उपस्थितिमा उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। सम्झौतामा सेन्ट्रल मिचिगन विश्वविद्यालयमा इन्सेकका कर्मचारीलाई अध्ययनका लागि पठाउने, सेन्ट्रल मिचिगन विश्वविद्यालयका विद्यार्थीलाई नेपालमा अध्ययनको वातावरण तयार गर्ने, सो विश्वविद्यालयका प्राध्यापकहरूलाई छोटा अवधिका शैक्षिक कार्यक्रमका लागि नेपाल भ्रमणको सम्भाव्यता खोज्ने, विश्वविद्यालयका विद्यार्थीहरूलाई नेपालमा इन्टर्नसीपका लागि अवसर खोज्ने, नेपाल तथा दक्षिण एशियाका विद्यार्थीलाई सो विश्वविद्यालयमा अध्ययनका लागि अग्रसर गराउने, इन्सेक र सो संस्था मिलेर विभिन्न खालका अनुसन्धान गर्नेलगायतका विषयहरू समेटिएका छन्। सम्झौतामा हस्ताक्षर गर्दै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरलले इन्सेकका कर्मचारीहरूको क्षमता अभिवृद्धिमा सम्झौता फलदायी हुने बताए।

सेन्ट्रल मिचिगन विश्वविद्यालयका सहायक प्राध्यापक डा. प्रकाश अधिकारीले इन्सेकले मानवअधिकारको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्झौता गरिएको बताए। उनले भने अमेरिका सरकारको सेन्ट्रल मिचिगन विश्वविद्यालयले गैरसरकारी संस्थासँग गरेको यो पहिलो सम्झौता हो। हस्ताक्षर समारोहमा इन्सेकको कार्यकारी निर्देशक विजयराज गौतमको पनि उपस्थिति रहेको थियो।




**समझदारी पत्रमा हस्ताक्षर क्रममा इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल, सेन्ट्रल मिचिगन विश्वविद्यालयका सहायक प्रा. डा. प्रकाश अधिकारी र इन्सेक कार्यकारी निर्देशक विजयराज गौतम**

## क्षमता अभिवृद्धि तालिम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यालयको संयोजन तथा इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा Outcome and Impact Orientation (OIO) ०७१ वैशाख २५ देखि २७ सम्म सञ्चालन भयो। समग्र कार्यक्रमको उपलब्धि र प्रभाव मापन गर्ने तौरतरिका सम्बन्धमा सञ्चालित उक्त तालिममा इन्सेकका पाँच क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालयका इन्सेक कर्मचारी सहभागी भएका थिए।




**नेपालगञ्जमा आयोजित तालिमका सहभागीहरू**

कार्यक्रममा मध्यपश्चिम क्षेत्रीय कार्यालयका क्षेत्रीय संयोजक शिव खकुरेलले सहभागीहरूलाई स्वागत गर्दै तालिम पिएमई पद्दतिअनुसार सञ्चालन गरिएको बताए। इन्सेक केन्द्रीय कार्यालयका पिएमई प्रमुख पोषराज अधिकारीले तालिमको उद्देश्यमाथि प्रकाश पार्दै विगतका दिनमा गतिविधि प्रतिवेदनमा बढी केन्द्रित भए पनि सम्पन्न कामको उपलब्धि र प्रभाव के भयो भन्ने कुरा महत्त्वपूर्ण हुने बताए। पिएमई प्रमुख अधिकारीले सबैको बुझाइलाई समान बनाउन आवश्यक रहेको बताउँदै आगामी परियोजनाहरूमा यस तालिमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

तालिममा केन्द्रीय कार्यालयका व्यवस्थापन प्रमुख प्रेम पराजुली, मानवअधिकार प्रलेख तथा प्रसार कार्यक्रमका प्रमुख मदन पौडेल, पिएमई एकाइका अधिकृत श्याम चन्द, वर्षपुस्तक तथा अनलाइन

एकाइका नीर लामा, मानवअधिकार शिक्षा कार्यक्रमका व्यवस्थापक सुशील चौधरी, इन्सेक केन्द्रीय कार्यालयका वरिष्ठ अधिकृत सम्झना श्रेष्ठ, इन्सेक केन्द्रीय कार्यालय अधिकृत विवेशिखा भुर्तेललगायतको सहभागिता रहेको थियो। उक्त तालिममा दातृनिकाय Bread for the World (BftW) की Consultant बसुधा गुरुङले सहजीकरण गरेकी थिइन्।

## आर्थिक सहयोग प्रदान

दाइजो नल्याएको भन्दै परिवारका सदस्यद्वारा मट्टितेल छर्केर जलाइएकी बाँके जिल्ला लक्ष्मणपुर गाविस-८ मियापुरकी १९ वर्षीया रिहाना सेख ढपालीलाई अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आर्थिक सहयोग प्रदान गरेको छ। इन्सेक कार्यकारी निर्देशक विजयराज गौतमले ०७१ वैशाख ३० गते वीर अस्पतालमा उपचारार्थ पीडित रिहानालाई भेटी पीडितको बुबा समिम सेख ढपालीलाई ७ हजार रुपियाँ आर्थिक सहयोग प्रदान गरेका थिए।



**पीडितका आफन्तलाई सहयोग रकम हस्तान्तरण गर्दै इन्सेकका कार्यकारी निर्देशक विजायराज गौतम (दायाँ)**

इन्सेक कार्यकारी निर्देशक गौतम, मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतम, इन्सेक केन्द्रीय कार्यालयका विमलचन्द्र शर्मा, मध्यमाञ्चल क्षेत्रीय कार्यालयका राजु पासवान समिलित टोलीले रिहानाको स्वास्थ्य उपचार सम्बन्धमा जानकारीसमेत लिएका थिए। वीर अस्पतालका कार्यकारी निर्देशक डा. बुलन्द थापाले पीडितलाई ढिलो गरेर उपचारका लागि यहाँ ल्याइएको र घाइतेको गम्भीरतापूर्वक उपचार भइरहेको इन्सेक टोलीलाई बताए।

***मानवअधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको***

## मानवअधिकार शिक्षा कार्यक्रम



**रेडियो नेपालबाट**
**शनिबार बिहान ८:२५ बजेदेखि ८:४० बजेसम्म**
**तथा एफएम स्टेशनबाट**
**आइतबार बिहान ८:२५ बजेदेखि ८:४० बजेसम्म**

- ० भिजन एफ.एम ९१.६, झापा
- ० पूर्वेली आवाज ९८.४, मोरङ
- ० रेडियो परिवर्तन ८९.४, सुनसरी
- ० रेडियो समग्र १०७.८, सिरहा
- ० रेडियो तीनलाल ८८.६, रामेछाप
- ० रेडियो मकवानपुर १०१.३, मकवानपुर
- ० मेरो एफएम ९३.५, काठमाडौँ
- ० रेडियो चितवन ९४.६, चितवन
- ० रेडियो गण्डकी ९०.२, कास्की
- ० रेडियो तनहुँ ९७.२, तनहुँ
- ० रेडियो स्काई ८८.४, गुल्मी
- ० कृष्णसार एफएम, कारकाँदो ९४, बाँके
- ० रेडियो भेरी ९८.६, सुर्खेत
- ० शैलेश्वरी एफएम ९३.६, डोटी
- ० बझाङ रेडियो बाजुरा १०४, बाजुरा
- ० सौगात एफएम १०३.६, बैतडी
- ० अमरगढी एफएम ९७.४, डडेल्धुरा
- ० महाकाली एफएम ९४.४, कञ्चनपुर
- ० रेडियो मदन पोखरा १०६.९, पाल्पा
- ० यो कार्यक्रम आफूले चाहेका बखत

www.insec.org.np /www.nepalmediaonline.com
लग अन गरी
संसारका जुनसुकै स्थानमा पनि सुन्न सक्नुहुन्छ।

*हरेक आइतबार बिहान ७:३० बजेदेखि ८ बजेसम्म एकै समयमा प्रशारण भइरहेको छ।*

***सुन्न नबिर्सनु होला !***

# क्षेत्रीयस्तरका कार्यक्रम

## पूर्वाञ्चल क्षेत्रीय कार्यक्रम

### संवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), स्थानीय शान्ति समिति र राष्ट्रिय मानवअधिकार आयोगको संयुक्त आयोजनामा 'सङ्क्रमणकालीन न्याय र बेलबारी हत्याकाण्ड' विषयक संवाद कार्यक्रम ०७१ वैशाख १२ गते बेलबारीमा सम्पन्न भयो। उक्त संवाद कार्यक्रममा घटनाको आठ वर्ष बितिसक्दा पनि पीडितले न्याय क्षतिपूर्ति र पीडकहरूलाई कारबाही नभएको सहभागीहरूले गुनासो गरेका थिए। उक्त कार्यक्रममा इन्सेक क्षेत्रीय संयोजक सोमराज थापाले घटनाको प्रत्यक्षदर्शी समेत रहेकोले मुलुकमा राजनीतिक परिवर्तन हुनुका साथै आयोग बन्यो तर यति बेलासम्म घटनाका पीडितहरूले राज्यबाट किन न्याय तथा क्षतिपूर्ति पाउन सकेन भन्ने विचार राख्दै घटनामा कहाँ चुकेको छ भन्ने खोजी गर्दै न्याय र पीडकलाई कानुनी कठगरामा उभ्याउनका लागि हामी सरोकारवालाहरू लाग्नु पर्नेमा जोड दिए।

सोही कार्यक्रममा यो घटनालाई आयोगले महत्त्वपूर्ण रूपमा लिएको छ। यो घटना अन्याय हुनुका साथै राज्यबाट भएकोले आयोगबाट घटनाका दोषीलाई कानुनी कारबाही र पीडित राहत तथा क्षतिपूर्तिका लागि ०६६ पुसमा सरकारलाई सिफारिस गरिसकेको राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक कोषराज न्यौपानेले स्पष्ट पारेका थिए।




संवाद कार्यक्रमका सहभागीहरू

बेलबारी घटनाका बारेमा छानविन समितिका इनर राईले घटनाको तथ्यगत बुझ्दा सेनाले सपना गुरुङलाई बलात्कारपछि हत्या गरेको अन्यौल नै छ भने सोही घटनामा अन्य सात जना समेतले ज्यान गुमाउनु परेको धारणा राखे। हालसम्म पीडित परिवारले सरकारबाट पाउनुपर्ने क्षतिपूर्ति उपचार खर्च तथा पीडकलाई कानुनी कारबाही हुन नसेकोप्रति दु:ख व्यक्त गरे।

कार्यक्रमका प्रमुख अतिथि तथा पूर्व सभासद् हर्कमान तामाङले घटनाको छानविन गर्न तत्कालीन परी थापाको संयोजकत्वमा तथ्यगत बुझी राहतको लागि गरिएको सिफारिस हालसम्म कार्यान्वयन हुन नसकेको गुनासो पोखे। सङ्क्रमणकालीन अवस्थामा भएका घटनाहरूलाई सत्यनिरूपण तथा मेलमिलाप आयोग बनाई पीडितहरूलाई न्याय तथा क्षतिपूर्ति र पीडकलाई कारबाही गर्न सहभागी वक्ताहरूले विचार राखेका थिए।

कार्यक्रमका गाविस सचिव खगेन्द्र गिरी, एमाओवादीका प्रतिनिधि धर्म कट्टेल, महिला शान्ति अनुसन्धान तथा विकास केन्द्रकी सन्जु साहलगायतले आफ्नो विचार राखेका थिए। कार्यक्रम स्थानीय शान्ति समितिका अध्यक्ष हेमसागर ढकालको अध्यक्षतामा सम्पन्न भएको थियो भने घटनाका पीडित, दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, पत्रकारलगायतको सहभागिता रहेको थियो।

### अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) विराटनगर तथा गाउँ विकास समिति लेटाङको संयुक्त आयोजनामा 'शान्ति, सुरक्षा र मानवअधिकार संरक्षणका लागि सरोकारवालाहरूको भूमिका' विषयक अन्तरक्रिया ०७१ वैशाख २९ गते लेटाङ गाविसमा सम्पन्न भयो। उक्त कार्यक्रममा वडा नागरिक मञ्च, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, क्याम्पस प्रमुख विद्यालयका प्रधानाध्यापकलगायतको सहभागिता रहेको थियो।




**अन्तरक्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै इन्सेक क्षेत्रीय संयोजक सोमराज थापा**



**अनुगमनका क्रममा मोरङ जिल्ला प्रशासन कार्यालयका सहभागीहरू**

सो अवसरमा सरोकारवालाहरूलाई शान्ति सुशासन र मानवअधिकार संरक्षणका लागि छलफल भएको गाविस सचिव गणेश कार्कीले जानकारी दिए।

अन्तरक्रिया कार्यक्रममा मानवअधिकारका आधारभूत अवधारणा, यसका सिद्धान्तहरू, सीमा तथा पक्षहरूका बारेमा इन्सेक क्षेत्रीय संयोजक सोमराज थापाले छलफल तथा सहजीकरण गरेका थिए। कार्यक्रममा सामाजिक सुरक्षाको निम्ति प्रहरी तथा नागरिकको भूमिका विषयमा इलाका प्रहरी कार्यालय बेलबारीका प्रहरी निरीक्षक नवराज कार्कीले छलफल चलाएका थिए। सहभागीहरूले मानवअधिकार तथा अपराधका विषयमा राखिएका जिज्ञासामाथि प्रष्ट पार्दै यहाँ अपराधी न्यायप्रणाली भएकोले पीडितको पक्षमा उचित न्याय तथ क्षतिपूर्ति पाउँदैनन् र मानवअधिकारको विषयमा यही ठाउँमा प्रश्न उठने गरेको निरीक्षक कार्कीले प्रष्ट्याएका थिए। घरेलु हिंसा र महिला अधिकारसम्बन्धीमा गाउँ घरमा भएका घटनाहरूमाथि राखेको जिज्ञासाहरूको बारेमा कोकनका मञ्जीता उपाध्यायले प्रष्ट पारेकी थिइन्। त्यसै गरी, शान्ति सुशासन र मानवअधिकार संरक्षणको लागि राष्ट्रिय मानवअधिकार आयोगसहित सरोकारवालाहरूको भूमिका बारेमा आयोगका क्षेत्रीय निर्देशक कोषराज न्यौपानेले छलफल चलाएका थिए। शान्ति सुशासन र मानवअधिकारका दृष्टिकोणमा कुनै पनि घटनाको विषयमा प्रहरीमा उजुरी पर्दा पहिले सुन्नुपर्छ अनि मात्र थुन्नुपर्छ जस्ता मानवअधिकारसँग सम्बन्धित विषयमा अन्तरक्रिया भएको थियो।

## सेवाप्रदायक निकायको अनुगमन

मानवअधिकारकर्मीहरूको एक टोलीले विराटनगर उपमनपामा तीन सातादेखि फैलिएको 'जण्डीस प्रकोपको कारण र समाधानको उपाय' विषयक ०७१ जेठ १ र २ गते सेवा प्रदायक निकायको अनुगमन सम्पन्न भयो।

टोलीले जिम्मेवार निकायलाई अझ बढी जवाफदेही बनाउने उद्देश्यले नेपाल खानेपानी संस्थान, क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कोसी अञ्चल अस्पताल, विराटनगर उमनपाको कार्यालय, जिल्ला जनस्वास्थ्यको कार्यालय र जिल्ला कारागारको अनुगमन गरेको हो।

अनुगमनका क्रममा टोलीले कोसी अञ्चल अस्पतालका मेसु डा. तपेश्वरलाल कर्ण, जिल्ला जनस्वास्थ्य प्रमुख नवराज सुब्बा, जिल्ला कारागार मोरङका जेलर दुर्गादत्त पौडेल, क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्यअधिकृत हेमन्त पराजुली र विराटनगर उमनपाका कार्यकारी अधिकृत प्रदीपकुमार निरौलासँग भेटेर जानकारी लिएको थियो।

जिम्मेवार निकायलाई अझ बढी जवाफदेही बनाउन अनुगमनका क्रममा प्राप्त भएका महत्त्वपूर्ण सल्लाह र सुझावहरू एक कार्यक्रममार्फत सार्वजनिक गरिने इन्सेक क्षेत्रीय संयोजक एवम् टोलीका सदस्य सोमराज थापाले बताए। सो अनुगमन टोलीमा राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरका निर्देशक कोषराज न्यौपाने, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का क्षेत्रीय संयोजक सोमराज थापा, इन्सेक जिल्ला संयोजक बागमती कट्टेल, कोकनका संयोजक मञ्जीता उपाध्याय, रिडेफका अध्यक्ष उमेश विश्वकर्मा, ओरेकका कार्यक्रम अधिकृत कमल कोइराला र एड्भोकेसी फोरमका विकास बस्नेत रहेका थिए।

## सञ्जालको बैठक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय संयोजक तथा पूर्वाञ्चल मानवअधिकार सञ्जालका अध्यक्ष सोमराज थापाको अध्यक्षतामा पूर्वाञ्चल मानवअधिकार सञ्जालको बैठक ०७१ जेठ १ गते इन्सेक क्षेत्रीय कार्यालय विराटनगरमा सम्पन्न भयो। बैठकले जण्डीस प्रकोप नियन्त्रणमा सरकारी निकायका प्रमुख सरोकारवाला कार्यालयको भूमिकामा अनुगमन गर्ने तथा मोरङ जिल्लामा महिला सुरक्षा गृहको भवन निर्माणका लागि जग्गा खोज्ने प्रस्तावहरूमा छलफल गरी निर्णयसमेत गऱ्यो। सञ्जालको बैठकमा स्थानीय विकास अधिकारी शिवराम पोखरेल, राष्ट्रिय मानवअधिकार आयोगका निर्देशक कोषराज न्यौपाने तथा गैसस महासङ्घका क्षेत्रीय अध्यक्ष त्रिलोक न्यौपानेसहित विभिन्न सङ्घसस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सरकारी निकायका प्रमुख सरोकारवाला निकायहरूको जण्डीस प्रकोप नियन्त्रण विषयमा अनुगमन गर्नका लागि मानवअधिकार आयोगको नेतृत्वमा सात सदस्यीय मानवअधिकार अनुगमन टोलीसमेत गठन गरियो। टोलीमा राष्ट्रिय मानवअधिकार आयोगका कोषराज न्यौपाने, इन्सेकका सोमराज थापा र बागमती कट्टेल, एड्भोकेसी फोरमका विकास बस्नेत, कोकनका मञ्जीता उपाध्याय, ओरेकका कमल कोइराला र रिडेफ नेपालका उमेश विश्वकर्मा रहेका थिए। अनुगमन टोलीले जेठ १ र २ गते विराटनगर उपमहानगरपालिका, जिल्ला जनस्वास्थ्य, कोसी अञ्चल अस्पताल, खानेपानी संस्थान, खाद्य तथा गुण नियन्त्रण कार्यालय र जिल्ला कारागारका प्रमुखहरूसँग भेटी तथ्यसङ्कलन गर्ने निर्णय गऱ्यो। त्यसै गरी, महिला सुरक्षागृह बनाउनका लागि जिल्ला विकास समितिले छुट्याएको बजेट १५ लाख रहेको तर सुरक्षागृहका लागि जग्गा नभएका कारण नगरपालिका कार्यकारी अधिकृतलाई भेटी जग्गा उपलब्ध गराई माग्ने त्यसका लागि महिला तथा बालवबलिका कार्यालयलाई बैठक राख्न अनुरोध गर्ने निणयसमेत गरियो।



**सञ्जाल बैठकमा छलफलका क्रममा सहभागीहरू**

## जिल्लास्तरीय अन्तरसंवाद कार्यक्रम

अनौपचारिक क्षेत्रसेवा केन्द्र (इन्सेक), राष्ट्रिय मानवअधिकार आयोग र पूर्वाञ्चल मानवअधिकार सञ्जालको आयोजना तथा इन्सेक क्षेत्रीय संयोजक सोमराज थापाको अध्यक्षतामा जिल्लास्तरका सेवाप्रदायक र सेवाग्राहीबीच 'जण्डीस प्रकोप नियन्त्रण र स्वास्थ्य अधिकार' विषयक अन्तरसम्बाद कार्यक्रम ०७१ जेठ ८ गते विराटनगरमा सम्पन्न भयो। प्रमुख जिल्ला अधिकारी गणेशराज कार्कीको प्रमुख आतिथ्यता भएको सो कार्यक्रममा जिल्लास्थित सरकारी निकायका सेवाप्रदाकहरू विराटनगर उपमहानगरपालिकाका कार्यकारी अधिकृत श्री प्रदिपकुमार निरौला, जिल्ला जनस्वास्थ कार्यालयका वरिष्ठ जनस्वास्थ प्रशासक श्री नवराज सुब्बा, कोशीअञ्चल अस्पतालका मेडिकल सुपरीटेण्डेन्ट डा. तपेश्वरलाल कर्ण, खाद्य तथा गुण नियन्त्रण क्षेत्रीय कार्यालयका प्रमुख श्री उपेन्द्र राय, जिल्ला कारागार मोरङका प्रमुख श्री दुर्गादत्त पौडेल, नेपाल खानेपानी संस्थान विराटनगरका अधिकृत श्री रत्नप्रसाद राजवंशी अतिथिको रूपमा रहेका थिए। कार्यक्रममा उद्योग सङ्गठन मोरङका प्रथम उपाध्यक्ष मुकेश उपाध्याय, जिल्ला वारका अध्यक्ष अधिवक्ता विनयराज पाण्डे, पत्रकार महासङ्घका केन्द्रीय सदस्य गणेश लम्साल, पत्रकार महासङ्घ मोरङका जिल्ला अध्यक्ष महेन्द्र विष्ट, एनजिओ फेडेरेसनका क्षेत्रीय अध्यक्ष त्रिलोक न्यौपाने, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू राजनीतिक दलका प्रतिनिधिहरू नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा विराटनगरमा चैत तेस्रो सातादेखि देखा परेको जण्डीस हेपाटाइटिस इ रोगको नियन्त्रण तथा नगरवासीको स्वास्थ्य अधिकारका लागि सरकारी निकायका सरोकारवालाहरूले गरेका कामहरू बारेमा इन्सेक र राष्ट्रिय मानवअधिकार आयोगको नेतृत्वमा सात सदस्य टोलीद्वारा गरिएको अनुगमनको प्रतिवेदन राष्ट्रिय मानवअधिकार आयोगका निर्देशक कोषराज



**कार्यक्रममा आफ्ना भनाइ राख्दै राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक कोषराज न्यौपाने**

न्यौपानेले प्रस्तुत गरेका थिए। अनुगमान प्रतिवेदनमा अनुगमन गर्दा पाइएका कार्यालयगत तथ्यहरू तथा पत्रपत्रिकामा आएका तथ्यहरूको विश्लेषण गरी निष्कर्षसहित सुझाव पेश गरिएको थियो। छलफल कार्यक्रमलाई सहभागीहरूबाट जिज्ञासा सङ्कलन गरियो। सम्बन्धित कार्यालका लागि आएका जिज्ञासमा कार्यालय प्रमुखहरूले प्रष्ट पारेका थिए।

कार्यक्रममा इन्सेक क्षेत्रीय संयोजक सोमराज थापाले जिम्मेवार निकायबाट धेरै समस्याका हल हुने भएकोले हामीले पनि आफ्नो ठाउँबाट सहयोगीको भूमिका खेल्नुपर्ने औँल्याए। उक्त कार्यक्रममा सहभागीहरूबाट आएका जिज्ञासा तथा प्रश्नहरूको जवाफ जिम्मेवार निकायहरूका प्रमुखहरू कोसी अञ्चल अस्पतालका मेसु डा. तपेश्वरलाल कर्ण, जिल्ला जनस्वास्थ्य प्रमुख नवराज सुब्बा, खानेपानी संस्थानका अधिकृत रत्नप्रसाद राजवंशी, क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख उपेन्द्र राय र विराटनगर उमनपाका कार्यकारी अधिकृत प्रदीपकुमार निरौलालगायतले दिएका थिए।

कार्यक्रमका प्रमुख अतिथि तथा प्रमुख जिल्ला अधिकारी गणेशराज कार्कीले जण्डीसको प्रकोप दुषित खानेपानीबाट फैलिएको पुष्टी भइसकेपछि जनसमूदायलाई सचेत बनाउन विभिन्न छलफल तथा अन्तरक्रिया गरी जनचेतना गराएको बताए। खानेपानी प्रदुषणमा संलग्न भएका ५२ जना लाई २५ सय रुपियाँ देखि १५ हजार रुपियाँसम्मको जरिवाना गरी कारबाही गरीसकेको प्रमुख जिल्ला अधिकारी कार्कीले जानकारी दिए।

## टेलिभिजन संवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) विराटनगरको आयोजनमा 'नि:शुल्क तथा गुणस्तरीय शिक्षाको प्रभावकारीता र सरोकारवालाहरूको भूमिका' विषयक टेलिभिजन संवाद कार्याक्रम ०७१ जेठ २१ गते मोरङको विराटनगरमा सम्पन्न भयो। कार्यक्रमको प्रारम्भमा मोरङका शिक्षा पत्रकार विक्रम लुँइटेलले मोरङमा नि:शुल्क र गुणस्तरीय शिक्षाको सवाल विषयक छलफल पत्र प्रस्तुत गरेका थिए।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै क्षेत्रीय संयोजक सोमराज थापाले शैक्षिक क्षेत्रमा विशेषगरी सामुदायिक विद्यालमा आएका समस्याहरू र त्यसलाई सरकारी निकायबाट गरिने पहलका बारेमा खुलेर छलफल होस् र समाधानका लागि निकास निस्कन सकोस् भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको बताए।




**संवाद कार्यक्रमका अतिथि तथा प्रस्तोताहरू**

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक कोषराज न्यौपानेले शिक्षा नि:शुल्क मात्र भएर पुग्दैन अनिवार्य पनि गरिनुपर्छ, निजी र सरकारी भनेर विभेदकारी हुन नहुने बताए। जिल्ला शिक्षा अधिकारी योगेन्द्र बरालले सामुदायिक र निजी विद्यालयको शिक्षाको प्रतिफलबारे तुलना गर्न नमिल्ने भन्दै शिक्षाको गुणस्तर कायम गर्न परीक्षा पद्धतिमा आमूल सुधार गर्नुपर्ने आवश्यकता रहेको बताए। शिक्षक युनियनका जिल्ला अध्यक्ष पीतकुमार श्रेष्ठले सामुदायिक विद्यालयका शिक्षकहरूलाई सरकारले नाम मात्रको तालिम दिएर दक्ष भनेको छ तर गुणस्तरीय नभएको कारण उनीहरूले सञ्चालन गरेका विद्यालयको व्यवस्थापकीय पाटो कमजोर हुन गई शैक्षिक गुणस्तर पनि खस्किएको बताए।

उक्त संवाद कार्यक्रममा नागरिक अगुवा डाक्टर भेषप्रसाद धमलाले शिक्षाको सम्पूर्ण दायित्व सरकारले मात्र लिनुपर्छ भन्ने गलत मान्यताका कारण निजी क्षेत्र जिम्मेवार जवाफदेही हुन नसकेको विषयमा नियम गर्ने निकायले व्यवस्थापन गर्न नसक्दा शिक्षा क्षेत्र प्रभावकारी र गुणस्तरीय हुन नसकेको बताए। कर्मवीर मावि हात्तीमुडाका प्रधानाध्यापक शम्भुप्रसाद खतिवडाले सामुदायिक विद्यालयमा पढ्ने अधिकांश विद्यार्थीहरू गरिब र निम्न वर्गका हुने हुँदा दैनिक विद्यालयमा उपस्थित हुन नसकेका कारण र अभिभावकले पनि आफ्ना सन्तानको पढाइका बारेमा ध्यान दिन नसक्दा गुणस्तर कायम हुन नसकेको बताए। गैरसरकारी संस्था महासङ्घ जिल्ला तथा क्षेत्रीय अध्यक्ष त्रिलोक न्यौपानेले शैक्षिक गुणस्तर वृद्धि गर्न सामुदायिक विद्यालयको अनुगमन प्रभावकारी बनाउनु जरुरी भएको बताए।

जिल्ला शिक्षा अधिकारी योगेन्द्र बरालको प्रमुख अतिथ्यतामा सम्पन्न कार्यक्रममा ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयका शिक्षक, व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षक सङ्गठनका प्रतिनिधिहरू, विद्यार्थी, नागरिक समाजका प्रवुद्ध व्यक्तिहरू, जिल्ला शिक्षा अधिकारी, शिक्षक युनियनका अध्यक्ष, प्याब्सनका प्रतिनिधि, गैरसरकारी संस्था महासङ्घ जिल्ला तथा क्षेत्रीय अध्यक्ष तथा पदाधिकारीहरू सञ्चारकर्मीलगायत ७१ जनाको सहभागिता रहेको थियो।

## शैक्षिक गुणस्तर विषयक छलफल

इन्सेक विराटनगरको आयोजनामा 'शैक्षिक गुणस्तर वृद्धि' विषयक छलफल कार्यक्रम ०७१ जेठ १४ गते हातिमुडा गाविस-३ स्थित कर्मवीर माविमा सम्पन्न भयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विश्वराज बरालको अध्यक्षतामा सम्पन्न उक्त छलफल कार्यक्रममा जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक गोविन्द दाहाल, टंकी स्रोत केन्द्रका स्रोत व्यक्ति टङ्क न्यौपाने, शिक्षक अविभावक सङ्घका अध्यक्ष लालवीर सरदार, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, अविभावकहरू, बालअधिकार चेतना समूहका पदाधिकारीहरू, प्रधानाध्यापक तथा शिक्षकहरू र एनसीडिसीका नरोत्तम श्रेष्ठ र इसा गौतमसहितको सहभागिता रहेको थियो। उक्त छलफल कार्यक्रममा विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरलाई वृद्धि गर्ने प्रेरणास्वरूप उत्कृष्ट विद्यार्थी र उत्कृष्ट आमा सम्मान कार्यक्रमको पनि आयोजना गरेको थियो। सो अवसरमा विद्यालयमा नियमित पठनपाठन गर्न आउने विद्यार्थी तथा नियमित अध्ययन गराउनमा विद्यालय पठाउन सहयोग पुऱ्याउने आमा अभिभावकमध्ये उत्कृष्ट चार जना आमालाई सम्मानित गरेको थियो।


सम्मानित आमा तथा विद्यार्थीहरू

त्यसै गरी, विद्यालयमा नियमित अध्ययन गर्न आउने विद्यार्थीहरूमध्ये कक्षा ६ को परीक्षामा ८५ प्रतिशत अङ्क ल्याएर सर्वोत्कृष्ट भएका नविन सरदारसहित ८० प्रतिशतभन्दा माथि अङ्क ल्याएर उत्कृष्ट हुने विद्यार्थीहरू अमित कार्की, ८४.५ प्रतिशत, यसु धमला, ८३ प्रतिशत, विजया दाहाल ८० प्रतिशतलाई पुरस्कारसहित प्रशंसापत्रले जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक गोविन्द दाहालले सम्मानित गरेका थिए। त्यसै गरी, कार्यक्रममा विद्यालयलका ८, ९ र १० का कक्षा शिक्षकले विद्यार्थीहरूको वैशाख र जेठ महिनाको हाजिरी रेकर्ड पनि अभिभावकहरूलाई सुनाएका थिए।

आफ्ना विद्यार्थीलाई नियमित विद्यालय पठाउन सकृय हुनु पर्नेमा जोड दिँदै इन्सेकका बागमती कट्टेल, एनसिडिसीका नरोत्तम श्रेष्ठ, शिक्षक अभिभावक सङ्घका अध्यक्ष लालवीर सरदार, प्रधानाध्यापक शम्भु खतिवडा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विश्वराज बराललगायतले आफ्नो विचार राखेका थिए।

## सेवाग्राही र सेवाप्रदायकबीच अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक विराटनगरको आयोजनामा सेवाग्राही र सेवाप्रदायकबीच 'शिक्षा, स्वास्थ्य, कृषि र खाद्य अधिकार' विषयक



कार्यक्रमबारे जानकारी गराउँदै इन्सेककी बाग्मती कट्टेल

अन्तरक्रिया कार्यक्रम २०७० असार ३ गते हात्तिमुडा गाविसमा सम्पन्न भयो। कार्यक्रममा इन्सेक क्षेत्रीय संयोजक सोमराज थापाले कार्यक्रमको औचित्यमाथि प्रष्ट पार्दै स्थानीय निकायका सेवाप्रदायक कार्यालयले आर्थिक परिवर्तनका लागि सुशासन, पारदर्शिता, जवाफदेहितालगायतका कुरा अहिलेको आवश्यकता भएकोले ती निकायका प्रमुखहरूले अनुशरण गर्न जरुरी रहेको बताए।

गाविस सचिव हरिप्रसाद उप्रेतीको अध्यक्षतामा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रममा राजनीतक दलका प्रतिनिधि, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र, उपस्वाथ्यचौकीका प्रमुखहरू, हात्तिमुडा गाविसमा रहेका मावि, निमावि र प्राविका प्रधानाध्यापकहरू, गाविसस्तरीय विभिन्न सञ्जालहरू महिला सञ्जाल, अन्तरपार्टी महिला सञ्जाल, युवा सञ्जालका, बालबालिका सञ्जालका अध्यक्षहरू, वडा नागरिक मञ्चका संयोजकहरू र महिला स्वास्थ्य स्वयम्सेविकाहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागीहरूले शिक्षा, स्वास्थ्य, पशु र कृषि तथा खाद्यका विषयमा सहभागीहरूले जिज्ञासा राखेका थिए।

स्वास्थ्यको विषयमा दुई वटा खोप केन्द्रको छानो हावाले उठाएपछि त्यहाँबाट बालबालिकाका लागि दिइने सुविधामा समस्या रहेको, ठूलो विरामीको औषधी र विशेषज्ञ नहुने भएकोले ठूलो आशा बोकेर आएका विरामीहरूलाई विराटनगर रेफर गर्नुपर्ने जानकारी उपस्वास्थ्य चौकीका इन्चार्ज किशोरकुमार सरदारले दिए। स्वास्थ्य, शिक्षा, कृषि, पशु, खाद्यलगायतमा यहाँका मानिसहरूमा चेतनाको कमी भएकोले गाविसस्तरबाट बनाइने योजनामा एक टोल एक मानिस राखेर योजना बनाई कार्यान्वयन गर्दा प्रभावकारी हुने एमालेका गोविन्द कुँवरले आफ्नो विचार राखे। त्यसै गरी, पोठिया प्राविका शिक्षक ध्रुव आचार्यले विद्यालयमा आर्थिक अभावका कारण विद्यार्थी भर्ना दर बढाउन नसकेको तथा विद्यार्थीको पाठयपुस्तकसमेत गुणस्तरीय नभएको साथै गाविसबाट विनियोजित भएका बालबालिकाको रकम राजनीतिक संयन्त्रका प्रतिनिधिले चलाएको, पशु सेवा केन्द्र डङ्ग्राहाका प्रमुख शिवराम केसीले भने यस केन्द्रबाट तीन वटा गाविस हेर्नुपर्ने भएकोले केन्द्रबाट दिनुपर्ने सेवा सुविधाहरू दिन नसकिएको बताए। सो अन्तरक्रियामा सेवाग्राहीले राखेका जिज्ञासाहरूलाई गाविस सचिव तथा कार्यक्रमको अध्यक्ष हरिप्रसाद उप्रेतीले प्रष्ट्याएका थिए। उनका अनुसार योजनाहरू पारित भएर आएपछि सोहीअनुसार काम हुँदै आएको छ। गाविसले ठूलो रकम विद्यालयको लागि विनियोजन गरेको छ, गाविसस्तरीय बालसञ्जालको क्षमता अभिवृद्धिका लागि ५० हजार रुपियाँको अक्षयकोष निर्माणका लागि ५० हजार रुपियाँ र अन्य बालबालिका खर्चका लागि गरी १ लाख पचास हजार रुपियाँ कर्मवीर माविमार्फत रकम छुट्याइएको कुरा बताउँदै आगामी दिनमा वडास्तरका योजनाहरूलाई अनुगमनपछि मात्र छनौट गर्ने सिकाइ भएको र गाविसमा भएका स्रोत साधनहरूलाई समयमा सदुपयोग गर्न नसकिएको स्वीकार गर्दै जनप्रतिनिधिहरूको चुनाव भएमा मात्र जनताहरूले चाहेअनुसार सेवा पाउन सक्ने तथा गाविस सचिवले एक्लैले सबैतिरका कामहरू गर्नुपर्दा सोचेअनुसारको सेवा पुऱ्याउन नसकिएको विचार राखेका थिए।

## शैक्षिक गुणस्तर सुधारका विषयमा छलफल कार्यक्रम

### जनप्रिय मावि

इन्सेक जिल्ला कार्यालय मोरङको आयोजनामा शैक्षिक गुणस्तर वृद्धिका लागि सरोकारवालाहरूसँग छलफल कार्यक्रम ०७१ जेठ २० गते टङ्कीसिनुवारी गाविसस्थित जनप्रिय माविमा सम्पन्न भयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भुवनेश्वर मण्डलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, बालअधिकार चेतना समूहका पदाधिकारीहरू, शिक्षकहरू, अविभावहरूको सहभागिता रहेको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा विद्यालय भर्ना अभियान प्रभावकारी रहेको, बालअधिकार




**जनप्रिय माविमा आयोजित कार्यक्रमका सहभागीहरू**

चेतना समूहले भर्ना अभियानमा प्रभावकारी भूमिका खेलेको र एनसिडिसी संस्थाले पनि घरदैलो अभियानमा सहयोग गरेको, गत वर्षको तुलनामा प्रावि तहमा भर्ना अभियान बढेको भए पनि माविमा घटेको शिक्षक देवु नारायण भगतले बताए। विद्यालय व्यवस्थापन समिति सदस्य जगतनारायण मण्डल, ध्रुवकुमार मण्डल, जिरेज राजवंशी, नागेश्वर यादव खगाउतले नियमित अविभावक भेला नगर्ने विद्यायहरू र शिक्षकहरूको जिशिकाले निकासा रोक्ने सम्मको कडा नियम बनाएमा सबै विद्यालयमा गुणस्तर आउँछ भन्ने कुरामा जोड दिएका थिए।

## नरग्राम उच्च मावि

त्यसै गरी, शिक्षक, बालअधिकार चेतना समूह र अविभावकहरूबीच 'शैक्षिक गुणस्तर वृद्धि' विषयग अन्तरक्रिया कार्यक्रम ०७१ जेठ ३० गते नरग्राम उच्च माविमा सम्पन्न भयो। प्रधानाध्यापक सीताराम भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विद्यालयले गुणस्तर वृद्धिका लागि गरेको पहल र भएका उपलब्धिहरू, आगामी दिनका योजनाहरू



**छलफल कार्यक्रममा आफ्ना भनाइ राख्दै एक सहभागी**

र सरोकारवालाहरूको सहयोग, यस सत्रको भर्ना अभियानबाट विद्यार्थीहरू कक्षा १ देखि नै एकदम चाप बढेकोले सेक्सनहरू विभाजन गर्नु परेको, कक्षा ९ र १० मा धेरै विद्यार्थीहरू भर्ना भएकोले एउटै कक्षामा १ सय जनासम्म विद्यार्थी राख्नु परेको जस्ता समस्या राखेका थिए। विद्यालयको क्षमताभन्दा बढी विद्यार्थीहरूलाई विद्यालयले भर्ना गर्दा समस्या भएको संरक्षक शिक्षक भोलाराम विश्वासले बताए। कार्यक्रममा बालअधिकार चेतना समूहकी अध्यक्ष ममता साह, उपाध्यक्ष राजकुमार पासवान र सदस्यहरू सुश्मा खड्का, प्रिया भट्टराई, संगीता खड्कालगायतले गुणस्तर वृद्धिका लागि कोचिङ कक्षाको व्यवस्थापन गरिनुपर्ने, समयमा पाठ्यपुस्तक उपलब्ध गराइनुपर्ने, विद्यार्थीहरू पनि नियमित हुनुपर्ने, कमजोर विद्यार्थीलाई




**सार्वजनिक कार्यक्रममा आफ्ना भनाइ राख्दै एक सहभागी**

अगाडि राख्ने प्रबन्ध प्रशासनले मिलाउनुपर्ने तथा विद्यार्थीहरूलाई हिनताबोध हुने खालका व्यवहार गर्न नहुने विचार व्यक्त गरेका थिए।

## सार्वजनिक मावि

त्यसै गरी, विद्यालयका शिक्षक, अभिभावक, शिक्षाप्रेमी, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, विद्यालयका प्रधानाध्यापक र बालअधिकार चेतना समूहका सदस्यहरूबीच 'शैक्षिक गुणस्तर अभिवृद्धि' विषयक अन्तरक्रिया कार्यक्रम ०७१ असार ६ गते सार्वजनिक माध्यमिक विद्यालयमा सम्पन्न भयो। उक्त कार्यक्रम विद्यालयमा विद्यालय व्यवस्थापन समितका सदस्य सचिव तथा प्रधानाध्यापक खगेन्द्र खवासको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा सहभागीहरूले इन्सेकले आयोजना गरेको विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालय परिवार

नै लाग्नुपर्ने प्रतिबद्धता जनाएका थिए।

कार्यक्रममा सामुदायिक विद्यालयमा विशेष गरी गरिब दलित तथा सिमान्तकृत वर्गका बालबालिका अध्ययन गर्ने भएकोले गुणस्तरीय शिक्षाका लागि विद्यार्थीहरूलाई नियमित गराउनमा हरेक अभिभावकले ध्यान दिनुपर्ने शिक्षक अनन्तराम खवासले बताए भने विद्यालयमा शिक्षक, विद्यार्थी, भौतिक सामग्री तथा उचित वातावरण सिर्जना गरेमा केही सुधार हुने इन्सेक विराटनगरका दिपेन नेउपाने बताए। त्यसैगरी अर्का शिक्षक उद्धवप्रसाद शर्माले आधारभूत शिक्षा हरेक बालबालिकाको नैसर्गिक अधिकार भएकोले यदि अभिभावक वर्गले आफ्ना बालबालिका विद्यालयमा नियमित पठाउँछन् भने हामी उनीहरूलाई गुणस्तरीय शिक्षा दिन प्रतिबद्ध छौं भन्ने विचार व्यक्त गरेका थिए।

गुणस्तरीय शिक्षा लिनका लागि नै बालबालिकालाई विद्यालय पठाएको हुन्छ तर विद्यालयले विभिन्न बहानामा छुट्टी दिने आफ्नो कामप्रति उत्तरदायी, जवाफदेही नहुने, कामप्रति कर्तव्यनिष्ट नहुनेजस्ता अभिभावक दुखाराम विश्वासले आरोप लगाए। बालअधिकार चेतना समूहकी अध्यक्ष ममता राजवंशीले आफूहरू चेतना समूहमार्फत बालबालिकालाई विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप गराउने गरेकोले पछिल्लो समयमा उनीहरूको शारीरिक, मानसिक बौद्धिक क्षमताको विकास भएको बताइन्।

## वर्षपुस्तक त्रैमासिक समीक्षा

नेपाल मानवअधिकार वर्षपुस्तक, २०१५ को लागि सङ्कलित घटना प्रतिवेदनको त्रैमासिक पूर्व समीक्षा कार्यक्रम पूर्वाञ्चलका १६ जिल्लामा सम्पन्न भए। घटनाहरूको सत्यतथ्य पत्ता लगाउने उद्देश्यले इन्सेकले हरेक तीन तीन महिनामा पूर्व



वर्षपुस्तक समीक्षा कार्यक्रमका सहभागीहरू

समीक्षा कार्यक्रम गर्दै आएको छ। सो पूर्व समीक्षा कार्यक्रम विभिन्न जिल्लामा विभिन्न मितिमा सम्पन्न भए। जसअनुसार धनकुटा जिल्लामा असार १९ गते, सङ्खुवासभा, भोजपुर र खोटाङ जिल्लामा असार २२ गते, सिराहा, उदयपुर र पाँचथरमा असार २३ गते, इलाम, झापा, सुनसरी, ताप्लेजुङ र ओखलढुङ्गा जिल्लामा असार २४ तथा मोरङ, सप्तरी, तेह्रथुम र सोलुखुम्बु जिल्लामा असार २५ गते सम्पन्न भएको थियो। उक्त सम्पन्न कार्यक्रमहरूमा महिला तथा बालबालिका विरुद्धका हिंसाहरू बढेको देखिन्छ।

## झापा
## सार्वजनिक सुनुवाइ कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय झापाको आयोजना र हिमशिखर टेलिभिजनको सहकार्यमा शिक्षा, स्वास्थ्य र विकासमा जनताको पहुँच र सरोकारवालाको प्रतिबद्धता विषयक टेलिभिजन संवाद कार्यक्रम ०७१ जेठ १७ गते झापाको शनीअर्जुन नगरपालिकामा सम्पन्न भयो। टेलिभिजन संवाद कार्यक्रमको औचित्यमाथि इन्सेक झापाका जिल्ला संयोजक लक्ष्मी निरौलाले प्रकाश पार्दै सेवाग्राही र सेवाप्रदायकहरूका बीचमा खुलेर छलफल गर्न तथा स्थानीयस्तरमा देखिएका सवालहरूमा सेवा प्रदायकहरूले जिम्मेवारी बहन गर्दै समाधानका लागि पहल गर्न तथा चुनौती र अवसरलाई उजागर गर्न मद्दत पुग्न सक्नेछ भन्ने उद्देश्यका साथ कार्यक्रम आयोजना भएको बताए। कार्यक्रमको प्रारम्भमा प्रमुख अतिथि मोहन पनेरुले सार्वजनिक जवाफदेहीता, पारदर्शिता र सुशासनका कुराहरू शिक्षा, स्वास्थ्य र विकासका क्षेत्रमा बुझ्ने अवसर आफूले पनि नपाएको हुनाले सहभागीहरूले उठाएका सवालमा सरोकारवालाहरूबाट जवाफ आउने नै छ भन्ने विश्वास लिएको बताए। संवाद कार्यक्रममा सवालहरू उठान गर्नका लागि कार्यक्रम सञ्चालक टिकाराम नेतीले, शिक्षा, स्वास्थ्य र जिविस कार्यालयले जनताका सेवाका लागि गरिएका गतिविधिहरूलाई २ मिनेटभित्र बताउनका लागि आग्रह गरेका थिए। उक्त अवसरमा उपस्थित कार्यालयका प्रमुखहरूले छोटकरीमा आ-आफ्नो कार्यालयले गरेका कार्यक्रम बारेमा जानकारी गराएका थिए। यी विषयलाई मानवअधिकारको आँखाबाट कसरी हेरिन्छ भन्ने सवालका बारेमा इन्सेकका सोमराज थापाले

पनि पहिलो चरणमा बताएका थिए। कार्यक्रममा उठान भएका सवालहरू शिक्षा, स्वास्थ्य र विकासमा जोडिएका थिए भने मानवअधिकारकर्मीहरूलाई पनि केही सवालहरू गरिएका थिए। सवाल उठाउनेहरूमा सहभागीहरू नवदुर्गा प्राविका प्रधानाध्यापक रुद्रप्रसाद खतिवडा, गोविन्द खतिवडा, दुर्गा पोखरेल, विमला शर्मा, मिश्रकुमारी राई, हिमा विष्ट, राधा चम्लागाँइलगायत रहेका थिए। सहभागीहरूले उठाएका सवालहरूमा शिक्षाअन्तर्गत निजी विद्यालयहरूले बढाएको शुल्कमा जिल्ला शिक्षा कार्यालय रमिते भएको, सामुदायिक विद्यालयमा शिक्षक दरबन्दीको पर्याप्तता नभएको तथा भौतिक संरचनाको अभाव, सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर प्रतिवर्ष खस्कँदो (७ र २४ प्रतिशत मात्र) अवस्थामा रहेको र सामुदायिक विद्यालयमा नियमित अनुगमन हुन नसकेको, शिक्षकको दरबन्दी नदिएकोलगायत रहेका थिए।

त्यसै गरी, स्वास्थ्यअन्तर्गत खुदुनाबारी स्वास्थ्य चौकीले विद्युत महसुल तथा पानीको महसुल नतिरेकाले पानी र बिजुली विना उपचार रोकिएको, सोही स्वास्थ्य केन्द्रमा लेखापाल कहिले पनि कार्यालय नआएको तर तलब भने नियमित मुक्तानी गरिरहेको, दरबन्दीको डाक्टर कहिले पनि स्वास्थ्य चौकीमा नआएको र विना दरबन्दीको डाक्टरले विरामी जाँच गर्ने गरेको, स्वास्थ्य चौकीका कर्मचारी पनि नियमित नभएको, गर्भवती महिलालाई दिने भनेर ल्याएको झुल नबाँडिएकोलगायत विषयमा चर्चा गरिएको थियो।

त्यसै गरी, विकासअन्तर्गत महिलाहरूको विकासका लागि स्थानीय निकायबाट छुट्याइएको बजेट बाठाटाठाले लगेर खाने गरेकोले लक्षितवर्गसम्म सेवा नपुगेको, नागरिक वडा मञ्चहरू गठन भए तापनि सञ्चालन खर्च प्राप्त नभएको जस्ता जिज्ञासा राखेका थिए।

कार्यक्रममा सहभागीले राखेका शिक्षा, स्वास्थ्य र विकासका सावलहरूको जवाफ सम्बन्धित निकायका प्रमुखहरूले दिएका थिए। चर्तुभुज काफ्लेको अध्यक्षता तथा शनीअर्जुन नगरपालिकाका कार्यकारी अधिकृत मोहन पनेरुको प्रमुख अतिथ्यतामा सम्पन्न सो कार्यक्रममा जिल्ला शिक्षा कार्यालयका सहायक जिल्ला शिक्षा अधिकारी उद्धव विष्ट, जिल्ला जनस्वास्थ्य कार्यालय झापाका वरिष्ठ जनस्वास्थ्य प्रशासक चक्रदेव मेहता, जिल्ला विकास समिति झापाका योजना अधिकृत रुद्र न्यौपाने र इन्सेक क्षत्रीय संयोजक सोमराज थापा अतिथिको रूपमा रहेका थिए।

## सामुदायिक विद्यालयसँग अनुभव आदान-प्रदानसम्बन्धी अन्तरक्रिया

अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) झापाको आयोजनामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धिका लागि सरोकारवालाहरूसँग अनुभव आदन-प्रदान कार्यक्रम ०७१ जेठ २० गते सम्पन्न भयो। कार्यक्रममा करिब २६ वटा विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यलगायतको सहभागिता रहेको थियो। प्रमुख जिल्ला शिक्षा अधिकारी अम्बिकाप्रसाद रेग्मीको प्रमुख अतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा इन्सेक जिल्ला संयोजक लक्ष्मी निरौलाले कार्यक्रमको उद्देश्यमा प्रकाश पारेका थिए। जिल्लामा रहेका केही नमूना विद्यालयले विभिन्न विषयमा विद्यालयसम्बन्धी आफ्ना विचारहरू राखेका थिए। सामुदायिक विद्यालयप्रति आकर्षण बढाउनका लागि शिक्षकहरूको दृढ इच्छा शक्तिको खाँचो रहेको साथै गुणस्तर अभिवृद्धिका लागि विद्यालयको आन्तरिक वातावरण सुधार्न आवश्यक रहेको र सबै शिक्षकहरूले आफ्नो कर्तव्य निभाउने हो भने थोरै स्रोत साधनमा धेरै विद्यार्थीको व्यवस्थापन गर्न सकिँदो रहेछ भन्ने कुरा श्री कनकाई उच्च माध्यमिक विद्यालयका प्राचार्य ईश्वरीप्रसाद शिवाकोटीले बताए। सामुदायिक विद्यालयलाई निजी विद्यालयसँग प्रतिस्पर्धा गर्नका लागि शिक्षक र प्रधानाध्यापकबीच समन्वयन भए मात्र सामुदायिक विद्यालय अगाडि बढ्न सक्ने विचार स्कुलचौन उमाविका प्रधानाध्यापक बाबुराम भण्डारीले बताए। त्यसै गरी, अभिभावकहरूले पनि विद्यालयमा निरन्तर अनुगमन र विद्यार्थीहरूको



**अनुभव आदानप्रदानसम्बन्धी कार्यक्रमका सहभागीहरू**

नियमिततामा ध्यान दिई सामुदायिक विद्यालयको विकासका लागि मार्गनिर्देश हुने विद्योदय निमावि दमकका शिक्षक नरपति पाण्डेले बताए। त्यसै गरी, कार्यक्रममा समुदाय विद्यालय सुधारको कडी हो भने नियमित रूपमा विद्यालयप्रति चासो देखाउनु अभिभावकको पनि कर्तव्य हो भनेर जिल्ला शिक्षा अधिकारी अम्बिकाप्रसाद रेग्मीले बताए र कार्यक्रममा उपस्थित सहभागीहरूले पनि सो विषयमा आ-आफ्नो विचार राखेका थिए। कार्यक्रममा नमूना विद्यालयका रूपमा कार्य गर्दै आएका श्री कनकाई उमावि सुरुङ्गा, हिमालयन उमावि दमक, स्कुलचौन उमावि, विद्योदय निमाविका भौतिक अवस्था, बालबालिकाको व्यवस्थापन शिक्षकहरूले शिक्षणविधि जस्ता कुराहरूको भिडियो पनि प्रस्तुत गरिएको थियो। जसको सहजीकरण कान्तिपुर दैनिकका पत्रकार चेतन अधिकारीले गरेका थिए।

## मध्यमाञ्चल क्षेत्रीय कार्यक्रम

### नयाँ संविधानमा मानवअधिकारका मुद्दा र सरोकारवाला निकायको भूमिका विषयक अन्तरक्रिया

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा 'नयाँ संविधानमा मानवअधिकारका मुद्दा र सरोकारवाला निकायको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम काभ्रेको धुलिखेलमा ०७१ असार १६ गते सम्पन्न भयो। कार्यक्रममा बोल्दै इन्सेकका अध्यक्ष सुबोधराज




**कार्यक्रममा आफ्ना भनाइ राख्दै इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल**

प्याकुरेलले संविधान देशको दर्शन भएकाले दर्शन कथाजस्तो लामो लेख्न नहुने बताए। संविधान सकेसम्म सानो बनाउनुपर्छ भन्दै प्याकुरेलले कुनै पनि देशमा संविधान छापेर बाँडेको भरमा परिपक्व नभएको उल्लेख गरेका थिए। नयाँ बन्ने संविधानमा मानवअधिकारका अन्तर्राष्ट्रिय महासन्धि र प्रतिबद्धताहरूलाई अक्षरस पालना गर्न जोड दिँदै उनले जनतासँगको सरसल्लाहबाट मात्र नयाँ संविधान जारी गर्नका लागि सुझाएका थिए। 'नयाँ संविधानले जनताको स्वतन्त्रताको रक्षा गर्नुपर्छ, खाना बिगार्नका लागि जीरे खोर्सानी हालेजस्तो जातजाति, पहाड-मधेस र उग्रवादका कुरा हालेर देशलाई बिगार्नेतिर नलागौँ। 'स्वतन्त्रतालाई व्यवस्थापन गर्ने भन्दै आएको सरकारको नीति तथा कार्यक्रम जस्तो नयाँ संविधान नहोस्।' अवसर र क्षमता विकासलाई प्राथमिकतामा राखेर नयाँ बन्न लागेको संविधानले पारिवारिक, सामाजिक र राष्ट्रिय दायित्व लिन सक्नुपर्छ। इन्सेक अध्यक्ष प्याकुरेलको जोड रहेको थियो

त्यसै गरी, कार्यक्रममा संविधानसभाका सदस्य रामहरि सुवेदीले संविधानसभामा आफूले धेरैपटक मानवअधिकारका सवालमा बोलेको उल्लेख गर्दै नयाँ संविधान निरङ्कुश ढङ्गले नभएर वैज्ञानिक ढङ्गले मानवअधिकारका सबै विषयवस्तुलाई समेटेर आउने कुरामा आफू विश्वस्त रहेको बताए। नयाँ बन्ने संविधानका अन्तरवस्तुका विषयमा अहिले छलफल भइरहेको बताउँदै सभासद् सुवेदीले सचेत, सङ्गठित र जागरुक नागरिकको निरन्तर खबरदारीबाट मात्र संविधानमा जनताका सबैखाले अधिकारका सवाल समेटिने उल्लेख गरेका थिए। काभ्रेका प्रमुख जिल्ला अधिकारी केदार न्यौपानेले जिल्लामा गरिबीका कारण मानिसहरूले मृगौला बेचेको भन्ने कुरा सुन्दा आफूलाई अचम्म लागेको बताउँदै नयाँ बन्ने संविधानमा गरिबीलाई हटाउने र महिलामाथि भइरहेका अन्याय, अत्याचार विरुद्धको विषयलाई समेट्नुपर्ने तथा नयाँ संविधान कडा नभएर नरम बनाउनुपर्नेमा जोड दिए।

कार्यक्रममा जिल्ला न्यायधिवक्ता अच्युतमणि न्यौपानेले 'नयाँ संविधानमा अपेक्षा गरिएका मानवअधिकारका सवाल' विषयमा कार्यपत्र प्रस्तुत गर्दै मौलिक हकलाई हात्तीको देखाउने र चपाउने दाँत जसरी व्यवस्था गर्नुभन्दा राज्यले गर्न सक्ने विषयलाई मात्र समेट्न सुझाए। मुख्य गरी अपराधबाट सुरक्षा,

खाद्य, विकास, बसोवास र उपभोक्ताको हकलाई नयाँ बन्ने संविधानमा थप्नका लागि उनले सुझाव दिएका थिए। त्यस्तै, इन्सेकका मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमले नयाँ संविधान मानवअधिकारमैत्री हुनुपर्नेमा जोड दिँदै नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई नयाँ बन्ने संविधानले समेट्नुपर्ने बताए। इन्सेकका मध्यमाञ्चल क्षेत्रीय कार्यालयका विनोद गौतमले स्वागत मन्तव्य राखेको कार्यक्रममा नेपाल बार एसोसियसन काभ्रेका सचिव विराज खनाल र द्वन्द्वपीडित समाज काभ्रेकी अध्यक्ष मनकुमारी रञ्जितलगायतले नयाँ संविधानमा समेट्नुपर्ने मानवअधिकारका सवालहरूका विषयमा मन्तव्य राखेका थिए। उक्त कार्यक्रममा पत्रकार, दलित, किसान, विद्यार्थी, एकल, द्वन्द्वपीडित, महिला, आदिवासी, जनजाति, अपाङ्ता भएका व्यक्ति, सङ्क्रमितहरूका क्षेत्रमा कार्यरत व्यक्तिहरूले आफ्नो क्षेत्र र समुदायको एजेण्डालाई संविधानसभासम्म पुऱ्याउन सभासद्समक्ष अनुरोध गरेका थिए।

## जिल्लास्तरीय बालभेला

जिल्ला बालकल्याण समिति र जिल्ला विकास समितिको समन्वय तथा इन्सेक, सिविन, बालविकास समाजलगायत नौ ओटा बालअधिकारका क्षेत्रमा कार्यरत संस्थाहरूको साझेदारीमा ०७१ असार १२ गतेदेखि असार १४ गतेसम्म काभ्रे जिल्लाको धुलिखेलमा जिल्लास्तरीय बालभेला प्रभावफेरी गरी सम्पन्न भयो। सो कार्यक्रममा बालअधिकारका क्षेत्रमा क्रियाशिल सङ्घसंस्था तथा जिल्लास्थित विभिन्न विद्यालयका बालक्लबका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सञ्जीव न्यौपानेको अध्यक्षतामा १७ सदस्यीय जिल्ला बाल सञ्जालको समेत गठन गरेको थियो। सञ्जालमा साझेदार सहयोगी संस्थाहरूको कार्यक्रम सञ्चालित क्षेत्रबाट भूगोल, क्षेत्र, जातजाति र छात्रछात्रा मिलाएर प्रतिनिधित्व गराइएको थियो।



प्रभातफेरी कार्यक्रमका सहभागीहरू

बालभेलाको उद्‌घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी केदार न्यौपाने र स्थानीय विकास अधिकारी प्रेमप्रसाद भट्टराईले शुभकामना मन्तव्य राखेका थिए। उक्त भेलामा बालकल्याण समिति काभ्रेका अध्यक्ष रामकुमार मुल्मीले बालअधिकार, इन्सेक प्रतिनिधि भोजराज तिमल्सिनाले मानवअधिकार र बालअधिकारका सवालहरू र जिविसका कार्यक्रम अधिकृत विदुर गौतमले बालमैत्री स्थानीय शासनका विषयमा आफ्नो प्रस्तुतीहरू राखेका थिए। भेलामा बालबालिकाको हकअधिकारका क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूले आफूहरूले जिल्लामा गरेका काम र डकुमेन्ट्रीहरू देखाइनुको साथै १४ बुँदे बालअधिकार घोषणापत्र जारी गरेको थियो।

## अन्तर्राष्ट्रिय रोम विधान अनुमोदनका लागि अन्तरक्रिया कार्यक्रम

इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय र युथ एड्भोकेसी नेपालको संयुक्त आयोजनामा 'रोम विधान अनुमोदनका लागि युवाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम ०७१ जेठ २ गते काठमाडौँमा सम्पन्न भयो। कार्यक्रममा एड्भोकेसी फोरमकी मन्दिरा शर्माले राजनीतिक दलमा भ्रम परेकै कारण अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन हुन नसकेको बताइन्। गम्भीर मानवअधिकार उल्लङ्घनका अपराध, मानवता विरुद्धका अपराध, युद्ध अपराध अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारभित्र भर्ने उनले उल्लेख गर्दै कानुनको शासन बलियो बनाउन पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्नुपर्नेमा साथै रोम विधान अनुमोदन गर्न राजनीतिक दलका नेताहरूको इच्छा शक्ति बढाउन सबै लाग्नु पर्नेमा उनको जोड थियो। कार्यक्रममा इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमले मुलुकमा विधिको शासन स्थापना गर्न, व्याप्त दण्डहीनता अन्त्यका लागि र भविष्यमा गम्भीर मानवअधिकार उल्लङ्घनका घटना हुन नदिन पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्नुपर्नेमा जोड दिए। त्यस्तै स्वतन्त्र




**अन्तरक्रिया कार्यक्रममा आफ्नो भनाइ राख्दै इन्सेक क्षेत्रीय संयोजक कृष्ण गौतम (दायाँबाट पहिलो)**

युवा सङ्घका केन्द्रीय अध्यक्ष विशाल गैरेले राजनीतिक दलहरूबीच तीव्र विभाजन र माओवादीको अस्पष्ट बुझाइका कारण रोम विधान अनुमोदन हुन नसकेकोले सबै युवा, मानवअधिकारकर्मी सङ्गठित भएर दबाब दिनु पर्नेमा जोड दिए। सोही क्रममा युथ एड्भोकेसी नेपालका अध्यक्ष नरेन्द्र खतिवडाले राजनीतिक इच्छा शक्तिको कमी, अन्तर्राष्ट्रिय कारण, यस सम्बन्धमा राजनीतिक दलहरूमा रहेको भ्रम र युवाहरूको एकीकृत अभियानको कमीका कारण अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन हुन नसकेको बताए।

पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ साउन ९ गते सङ्कल्प प्रस्ताव पारित गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान तत्काल अनुमोदन गर्न सरकारका नाममा निर्देशन दिएको थियो। तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादवले २०६५ माघ २९ गते मन्त्रिपरिषद्मा विधान अनुमोदनका लागि प्रस्ताव पेस गरेका थिए। कार्यक्रममा सञ्चारकर्मी, मानवअधिकार रक्षक तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

## मानवअधिकार रक्षकहरूको अवस्था र चुनौती विषयक बैठक

इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा 'मानवअधिकार रक्षकहरूको अवस्था र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रम ०७१ जेठ २७ गते सिन्धुपाल्चोक जिल्लाको चौतारामा सम्पन्न भयो। सो कार्यक्रममा उपस्थित सरोकारवालाहरूले अरुको अधिकारका लागि क्रियाशिल मानवअधिकार रक्षकहरूको अधिकारको सुनिश्चितताका लागि सबै लाग्नुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा बोल्दै पत्रकार दिनेश थापाले मानवअधिकार रक्षकहरूको अवस्था पहिलेकोभन्दा सुध्रदैं गएको भए तापनि मानवअधिकार रक्षकको भूमिका निर्वाह गर्दा समाजबाट जस पाइनुको साटो कहिलेकाही आरोप आउने गरेको कुरा बताए। कतिपय पीडितका परिवारमा पनि बलात्कारजस्ता जघन्य अपराधका मुद्दालाई बाहिर ल्याउनुको साटो भित्रै मिलाउन पाए हुन्थ्यो भन्ने मानसिकता रहेकाले पनि मानवअधिकार रक्षकले पीडितको साथ नपाउने गरेको गुनासो गरे। कार्यक्रममा बोल्दै एमाले पार्टी प्रतिनिधि यज्ञ सापकोटाले मानवअधिकारको रक्षाका लागि एमाले सदैव लागिरहेको र मानवअधिकार रक्षकको सरसल्लाहमा मात्रै पीडित र पीडकको अवस्था र घटना विवरण लिने गरेको जानकारी दिए।

कार्यक्रममा बोल्दै इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय संयोजक कृष्ण गौतमले मानवअधिकार रक्षक आफ्नो अधिकारको परवाह नगरी अरुको अधिकारको रक्षामा लागि परिरहेकाले यसका लागि सरोकारवाला निकायले बेलैमा सोच्नुपर्ने साथै मानवअधिकारको रक्षा गर्छु भन्दा स्थानीय व्यक्तिहरूले विश्वास गर्ने आधार सिर्जना गर्नका लागि पनि मानवअधिकार रक्षकहरूको अधिकारको सुनिश्चिततालाई सरोकारवाला निकायले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए।

त्यसै गरी, इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा 'मानवअधिकार रक्षकहरूको अवस्था र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख १५ गते दोलखा जिल्लाको चरिकोटमा सम्पन्न भयो। सो कार्यक्रममा उपस्थित सरोकारवालाहरूले अरुको अधिकारका लागि क्रियाशिल मानवअधिकार



**अन्तरक्रिया कार्यक्रमका सहभागीहरू**

रक्षकहरूको अधिकारको सुनिश्चितताका लागि सबै लाग्नुपर्नेमा सरोकारवालाहरूले जोड दिए। कार्यक्रममा सहभागीहरूले मानवअधिकार रक्षकहरूको अधिकार सुनिश्चितता नभई जनताको मानवअधिकारको प्रत्याभूति हुन नसक्ने, मानवअधिकार रक्षक नै विभिन्न राजनीतिक दलहरूको निशानामा परेकाले राजनीतिक दलका कार्यकर्तालाई पनि मानवअधिकारका विषयमा सचेतना दिनुपर्नेमा जोड दिएका थिए। त्यस्तै कार्यक्रमका वक्ताहरूले, मानवअधिकार रक्षक नै मानवअधिकार मुद्दामा एक हुनुपर्ने तथा सत्यनिरूपण तथा मेलमिलाप आयोगको सान्दर्भिकतालाई मानवअधिकार रक्षकहरूले फरक ढङ्गले बुझेको आरोप लगाए। कार्यक्रममा बोल्दै इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय संयोजक कृष्ण गौतमले मानवअधिकार रक्षक आफ्नो अधिकारको परवाह नगरी अरुको अधिकारको रक्षाका लागि लागिरहेकाले यसका लागि सरोकारवाला निकायले बेलैमा सोच्नुपर्ने साथै मानवअधिकारको रक्षा गर्छुभन्दा स्थानीय व्यक्तिहरूले विश्वास गर्ने आधार सिर्जना गर्नका लागि पनि मानवअधिकार रक्षकहरूको अधिकारको सुनिश्चिततालाई सरोकारवाला निकायले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए।



अन्तरक्रिया कार्यक्रममा उपस्थित सहभागीहरू

## ज्येष्ठ नागरिकसम्बन्धी नवौँ विश्व चेतना दिवस

ज्येष्ठ नागरिकप्रति गरिने दुर्व्यवहार विरूद्धको नौ औं विश्व चेतना दिवस ०७१ असार १ गते काठमाडौंमा प्रभातफेरी गरी सम्पन्न भयो। महिला तथा बालबालिका समाज कल्याण मन्त्री निलम केसी र जेष्ठ नागरिक महासङ्घका अध्यक्ष डाक्टर गौरीशङ्कर लालदासको संयुक्त रूपमा र इन्सेकको सहकार्यमा 'सानो छँदा हामीलाई बोक्नुभयो पीठमा अब हाम्रो उठ्ने पालो तपाई बस्नु सिटमा' लेखिएको स्टीकर प्रकाशन गरी एक गाडीमा टाँस्दै रिबन काटेपछि प्रभातफेरी र्‍यालीको उद्घाटन भएको थियो। उद्घाटनको क्रममा बोल्दै मन्त्री केसीले ज्येष्ठ नागरिकलाई राज्यले सम्मान गर्न नसक्नु दुभार्ग्यपूर्ण रहेको भन्दै ज्येष्ठ नागरिकको सम्मान र अधिकारलाई प्रत्याभूति दिलाउन नेपाल सरकार प्रतिबद्ध रहेको बताइन्। ज्येष्ठ नागरिकप्रति के दुर्व्यवहार हुन सक्छ र ? भन्ने प्रश्न जनमानसमा सोचनीय विषय बनेको भन्दै मन्त्री केसीले ज्येष्ठ नागरिकका मागहरूलाई सम्बोधन गर्न राज्यले ध्यान दिनुपर्नेमा जोड दिइन्।

र्‍यालीका सहभागीहरूले ज्येष्ठ नागरिकलाई सम्मान गर, ज्येष्ठ नागरिकलाई दिइएको सुविधा सुनिश्चित गर, आमा बुबा हाम्रा प्रथम गुरू हुन्, त्यसैले उनको गुरूसरी सम्मान गरौँ, ज्येष्ठ नागरिकको उजुरीका लागि ज्येष्ठ नागरिक प्रहरी सेल खडा गर, ज्येष्ठ नागरिकलाई सेवाप्रदायक निकायमा पहिलो प्राथमिकता देऊ, ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार बन्द गरलगायतका नारासहितको व्यानरहरू बोकी आममानिसमा चेतना जगाएका थिए। र्‍यालीमा मानवअधिकारकर्मी, भवानीप्रसाद खरेल, इन्सेकका मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतम, प्रलेख अधिकृत राजु पासवान, कार्यक्रम संयोजक विनोद गौतम, इन्सेक प्रतिनिधिलगायत अन्य विभिन्न मानवअधिकार संस्थाका प्रतिनिधिहरूको संलग्नता रहेको थियो।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ नेपालको आयोजनामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),




जेष्ठ नागरिकसम्बन्धी नवौँ विश्व चेतना दिवसका अवसरमा आयोजित प्रभातफेरीमा उपस्थित सहभागीहरू

हेल्प एज इन्टरनेशनललगायत विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहकार्यमा काठमाडौं बसन्तपुर दरबार गेट अगाडिबाट निकालिएको उक्त प्रभातफेरी ऱ्याली रत्नपार्कस्थित शान्तिबाटीकामा पुगी समापन भएको थियो।

## टेलिभिजन संवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालय र एभिन्यूज टेलिभिजनको संयुक्त आयोजनामा शिक्षा, स्वास्थ्य, खानेपानी, सडकलगायतका समस्यामा केन्द्रित रहेर सेवाप्रदायक निकाय र सेवाग्राहीबीच टेलिभिजन संवाद कार्यक्रम ०७१ वैशाख २२ गते चितवन जिल्लाको पदमपुर गाविसमा सम्पन्न भयो। कार्यक्रममा सहभागीहरूले स्वास्थ्य, शिक्षा, सडक र कृषिसँग सम्बन्धित समस्याहरू सम्बन्धित निकायका प्रमुखसमक्ष राखेका थिए। पदमपुर गाविस स्थानान्तरित ठाउँ भएकोले पूर्वाधारहरूमा अन्य गाविसभन्दा प्राथमिकतामा राख्नुपर्ने सहभागीहरूले सरोकारवालाहरूसमक्ष राखेका थिए। कार्यक्रमका प्रमुख अतिथि एवम् चितवन क्षेत्र नम्बर २ का सभासद् शेषनाथ अधिकारीले सरकारलाई घचघच्याउने कुरामा जनताले आफूलाई प्रतिनिधित्व हुने गरी छानेकोमा आफूले कर्तव्य निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। अन्य जिल्लाका भन्दा पनि चितवनवासी सचेत र जागरुक रहेको बताउँदै अधिकारीले जनताका समस्यालाई मनन् गरी त्यसको उचित निकासका लागि आफ्नो तर्फबाट सके जति प्रयास गर्ने बताए। त्यस्तै कार्यक्रमका अतिथि रहेका स्थानीय विकास अधिकारी तिलक पौडेलले सवालको जवाफ दिँदै विकासको स्तर फरक-फरक रहेकोले जिविसले प्रत्येक गाविसमा समानरूपले विकास कार्यक्रम लैजानुपर्ने बताए। जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख केहर सिंह गोदारले स्वास्थ्यमा रहेको समस्याहरूलाई मनन् गरी सुधार गर्ने बताए। उनले पदमपुर उपस्वास्थ्य चौकीमा कार्यालय सहयोगीले सुई लगाउने कुराको जानकारी पाएलगत्तै त्यस कार्यमा सुधार गरिएको समेत बताए। कार्यक्रमका सहभागीहरूलाई धन्यवाद दिँदै इन्सेक मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमले जिम्मेवार निकायलाई जवाफदेही बनाउन पहल गर्ने उद्देश्यले सो संवाद कार्यक्रमको आयोजना गरिएको बताए। उनले संवाद कार्यक्रमको निष्कर्ष प्रस्तुत गर्दै



**कार्यक्रममा उपस्थित सहभागीहरू**

पाठ्यक्रम समयमा नै उपलब्ध गराउनुपर्ने, खाद्य सुरक्षासँगै सरकारले अनुगमन कार्यलाई बढाउनुपर्ने, स्वास्थ्यको क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गर्नुपर्ने, जग्गाको स्वामित्वका कुराहरूको समस्या समाधानमा सरकार लाग्नुपर्नेलगायत अन्य समस्याहरूप्रति सरकार जिम्मेवार बन्नुपर्ने पदमपुरवासीको मागलाई सम्बन्धित निकायले तत्काल सम्बोधन गर्ने आशामा आयोजक रहेको बताए। एभिन्यूज टेलिभिजन चितवनका संवाददाता प्रकाश ज्ञवालीले सञ्चालन गरेको सो संवाद कार्यक्रम इन्सेक चितवनका कार्यक्रम संयोजक मुकुन्द दहालको अध्यक्षतामा सम्पन्न भएको थियो।

त्यसै गरी, इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय काठमाडौंको आयोजना तथा इन्सेक रामेछापको समन्वयमा टेलिभिजन संवाद कार्यक्रम ०७१ वैशाख १६ गते रामेछापको मन्थलीमा सम्पन्न भयो। इन्सेक रामेछापका जिल्ला संयोजक रमेश अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा जिल्लाका सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, नागरिक समाजका प्रमुख तथा प्रतिनिधि, पत्रकार, सञ्चारकर्मीहरूको उपस्थित रहेको थियो। कार्यक्रमको उद्देश्यबारे इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालयका संयोजक कृष्ण गौतमले जानकारी गराएका थिए। कार्यक्रममा मानवअधिकार संरक्षण सञ्जाल रामेछापका संयोजक पाण्डव प्रसाई, गैसस महासङ्घका अध्यक्ष वीरेन्द्र श्रेष्ठ र नेपाल पत्रकार महासङ्घका अध्यक्ष रमेश ढुङ्गेलले जिल्लामा रहेको शिक्षा, स्वास्थ्य र खाद्य विषयमा भएको समग्र समस्याहरूको बारेमा जानकारी गराएका थिए। त्यस्तै कार्यक्रममा उपस्थित गाविसका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनीधि, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले पनि जिल्लामा रहेका समस्याहरू

खुल्ला छलफलमा राखेका थिए। छलफलको अन्त्यमा सरकारी सेवाप्रदायक संस्थाका प्रमुख तथा राजनीतिक दलका प्रतिनिधिहरूले समस्याको अनुभूति गर्दै समस्या समाधानमा लागिपर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण इन्सेक प्रतिनिधि नवराज पथिकले गरेका थिए।।

# चितवन

## अन्तरक्रिया कार्यक्रम

इन्सेक जिल्ला कार्यालय चितवनको आयोजनामा 'शिक्षा, स्वास्थ्य र खाद्य अधिकारसँग सम्बन्धित सेवाप्रदायक कार्यालयका सेवास्तरको समीक्षा तथा सुधारको उपाय' विषयक अन्तरक्रिया कार्यक्रम ०७१ जेठ ३० गते चितवनको नारायणगढमा सम्पन्न भयो। कार्यक्रममा जिल्ला शिक्षा अधिकारी रमाकान्त शर्मा, देवघाट विकास समितिका अध्यक्ष शैलेन्द्र पिया, भरतपुर अस्पतालका मेसु डा. हरिबहादुर केसी, पशु विकास अधिकृत हरेकृष्ण शर्मा, रामचन्द्र गौतम कृषि प्रसार अधिकृत, चक्रपाणी शर्मा आचार्य डिई खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले प्रदान गरिरहेको सेवाको बारेमा सरोकारवालाहरूले जानकारी गराएका थिए। सो कार्यक्रममा शिक्षाविद् रमाकान्त सापकोटा, टेकबहादुर थापा, उपभोक्ता अधिकमारकर्मी शैलेन्द्र श्रेष्ठ, मानवअधिकारकर्मीहरू भवानी न्यौपाने, मानवअधिकार तथा शान्ति समाजका सभापति राजेन्द्र पौडेल, राष्ट्रिय मानवअधिकार सरोकार केन्द्रका अध्यक्ष विश्वनाथ ओझा, राष्ट्रिय मानवअधिकार एलायन्सका उपाध्यक्ष खगराज ओझालगायतले सेवा प्रदायक निकायले प्रदान गरेका सेवास्तर तथा सुधारका बारेमा बोलेका थिए। सो कार्यक्रममा सेवाप्रदायक निकायका




**अन्तरक्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै स्थानीय विकास अधिकारी भरतमणि पाण्डे**

प्रमुख तथा प्रतिनिधिहरूले सेवास्तर अभिवृद्धिको लागि प्रतिबद्धता गरेका थिए।

## मानवअधिकार सञ्जालको परिचालन

इन्सेक जिल्ला कार्यालय चितवनको आयोजनामा मानवअधिकार सञ्जालका सदस्यहरूलाई इन्सेक जिल्ला कार्यालयले सम्पन्न गरेका र गर्न लागेका क्रियाकलापहरूको बारेमा जानकारी गराउने र सुझाव लिने कार्य ०७१ जेष्ठ २९ गते सम्पन्न भयो। उक्त अवसरमा २०७० माघ महिना यताको इन्सेक जिल्ला कार्यालयले सम्पन्न गरेका क्रियाकलापहरूको जानकारी गराउनुका साथै ०७१ जेठ ३० गते आयोजना गरिएको जिल्लास्तरीय सेवाप्रदायक कार्यालयहरूको सेवाको स्तर मूल्याङ्कन तथा सुधारको उपाय विषयमा गर्न लागिएको अन्तरक्रिया कार्यक्रमलाई प्रभावकारी बनाउने विषयमा परामर्श गरिएको थियो। सो अवसरमा सहभागी मानवअधिकारकर्मीहरूले इन्सेकले मानवअधिकार सञ्जालको सञ्चालनमा उल्लेखनीय सहयोग तथा समन्वय गरेको भन्दै सञ्जाललाई अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए।

## गाविसस्तरीय समन्वय बैठक

इन्सेक जिल्ला कार्यालय चितवनको आयोजनामा पदमपुर गाविसका शिक्षासँग सम्बन्धित सरोकारवालाहरूको समन्वय बैठक ०७१ जेठ ९ गते पदमपुर गाविसको सभाकक्षमा सम्पन्न भयो। कार्यक्रममा गाउँ शिक्षा समितिका अध्यक्ष तथा सोही गाविसकी सचिव रमादेवी आचार्यको अध्यक्षता तथा शिक्षा कार्यालयका श्रोत व्यक्ति रामकृष्ण लम्सालको प्रमुख आतिथ्यतामा रहेको थियो। बैठकमा इन्सेक जिल्ला कार्यक्रम संयोजक मुकुन्द दहालले कार्यक्रमको उद्देश्य तथा जिल्ला प्रतिनिधि सावित्री सापकोटाले सहभागीहरूलाई स्वागत गरेकी थिइन्। सो कार्यक्रममा पदमपुर गाविसमा रहेका नौ सामुदायिक र दुई संस्थागत विद्यालयबाट प्रधानाध्यापक र सामाजिक विषयका शिक्षकहरूको सहभागिता रहेको थियो। सो कार्यक्रममा सबै विद्यालयका तर्फबाट समस्याहरू राखिएको थियो भने समस्या समाधानको लागि गर्न सकिने उपायहरूको बारेमा श्रोत व्यक्ति रामकृष्ण लम्सालले सहजीकरण गरेका थिए। सो कार्यक्रममा इन्सेकद्वारा प्रकाशन गरिएको बालअधिकारसम्बन्धी

फिलिप चार्ट प्रत्येक विद्यालय र श्रोत केन्द्र पिठूवाको लागि एक-एक थान वितरण गरिएको थियो। साथै सो बैठकमा सहभागी सामाजिक शिक्षकहरूलाई फिलिप चार्टको शैक्षिक क्रियाकलापमा कसरी उपयोग गर्न सकिन्छ भन्ने बारेमा पनि इन्सेक जिल्ला कार्यक्रम संयोजक दहालले अभिमुखीकरण गरेका थिए। बैठकको समापन गर्दै गाविस शिक्षा समितिकी अध्यक्ष रमादेवी आचार्यले इन्सेकको प्रयासले शिक्षाको गुणस्तर र बालबालिकाको अधिकारको संरक्षणमा राम्रो योगदान पुगेको बताइन्।

## गुणस्तरीय शिक्षासम्बन्धी अन्तरक्रिया कार्यक्रम

इन्सेक जिल्ला कार्यालय चितवनको सहकार्य र जनकल्याण माविको आयोजनामा शैक्षिक गुणस्तर विषयक अन्तरक्रिया कार्यक्रम ०७० जेठ २ गते सम्पन्न भयो। उक्त अवसरमा उक्त विद्यालयमा विज्ञान विषयको गुणस्तरको अवस्था तथा यसमा सुधारको उपायहरूको बारेमा छलफल भएको थियो। विद्यालय व्यवस्थापन समितिका सदस्य गंगाबहादुर बरुवालको अध्यक्षता र संरक्षक शिक्षक वीरेन्द्र पोखरेलको सञ्चालनमा भएको सो कार्यक्रममा विद्यालयका प्रधानाध्यापक घनश्याम भण्डारीले सहभागीहरूलाई विद्यालयको शैक्षिक गुणस्तरको बारेमा जानकारी गराएका थिए। सो कार्यक्रममा बालअधिकार चेतना समूहका अध्यक्ष किरण राईले सहभागीहरूलाई स्वागत गरेका थिए। सो कार्यक्रममा विद्यार्थीहरू सुजन सुनार, रामबहादुर जिसी, दिनेश विश्वकर्मा, जानकी चपाई, आरती चापागाई, आर्य गुरुङलगायतले विज्ञान विषयप्रतिको धारणा तथा सुधारका लागि गर्नुपर्ने प्रयासहरूको बारेमा आफ्ना विचार राखेका थिए। सो कार्यक्रममा इन्सेक जिल्ला कार्यक्रम संयोजक मुकुन्द दहालले कार्यक्रमको उद्देश्यको बारेमा जानकारी गराएका थिए। सहभागीहरूलाई प्रअ घनश्याम भण्डारीले धन्यवाद दिएको सो कार्यक्रममा विज्ञान विषयको स्तर सुधार गर्न अभिभावक, शिक्षक र विद्यार्थीलगायत सबैको भूमिका हुनुपर्ने र सुधार गर्ने कुरामा प्रतिबद्धता गरेका थिए।

त्यसै गरी, इन्सेक जिल्ला कार्यालय चितवनको सहकार्य र जनजीवन उमाविको संयोजनमा शैक्षिक गुणस्तर विषयक अन्तरक्रिया कार्यक्रम ०७० जेठ २ गते जनजीवन उमाविमा सम्पन्न भयो। उक्त अवसरमा जिल्ला कार्यक्रम संयोजक मुकुन्द दहालले कार्यक्रमको उद्देश्यको बारेमा र इन्सेक जिल्ला प्रतिनिधि सावित्री सापकोटाले मानवअधिकार हनन्का घटना सम्बन्धमा जानकारी गराइन्। सो कार्यक्रममा अङ्ग्रेजी विषयको नतिजाको अवस्था, समस्या र सुधारको लागि गर्नुपर्ने प्रयासहरूको बारेमा शिक्षक, विद्यार्थी र अविभावकहरूले आ-आफ्ना धारणाहरू राखेका थिए।

# रामेछाप

## छलफल तथा अन्तरक्रिया रुद्राक्षेश्वर उमावि

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय रामेछापको आयोजनामा रुद्राक्षेश्वर उमावि भटौलीमा प्रधान अध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यार्थी र अभिभावकबीच शैक्षिक गुणस्तर सम्बन्धमा अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख २४ गते सम्पन्न भयो। उक्त कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रीबहादुर माझीको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक नेत्र विलास प्रसाईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा इन्सेक जिल्ला सहजकर्ता तुलसीबहादुर खड्काले कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेका थिए। कार्यक्रममा अभिभावकहरूले विद्यालयको शैक्षिक गुणस्तर खस्कनुमा अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूको कमजोरी भएको बताएका थिए। विद्यार्थीहरूले भने समयमा नै सम्पूर्ण पाठ्यपुस्तक उपलब्ध गराउन तथा कम्प्युटरको व्यवस्था गर्न विद्यालयलाई अनुरोध गरेका थिए। त्यस्तै विद्यालयका प्रधानाध्यापक नेत्रविलास प्रसाईंले विद्यालयमा १-३ कक्षा अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु भएको र कक्षा १ मा भर्ना हुन आउने विद्यार्थीहरूलाई झोलाको र विद्यालय पोशाकको व्यवस्था गरेको जानकारी गराए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रीबहादुर माझीले आगामी दिनमा इन्सेकलाई कार्यक्रम निरन्तरता दिन माग गरे। उनले शिक्षकहरूलाई मासिक बैठक बसी जिम्मेवारी बाँडफाँड गरेर काम गर्न आग्रह गरेका थिए।

## निलकण्ठेश्वर उमावि

इन्सेक जिल्ला कार्यालय रामेछापको आयोजनामा निलकण्ठेश्वर उमावि कठजोरमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यार्थी र अभिभावकसँगको शैक्षिक गुणस्तरबारे अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख २३ गते सम्पन्न भयो। उक्त कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनलाल श्रेष्ठको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक रामचन्द्र अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा इन्सेक जिल्ला सहजकर्ता तुलसीबहादुर खड्काले कार्यक्रमको उद्देश्यबारे तथा अभिभावकहरूले आफूहरूले छोराछोरीको पढाइबारे विद्यालयमा सम्पर्कमा नआएको र बेवास्ता गरेको स्विकार गरी आगामी दिनमा विद्यालयमा समय-समयमा उपस्थित हुने प्रतिबद्धता व्यक्त गरेका थिए। त्यस्तै विद्यार्थीहरूले विद्यालय पोशाकमा नियमित विद्यालय आउने बताए। विद्यालयका प्रधान अध्यापक रामचन्द्र अधिकारीले अभिभावकबाट नयाँ शैक्षिक सत्रमा छोराछोरीहरूको परिक्षाफल कस्तो भयो भनेर हेर्न समेत नआएको भन्दै गुनासो गरे। उनले विद्यालयले विद्यालयमा हातामा विद्यार्थीहरूले मुन्द्रा लगाउने, कपाल पाल्ने र मोबाइल बोक्ने काम गरेमा कारबाही प्रक्रिया अगाडि बढाउने भनी सूचना प्रकाशन गरेको जानकारी गराउँदै इन्सेकलाई विद्यालय कार्यक्रमलाई निरन्तरता दिन अनुरोध गरेका थिए।

## तामाकोसी जनजागृति उमावि

इन्सेक जिल्ला कार्यालय रामेछापको आयोजनामा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच शैक्षिक गुणस्तरबारे छलफल तथा अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख २२ गते तामाकोसी जनजागृती उमावि खिम्तीमा सम्पन्न भयो। अन्तरक्रिया कार्यक्रममा चेतना समूहका पदाधिकारीहरू, अभिभावक, विद्यालय व्यस्थापन समितिका  पदाधिकारीहरू, प्रधानाध्यापक तथा शिक्षकहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा विद्यार्थीहरूले विद्यालयको अतिरिक्त क्रियाकलापले बोल्ने बानीको विकास भएको तथा समयमा पाठ्यपुस्तक नआएका कारण पढाइमा असर परेको विद्यार्थीको गुनासो रहेको थियो। बेला-बेलामा यस्तो अन्तरक्रिया गरेमा अभिभावक, विद्यालय र विद्यार्थीहरू पढाइप्रति उत्तरदायी हुने कुरामा अभिभावकहरूले जोड दिएका थिए। विद्यालयका प्रधानाध्यापक पवनराज पौडेलले किताबको समस्या समाधानको लागि विद्यालय लागी परेको जानकारी गराए।

## नागकन्या मावि

इन्सेक जिल्ला कार्यालय रामेछापको आयोजनामा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यार्थी र अभिभावकसँगको शैक्षिक गुणस्तरबारे अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख २४ गते नागकन्या मावि मन्थलीमा सम्पन्न भयो। उक्त कार्यक्रम विद्यालयका प्रधानाध्यापक बुद्धिराज फुयाँलको अध्यक्षता तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बबुरजङ्ग श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा इन्सेक जिल्ला संयोजक रमेश अधिकारीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिहरूबीच सम्बन्ध विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि, समस्या तथा सुधारका कामहरूको बारेमा छलफल गर्नका लगि कार्यक्रम गरिएको बताए। कार्यक्रममा उपस्थित सहभागीहरूले विद्यार्थीहरू मेहनती हुनुपर्ने, अभिभावकहरूले समय-समयमा विद्यालयको अनुगमन गर्नुपर्ने, अभिभावकहरूले विद्यार्थीहरूलाई झोला र विषयअनुसारको कापी उपलब्ध गराउनुपर्नेजस्ता कुरा राखेका थिए। विद्यालय व्यवस्थापन समिति अध्यक्ष बबुरजङ्ग श्रेष्ठले भौतिक विकासको कार्यक्रम विद्यालयमा पार्न तथा शिक्षक व्यवस्थापन गर्न सरोकारवालासम्म कुरा पुऱ्याउने काम गर्न इन्सेकलाई अनुरोध गरेका थिए। त्यस्तै, विद्यालयका प्रधानाध्यापक फुयाँलले शिक्षक, विद्यार्थी, अभिभावक सबैले हातेमालो गर्दै सबैले आ-आफ्नो कर्तव्यहरू पुरा गरे शिक्षाको गुणस्तरमा सुधार हुने बताए। उनले यस्तो कार्यक्रम विद्यालयले निरन्तर गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए।

## भैरवी मावि

इन्सेक जिल्ला कार्यालय रामेछापको आयोजनामा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यार्थी र अभिभावकसँगको शैक्षिक गुणस्तरबारे अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख २६ गते

भैरवी मावि सुनारपानीमा सम्पन्न भयो। उक्त कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवकुमार श्रेष्ठको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक रामप्रसाद आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा इन्सेक जिल्ला सहजकर्ता तुलसीबहादुर खड्काले कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेका थिए। उनले शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिहरूबीच सम्बन्ध विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि, कार्यक्रम गरिएको बताएका थिए। कार्यक्रममा अभिभावकहरूले विद्यार्थीहरूको ध्यानलाई मध्यनजर गर्दै शिक्षकले पढाउनुपर्ने, विद्यार्थीहरूले पनि नबुझेको कुरा सोध्ने बानी बसाल्नुपर्ने र विद्यार्थीहरूले विद्यालयमा पुरा पाठ्पुस्तकहरू नहुँदा पढाइमा समस्या परेको कुरा बताएका थिए। त्यसै गरी, शिक्षकहरूले विद्यार्थीहरू नियमित विद्यालय आउनुपर्ने र अभिभावकहरूले पनि विद्यार्थीको पढाइको बारेमा सोधखोज गर्नुपर्ने बताएका थिए। त्यसै गरी, कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामप्रसाद आचार्यले विद्यालयका शिक्षकलाई एकाई परीक्षाफलको लागि डायरी वितरण गरेको र विद्यार्थीहरूको अध्ययनको मूल्याङ्कन गर्ने गरेको बताएका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवकुमार श्रेष्ठले अभिभावकहरूले विद्यार्थीको पढाईमा त्यति चासो नदेखाएको भन्दै बालबालिकाको पढाईमा ध्यान दिन आग्रह गरेका थिए।

## जिल्ला तहका सेवाप्रदायक संस्थाहरूसँग भेटघाट

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय रामेछापले शिक्षा, स्वास्थ्य, खाद्यलगायतका सवालका लागि जिल्ला तहका सेवाप्रदायक संस्थाहरूसँग भेटघाट कार्यक्रम ०७१ वैशाख ८ र ९ गते सम्पन्न गऱ्यो। शिक्षा, स्वास्थ्य, खाद्य अधिकारका लागि सेवाप्रदायक संस्थाहरूलाई सहज उपलब्धताका लागि दबाब सिर्जना गर्ने, सेवाग्राही र सेवाप्रदायकबीच सम्बन्ध विस्तार गर्ने उद्देश्यले सञ्चालित भेटघाट कार्यक्रमको सहजीकरण इन्सेक जिल्ला संयोजक रमेश अधिकारी र जिल्ला सहजकर्ता तुलसीबहादुर खड्काले गरेका थिए।

सो क्रममा जिल्ला शिक्षा कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला विकास कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र मन्थली र घरेलु तथा साना उद्योग कार्यालयमा भेटघाट गरी अनुभव आदानप्रदान गरिएको थियो। भेटघाटको क्रममा घरेलु तथा साना उद्योग कार्यालयमा मेडपा कार्यक्रम गैरसरकारी संस्थाहरूलाई टेण्डरमार्फत दिएर १ सय ४६ जनालाई सीप विकाससम्बन्धी तालिम दिने कार्यक्रम रहेको जानकारी दिइयो। सो कार्यक्रम भलुवाजोर, खिम्ती, भटौली, रामेछाप गाविसमा सञ्चालन गर्न लागिएको पनि जानकारी गराइएको थियो।

त्यसै गरी, पशु सेवा कार्यालयमार्फत जिल्लामा १२ वटा सेवा केन्द्र सञ्चालनमा रहेको, २५/३० गाविसमा ४ हजार गाईभैंसीलाई कृतिम गर्भाधारण गराउने, ५ हजार भाइल एण्टिरेविज भ्याक्सिन ल्याउने, पीपीआर भ्याक्सिन सञ्चालन गर्ने, घाँसको बीउ वितरण गर्नेलगायतका कार्यक्रम भएको जानकारी दिइएको थियो। कृषि विकास कार्यालयमा भेटघाटको क्रममा जाँदा सात वटा सेवा केन्द्र रहेको जानकारी गराइएको थियो। जसमा रामेछाप, वाम्ती, बिजुलीकोट, खनियापानी, चिसापानी, खिम्ती र दोरम्बा ती केन्द्रहरू रहेको जानकारी गराइएको थियो। त्यसै गरी, जिल्लाका ५५ गाविसमा कृषि वन वातावरण समिति बनेको जानकारी प्राप्त भयो। सेवा केन्द्रको मागहरू सङ्कलन गरी बीउ बिजनहरू वितरण गरिने, यस वर्ष सञ्चालनमा रहेका ३५ वटामा २० वटा साना सिचाई सम्पन्न भएको, युवा स्वरोजगार कार्यक्रमअन्तर्गत माछा पालनको लागि ५० हजार दिने योजना रहेको, कागती, सुन्तला, आँप, लिचीको बीउ वितरण गर्दै आएको र धानको बीउ जेठको पहिलो हप्तामा नै वितरण गर्ने जानकारी गराएका थिए।

त्यसै गरी, इन्सेक केन्द्रीय कार्यालय, मध्यमाञ्चल क्षेत्रीय कार्यालय र इन्सेक जिल्ला कार्यालय रामेछापले ०७१ जेठ २९ गते जिल्लामा रहेका जिल्ला शिक्षा कार्यालय, जिल्ला प्रहरी कार्यालय र रामेछाप गाविसमा रहेको जिल्ला कारागारमा भेटघाट सम्पन्न गऱ्यो।

उक्त भेटघाटमा इन्सेक केन्द्रीय कार्यालयका मदन पौडेल, मध्यमाञ्चल क्षेत्रीय कार्यालका संयोजक कृष्ण गौतम, कार्यक्रम प्रमुख विनोद गौतम र इन्सेक जिल्ला संयोजक रामेछापका रमेश अधिकारी र सहजकर्ता तुलसीबहादुर खड्कासहितको टोलीले जिल्लामा शिक्षा, सुरक्षा र जिल्ला कारागारको हालको

अवस्थाको बारेमा जानकारी लिइएको थियो। भेटका क्रममा जिल्ला शिक्षा अधिकारी युवराज पौडेलले गुणस्तरीय शिक्षामा सुधारको लागि आफूले सक्दो प्रयास गरी रहेको बताएका थिए। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रमेश बस्नेतले जिल्लाको शान्ती सुरक्षा सवल रहेको र सदै यस्तै राखी राख्नको लागि प्रयत्न गरी रहने बताए। जिल्ला कारागारका जेलर उद्धव बरालले क्षमताभन्दा बढी कैदीहरू भएकोले व्यवस्थापनमा समस्या रहेको बताएका थिए। उक्त भेटघाटमा इन्सेक मध्यमाञ्चलका क्षेत्रीय संयोजक कृष्ण गौतमले कारागारको लाइब्रेरीको लगि पुस्तक उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए।

## हाजिरीजवाफ प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) रामेछापको आर्थिक सहयोग तथा रुद्राक्षेश्वर बालअधिकार चेतना समूहको आयोजनामा रुद्राक्षेश्वर उच्च मावि मुगिटारमा ०७१ जेठ ९ गते हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा बाढी, पहिरो, भूकम्प र वृक्षारोपण गरी चार समूहले प्रतिस्पर्धा गरेका थिए। कार्यक्रममा पहिरो समूह १५ अङ्क प्राप्त गरी प्रथम, वृक्षारोपण समूह १४ अङ्क प्राप्त गरी द्वितीय र बाढी समूह ११ अङ्क प्राप्त गरी तृतीय भएका थिए। प्रतियोगितामा विजयी समूहहरूलाई पुरस्कार प्रदान गरिएको थियो।

त्यसै गरी, निलकण्ठेश्वर बालअधिकार चेतना समूहको आयोजनामा ०७१ जेठ ९ गते बालअधिकारसम्बन्धी हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो। हाजिरी जवाफ प्रतियोगितामा ए, वि, सि, डि र इ गरी पाँच समूहहरू सहभागी थिए। प्रतियोगितामा समूह डी प्रथम, समूह बी द्वितीय, समूह सी तृतीय र समूह ए सान्त्वना भएका थिए। कार्यक्रममा विजयी विद्यार्थीहरूलाई विद्यालयका प्रधानाध्यापक रामचन्द्र अधिकारीले पुरस्कार वितरण गरेका थिए।

त्यस्तै, भैरवी बालअधिकार चेतना समूहको आयोजनामा ०७१ जेठ २३ गते भैरवी मावि सुनारपानीमा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा धौलागीरी, अन्नपूर्ण, सगरमाथा र माछापुच्छ्रे सदन गरी चार सदनले प्रतिस्पर्धा गरेका थिए। कार्यक्रममा अन्नपूर्ण सदन प्रथम, धौलागीरी सदन द्वितीय र सगरमाथा सदन तृतीय भएका थिए। प्रतियोगिताका विजयी सदनलाई भैरवी मावि प्रधानाध्यापक रामप्रसाद आचार्यले पुरस्कार वितरण गरेका थिए।

## निबन्ध प्रतियोगिता

त्यस्तै, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) रामेछापको आर्थिक सहयोग तथा निलकण्ठेश्वर बालअधिकार चेतना समूहको आयोजनामा ०७१ जेठ ६ गते गते निलकण्ठेश्वर उमावि कठजोरमा निवन्ध प्रतियोगिता सम्पन्न भयो। विद्यार्थी जीवनमा अनुशासनको महत्त्व विषयक निबन्ध प्रतियोगितामा सात जना विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा गोमा गिरी प्रथम, कुमार श्रेष्ठ द्वितीय, करिना सिद्धिकी तृतीय र गोमा श्रेष्ठ सान्त्वना भएका थिए।

## लोकगीत तथा नृत्य प्रतियोगिता

यस्तै, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) रामेछापको आर्थिक सहयोग तथा तामाकोसी बालअधिकार चेतना समूहको आयोजनामा ०७१ जेठ १६ गते तामाकोसी जनजागृती उमावि खिम्तीमा लोकगीत तथा नृत्य कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा १४ जना विद्यार्थीहरूले भाग लिएका थिए। गायनतर्फ बुद्ध रानामगर प्रथम, सुमित्रा सुनुवार द्वितीय र शोभा खड्का तृतीय भएका थिए। त्यस्तै नृत्यतर्फ सोनिया पाण्डे प्रथम, सरस्वती श्रेष्ठ द्वितीय र कृष्ण माझी तृतीय भएका थिए। कार्यक्रममा विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो।

## वक्तृत्वकला प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) रामेछापको आर्थिक सहयोग तथा बालअधिकार चेतना समूहको आयोजनामा ०७१ जेठ २२ गते नागकन्या मावि, मन्थलीमा हाम्रो राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोगमा विद्यार्थीको भूमिका विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा छ जनाले प्रतिस्पर्धा गरेका थिए। कार्यक्रममा उमा ढुङ्गाना प्रथम, यसोदा घिमिरे द्वितीय, नविन माझी तृतीय र स्वस्तिका ढुङ्गानाले सान्त्वना पुरस्कार प्राप्त गरेकी थिइन्। प्रतियोगितामा विजयी समूहहरूलाई नागकन्या माविका प्रधानाध्यापक बुद्धिराज फुयाँलले पुरस्कार प्रदान गरेका थिए।

## जिल्ला तहका सेवाप्रदायक संस्थाहरूसँग अन्तरक्रिया

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) रामेछापको आयोजनामा ०७१ जेठ २३ गते मन्थलीमा जिल्ला तहका सेवाप्रदायक संस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। इन्सेक जिल्ला संयोजक रमेश अधिकारीको अध्यक्षता तथा जिल्ला शिक्षा अधिकारी युवराज पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा जिल्लामा रहेका सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, गैरसरकारी संस्थाहरूका प्रमुख एवम् प्रतिनिधिहरू, पत्रकारलगायतको सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्यबारे इन्सेक जिल्ला संयोजक रमेश अधिकारीले प्रकाश पारेका थिए। सो अवसरमा उनले जिम्मेवार निकायले उपलब्ध गराउने सेवा र सुविधाको उपलब्धताको अवस्था र सुधारका उपायको खोजी गर्ने कार्यक्रम सञ्चालन गरिएको बताएका थिए।

कार्यक्रममा जिल्ला शिक्षा अधिकारी युवराज पौडेलले रामेछाप जिल्लामा पूर्ण साक्षरता कार्यक्रमको उपलब्धि र चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रममा पशु सेवा कार्यालयका प्रतिनिधि मुकुन्दबहादुर खड्का, जिल्ला विकास समितिका कार्यक्रम अधिकृत गोविन्द कट्टेल, घरेलु तथा साना उद्योग सङ्घका प्रमख बैकुण्ठ दाहाल, कृषि विकास कार्यालयका विष्णु चौलागाई, गैसस महासङ्घका अध्यक्ष वीरेन्द्र श्रेष्ठ, पत्रकार बद्री नयाँघरे, सिर्जनशील युवा समाज रामेछापका भुवनकुमार श्रेष्ठलगायतले भनाइ राखेका थिए।

सहभागीहरूले कार्यक्रम ग्रामीणस्तरमा रहेको समुदायसँग बसेर गर्दा राम्रो हुने बताएका थिए। उनीहरूले दक्ष जनशक्तीको कमीले सेवा प्रवाह प्रभावकारी हुन नसकेको बताए। रामेछाप जिल्लामा पाँच प्रतिशत बालबालिका विद्यालय जान छुटेको सो कार्यक्रममा जानकारी गराइएको थियो। यसै गरी, यातायातको असुविधाका कारण पनि सेवा उपलब्ध गराउन समस्या भएको बताएका थिए।



अन्तरक्रिया कार्यक्रममा उपस्थित सहभागीहरू

## स्थानीय मानवअधिकारका सवालबारे संवाद

इन्सेक जिल्ला कार्यालय रामेछापको मानवअधिकार शिक्षा कार्यक्रम सञ्चालन भएको रामेछाप जिल्लाको नागदह गाविसमा ०७१ जेठ २३ गते स्थानीय मानवअधिकार सवालबारे संवाद कार्यक्रम सम्पन्न भयो। स्थानीयस्तरमा देखिएका मानवअधिकारका विषयमा स्थानीय सरोकारवाला र समुदायका सदस्यहरूसँग संवाद गरिएको थियो। संवाद कार्यक्रम गाविसमा रहेका कृषि सेवा केन्द्र, इलाका प्रहरी कार्यालय, हुलाक कार्यालय, स्थानीय समुदायका सदस्यहरू, स्वास्थ्य चौकीका प्रतिनिधि, राजनीतिक दलहरूलगायत सरोकारवाला निकायसँग छुट्टाछुट्टै भेटघाट गरी संवाद गरिएको थियो। भेटघाटको क्रममा इलाका प्रहरी कार्यालय धोवीले नागदह गाविसमा पहिलेको अवस्थाभन्दा अहिले शान्ति सुरक्षा राम्रो रहेको जानकारी दिएको थियो। त्यस्तै कृषी सेवा केन्द्रले दिने सेवा सुविधा आम स्थानीयबासीलाई दिइरहेको तर न्यून कर्मचारीका कारण सबै क्षेत्रमा अनुगमन गर्न नसकिएको गुनासो कृषि कर्मचारीले गरेका थिए। अन्य सरोकारवाला निकाय तथा राजनितीक दलले आफ्नो तर्फबाट स्थानीय समस्यालाई मध्यनजर गरी त्यसको समाधानको लागि निरन्तर लागिरहेको र लागिरहने प्रतिबद्धता व्यक्त गरेका थिए। संवाद कार्यक्रममा इन्सेक संयोजक रमेश अधिकारी र इन्सेक सहजकर्ता तुलसीबहादुर खड्काको उपस्थित रहेको थियो।

## गाविस तहका सेवाग्राही र सेवाप्रदायकबीच समन्वय बैठक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय रामेछापको आयोजनामा ०७१ जेठ २४ गते नागदह गाविसमा सेवाग्राही र सेवाप्रदायकबीच समन्वय बैठक सम्पन्न भयो। नागदह गाविसका सचिव वीरेन्द्रकुमार झाको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक संस्थाका प्रतिनिधि, विभिन्न राजनीतिक

दलका प्रतिनिधि, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, विद्यालयका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रमको उद्देश्य तथा औचित्यमाथि प्रकाश पार्दै इन्सेकका जिल्ला संयोजक रमेश अधिकारीले गाविसमा रहेका सेवाग्राही र सेवाप्रदायकबीच समन्वय, मेलमिलापको बातावरण बनाउनका लागि कार्यक्रम गरिएको बताए। उनले इन्सेकको परियोजना सकिएकोले आगामी दिनमा यस्ता कार्यक्रमहरूलाई गाविसले नै निरन्तरता दिनुपर्ने कुरामा जोड दिएका थिए। कार्यक्रममा नेपाली काङ्ग्रेस नागदह प्रतिनिधि जयबहादुर बुढाथोकी, नेकपा एमालेका आसबहादुर तामाङ, कृषि सेवा केन्द्र धोवीका नन्दराज ओली, इलाका प्रहरी कार्यालय धोवीका सहायक निरीक्षक ध्रुवनारायण चौधरी लगायतले इन्सेकले नागदह गाविसका जनतालाई अधिकार, कर्तव्य र सहभागिताको लागी उत्पेरणा दिएको बताएका थिए। कार्यक्रममा गाविस सचिव वीरेन्द्रकुमार झाले यो वर्ष सम्पन्न गर्नुपर्ने विभिन्न शीर्षकका कार्यक्रमहरू तुरुन्तै सम्पन्न गर्नको लागि सबैले सहयोग गर्नुपर्ने बताएका थिए। उनले इन्सेकले सञ्चालन गरेको समन्वय बैठकले स्थानीय समुदायसँग आफूलाई काम गर्न सहज भएको बताउँदै यस्ता प्रकृतिका कार्यलाई गाविसले निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरूले पनि आ-आफ्नो क्षेत्रबाट सेवा प्रवाह गर्ने, हकअधिकार दिलाउने सम्बन्धमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण इन्सेक सहजकर्ता तुलसीबहादुर खड्काले गरेका थिए।

## इन्सेकको चार बर्से कार्यक्रम समीक्षा तथा प्रशंसा-पत्र वितरण कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय रामेछापको आयोजना तथा मानवअधिकार संरक्षण सञ्जाल रामेछापको समन्वयनमा ०७१ असार १७ गते इन्सेकको कार्यक्रम समीक्षा तथा प्रशंसापत्र वितरण कार्यक्रम सम्पन्न भयो।



**प्रशंसा-पत्र प्रदान गर्दै इन्सेक जिल्ला संयोजक रमेश अधिकारी (बाँयाबाट दोस्रो)**

कार्यक्रमा इन्सेकका कार्यक्रम सञ्चालित पाँच विद्यालयहरू नागकन्या मावि मन्थली, निलकण्ठेश्वर उमावि कठजोर, तामाकोसी जनजागृति उमावि खिम्ती, रुद्राक्षेश्वर उमावि भटौली, भैरवी मावि सुनारपानीका शिक्षकहरू, जिल्लाका मानवअधिकारकर्मीहरू, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो। कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि नवराज पथिकले इन्सेकले रामेछापमा चार वर्ष सञ्चालन गरेका क्रियाकलापहरू तथा त्यसका उपलब्धि र चुनौतीका बारेमा जानकारी गराएका थिए। कार्यक्रममा विद्यालयका शिक्षकहरूले आ-आफ्ना अनुभवहरू सुनाएका थिए। कार्यक्रममा गैसस महासङ्घका उपाध्यक्ष मिलन कुमार घिसिङ, नेपाल बार रामेछापका अध्यक्ष विचारसिंह दोङ, इन्सेक जिल्ला संयोजक रमेश अधिकारी, आदिवासी जनजाति महासङ्घका अध्यक्ष खड्गबहादुर आलेमगर नागदह गाविसका सचिव वीरेन्द्रकुमार झालगायतले मन्तव्य राखेका थिए। उनीहरूले इन्सेकले परियोजनका कार्यक्रमबाहेक अन्य क्रियाकलापमा पनि मानवअधिकारको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरेको बताएका थिए। सरकारको संयन्त्रले नै राम्रोसँग काम नगरेको अवस्थामा पनि इन्सेकले सफलतापूर्वक काम सम्पन्न गरेकोमा इन्सेक रामेछाप टिमलाई बधाई ज्ञापन समेत गरेका थिए। सोही कार्यक्रममा कार्यक्रम सञ्चालन गर्नमा सहयोग गर्ने विद्यालय तथा शिक्षकहरूलाई प्रशंसापत्र प्रदान गरिएको थियो।

# पश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम

## त्रैमासिक समीक्षा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको आयोजनामा नेपाल मानवअधिकार वर्षपुस्तक २०१५ को कास्की जिल्लास्तरीय त्रैमासिक पूर्व समीक्षा कार्यक्रम ०७१ असार १९ गते पोखरामा सम्पन्न भयो। कार्यक्रममा इन्सेक प्रतिनिधि सनबहादुर थापाले सन् २०१४ को अप्रिलदेखि जुनसम्म कास्की जिल्ला बालअधिकारका १४ र महिलाअधिकारका २६ ओटा घटना भएको र एक महिलाको परिवारजनबाट हत्या गरिएको प्रतिवेदन प्रस्तुत गरे। इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महतले सरोकारवाला निकायसँगको सुझावअनुसार प्रतिवेदनलाई पूर्णता दिई यथार्थपरक र विश्वसनीय बनाउनका लागि त्रैमासिक रूपमा जिल्लास्तरमा पूर्व समीक्षा गरिएको प्रष्ट पारेका थिए। उक्त कार्यक्रममा कानुनव्यवसायी, सञ्चारकर्मी, प्रशासनिक निकाय, मानवअधिकारकर्मी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा कास्की जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक बसन्तकुमार लामाले महिला र बालबालिकामाथि हुने जुनसुकै घटनामा संवेदनशील भएर काम गरेको जानकारी दिँदै कसैसँग कुनै सम्झौता नगर्ने बताए। सोही क्रममा उनले महिला र बालबालिकासँग सम्बन्धित घटनामा संवेदनशील बन्न सरोकारवाला निकायसँग आग्रहसमेत गरे। जिल्ला सरकारी वकील कार्यालयका न्यायाधिवक्ता योगनाथ ढकालले पीडित र पीडक दुवैको मानवअधकिार हनन् नहुने गरी आवश्यक प्रमाणसहित कानुनी प्रक्रिया अगाडि बढाउनुपर्ने बताउँदै महिला र पुरुषको अधिकारका सम्बन्धमा भएका विभेदकारी कानुनलाई




त्रैमासिक समीक्षा कार्यक्रममा उपस्थित सहभागीहरू

संशोधन गरी दुवैपक्षलाई समान न्याय हुने कानुन निर्माण गरिनुपर्नेमा धारणा व्यक्त गरे। जिल्ला अदालत बार एशोसिएसनका अध्यक्ष पदमपाणि देवकोटाले वर्षपुस्तकमा अपराध र मानवअधिकारको घटनालाई छुट्टाछुट्टै रूपमा उल्लेख गरेर समेट्नुपर्ने सुझाव दिए। कार्यक्रममा सहभागीहरूले बालबालिकाको मुद्दामा उमेरको हदलाई विशेष ख्याल गरिनुपर्ने, बहुविवाहका घटना, घरेलु हिंसा, बन्द हड्ताल, शिक्षण संस्थाभित्र हुने घटनालाई विवरणमा नभई तथ्याङ्कगत रूपमा समावेश गरिनुपर्ने, उल्लङ्घनका केही प्रतिनिधिमूलक घटनालाई विश्लेषणात्मक रूपमा समावेश गरिनुपर्ने सुझावहरू दिएका थिए।

## वार्षिक कार्यक्रम समीक्षा कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा क्षेत्रीय वार्षिक समीक्षा तथा अनुभव आदान-प्रदान कार्यक्रम ०७१ असार ५ गते पोखरामा सम्पन्न भयो। कार्यक्रममा बोल्दै इन्सेक केन्द्रीय कार्यालयका लेखा तथा प्रशासन




वार्षिक कार्यक्रम समीक्षा कार्यक्रममा आफ्ना भनाइ राख्दै इन्सेक व्यवस्थापन प्रमुख प्रेमप्रसाद पराजुली

कार्यक्रम व्यवस्थापक प्रेम पराजुलीले इन्सेकद्वारा विगतमा नागरिक तथा राजनीतिक अधिकारका विषयमा मानवअधिकार सचेतना कार्यक्रम सञ्चालन गरिएकोमा आगामी दिनमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा केन्द्रित रहेर ग्रामीणस्तरमा कार्यक्रम सञ्चालन गरिने बताए। साही क्रममा आगामी आर्थिक वर्षदेखि थोरै जनशक्तिमा धेरै काम गर्ने गरी नयाँ रणनीतिका साथ १५ जिल्लाका ४५ गाविसमा कार्यक्रम सञ्चालन गरिने जानकारी दिए। कार्यक्रममा पीएमई एकाइ प्रमुख पोषराज अधिकारीले कार्यक्रम

सञ्चालनका क्रममा भोग्नु परेका समस्या, कार्यक्रमका उपलब्धिहरू, आगामी दिनमा गर्नुपर्ने कार्यहरू तथा सिकाइबारे समीक्षा गर्नका लागि कार्यक्रम आयोजना गरिएको बताए।

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराका संयोजक भोला महतले इन्सेकले आगामी आर्थिक वर्षदेखि ग्रामीण क्षेत्रलाई केन्द्रित गरी नयाँढङ्गले कार्यक्रमहरू सञ्चालन गर्न लागेको बताउँदै पाँचओटै विकास क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको एकैसाथ समीक्षा गरिएको जानकारी दिए। कार्यक्रममा इन्सेकद्वारा पाँचओटै विकास क्षेत्रका १० जिल्लामा सञ्चालित कार्यक्रमहरूको बारेमा जिल्लागत र क्षेत्रगत रूपमा सम्पन्न कार्यक्रमको बारेमा समीक्षा र अनुभव आदान-प्रदान गरिएको थियो।

## समन्वयात्मक बैठक

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको आयोजनामा 'मानवअधिकार रक्षकहरूको अवस्थासम्बन्धी समन्वयात्मक बैठक' ०७१ जेठ २९ गते पोखरामा सम्पन्न भयो। कार्यक्रमका सहभागीहरूले विशेषगरी समाचार लेखेको आधारमा सञ्चारकर्मीमाथि आक्रमण तथा धम्की आउने गरेको, व्यक्तिगत कारणले समेत मानवअधिकार रक्षकमाथि आक्रमण र आरोप लगाउने गरेको बताएका थिए। कार्यक्रमका सहभागीहरूले राज्यका निकायसँग सुरक्षाको माग गर्ने निर्णयसमेत गरेको थियो। अरुको अधिकारको बारेमा वकालत गर्ने र आवाज उठाउने मानवअधिकार रक्षकहरू माथि नै विभिन्न कारणले धम्कीआउने तथा आक्रमण हुने गरेको भन्दै बैठकमा सहभागीहरूले राज्यकानिकायलाई त्यसतर्फ विशेष ध्यान दिन आग्रह गर्ने निर्णय गर्नुका साथै मानवअधिकार रक्षकहरू सहकार्य र समन्वयगर्दै अगाडि बढ्नुपर्ने भन्दै सरकारी तथा अन्य सरोकारवाला निकायसँग निरन्तर समन्वय गर्ने निर्णय गरेका थिए।

बैठकमा इन्सेक पोखराका सहायक प्रलेख अधिकृत टङ्क खनालले कामको सिलसिलामा जोखिममा परेका मानवअधिकार रक्षकहरूलाई आपतकीलन उद्धार र सहयोगका लागि इन्सेकले मानवअधिकार रक्षक परियोजना सञ्चालन गरेको जानकारी दिए। बैठकमा शान्तिका लागि नागरिक समाजको सञ्जालका प्रतिनिधि, मानवअधिकारकर्मीहरू, कानुनव्यवसायी, महिला मानवअधिकार रक्षकहरूलगायतको सहभागिता रहेको थियो।

## इन्सेक केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयको संयुक्त अनुगमन

इन्सेक केन्द्रीय कार्यालय र पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको संयुक्त कार्यक्रम अनुगमन ०७१ जेष्ठ २६ देखि ३० गतेसम्म सम्पन्न भयो। उक्त अवसरमा स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने (इएलपी) कार्यक्रम सञ्चालित जिल्लाहरू गुल्मी र तनहुँमा कारागार अनुगमन, कार्यक्रम सञ्चालित गाविसहरू नयाँगाउँ गाविस गुल्मी र ढोरफिर्दी गाविस तनहुँमा मानवअधिकार निगरानी समूहहरूका पदाधिकारीहरू, गाविसस्थित सरकारी निकायका पदाधिकारीहरू, गाविस सचिव, शिक्षक, नागरिक समाजका प्रमुखहरू, कारागार प्रमुख, कारागारका बन्दीहरूसँग भेटघाट तथा अन्तरक्रिया गरिएको थियो। सोही अवसरमा गुल्मी र तनहुँ जिल्लामा सञ्चालित बालअधिकार प्रवर्धन कार्यक्रमअन्तर्गत बालअधिकार चेतना समूहका बालबालिकासँग पनि छलफल तथा अन्तरक्रिया गरिएको थियो। सोही अवसरमा कारागारका बन्दीहरूको समस्या, विद्यालयबाट बाहिर रहेका बालबालिकाको समस्या, विद्यालय भर्ना अभियान, बालअधिकार चेतना समूहका पदाधिकारीहरूको परिचालन र सृजनात्मक कामहरूको बारेमा, भित्तेपत्रिका, होडिङबोर्ड आदिको बारेमा छलफल गरिएको थियो।

सोही अवसरमा मानवअधिकार रक्षकहरूसँग उहाँहरूको अवस्था र चुनौती विषयमा छलफल तथा संवाद कार्यक्रम सम्पन्न गरिएको थियो। अनुगमन टोलीमा इन्सेक केन्द्रीय कार्यालयका प्रशन्नता वस्ती, इन्सेक क्षेत्रीय कार्यालयका क्षेत्रीय संयोजक भोला महत, कार्यक्रम संयोजक सवनम शर्माको सहभागीता रहेको थियो। अनुगमनका क्रममा इन्सेकद्वारा सञ्चालित कार्यक्रमहरूलाई कसरी दिगोपन दिन सकिन्छ भन्ने बारेमा समेत छलफल भएको थियो। त्यसमा गाविस सचिवहरूले आगामी दिनमा वडा परिषद् र गाउँ परिषद्मा यस्ता प्रकृतिका कार्यक्रमहरूको लागि गाविसद्वारा बजेट छुट्याउनेसमेत प्रतिबद्धता व्यक्त गरेका थिए। त्यसै गरी, जिल्ला शिक्षा कार्यालयका प्रमुख हरि गौतमले इन्सेकद्वारा कार्यक्रम सञ्चालित

पाँचवटै विद्यालयहरूको लागि जिल्ला शिक्षा कार्यालय, तनहुँबाट वार्षिक २ हजार रुपियाँका दरले पठाउनका लागि विद्यालयलाई पत्राचार समेत गरिसकेको छ।

## पश्चिमाञ्चल क्षेत्रको मानवअधिकार स्थिति सार्वजनिक

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा 'पश्चिमाञ्चल क्षेत्रको मानवअधिकार स्थिति' सार्वजनिक कार्यक्रम ०७१ जेठ १४ गते पोखरामा सम्पन्न भयो। उक्त कार्यक्रममा इन्सेक कार्यकारी निर्देशक विजयराज गौतमले पछिल्लो समय पारिवारिक कारणले समाजमामहिला र बालबालिकामाथि हिंसाका घटना बढ्दै गएको बताए। त्यसै गरी, मानवअधिकार उल्लङ्घनमा केही कमी आएपनि प्रवृत्तिमा भने सुधार नआएको उनले बताए। समाजमा महिला र बालबालिकामाथि हुने हिंसाका घटना नरोकिएको बताउँदै उनले विगतदुईदशकदेखि इन्सेकले मानवअधिकारको लागि पहरेदारको रूपमा भूमिका निर्वाह गर्दै आएको जानकारी दिए। उनले ग्रामीणस्तरका नागरिकमा अधिकारको बारेमा सचेतना पुऱ्याउन जिम्मेवार निकायलाई जवाफदेही बनाउने अभियान पछिल्लो समयमा सञ्चालन गरिएको बताएका थिए। उक्त अवसरमा सन् २०१४ को जनवरीदेखि मार्चसम्म पश्चिमाञ्चल क्षेत्रमा भएका १ सय ८५ ओटा मानवअधिकार उल्लङ्घनका घटनासहितको प्रतिवेदन इन्सेक क्षेत्रीय कार्यालयले सार्वजनिक गरेको थियो। प्रतिवेदन सार्वजनिक गर्दै इन्सेकका क्षेत्रीय संयोजक भोला महतले सबैभन्दा बढी घरेलु हिंसाबाट १ सय २६ जना महिला र यौनजन्य हिंसाबाट ३७ जनाबालिका पीडित भएको बताए। उनले यस अवधिमा परिवारजनबाट दुई जना महिला र एक नाबालिकाको हत्या भएको, बेवारिसे विस्फोटनमा दुईजना बालक घाइते भएको तथा बोक्सी आरोपमा कुटपिट र जातीयविभेद जस्ता घटना भएको जानकारी दिए। राष्ट्रिय मानवअधिकार आयोग पोखराका निमित्त निर्देशक डा. टीकाराम पोखेलले राज्यपक्षबाट प्रत्यक्ष रूपमा मानवअधिकार उल्लघन नभए पनि गैरराज्यपक्षबाट भएको उल्लङ्घनमा समेत अप्रत्यक्ष रूपमा राज्य नै जिम्मेवार रहेको बताए। उनले उल्लङ्घनका घटनालाई कानुनी दायरामा ल्याएर कारबाही गर्ने जिम्मेवार निकाय भएकोले




**कार्यक्रममा आफ्ना भनाइ राख्दै इन्सेक कार्यकारी निर्देशक विजयराज गौतम**

मानवअधिकार संरक्षण र सम्बर्द्धनमा राज्यको प्रमुख दायित्व रहने बताए। कार्यक्रममा राजनितिक दलका प्रतिनिधिहरू, पत्रकार, कानुनव्यवसायी, मानवअधिकार सङ्घसंस्थाका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो।

## छलफल कार्यक्रम

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा र शान्तिको लागि नागरिक समाजको सञ्जालको संयुक्त आयोजनामा 'आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार' विषयक छलफल कार्यक्रम ०७१ जेठ ७ गते पोखरामा सम्पन्न भयो। कार्यक्रममा सहभागीहरूले गुणस्तरीय शिक्षा, स्वास्थ्य र खाद्य अधिकार राज्यले प्रत्याभूत गर्नु पर्नेमा जोड दिएका थिए। त्यसै गरी, उनीहरूले समग्र मानवअधिकारको अवस्थालाई बलियो बनाउन आर्थिक, सामाजिक सांस्कृतिक अधिकारको सुनिश्चित हुनु पर्नेमा जोड दिएका थिए। कार्यक्रममा बोल्दै इन्सेक कार्य समितिका सदस्य रमेशचन्द्र पौडेलले नागरिक तथा राजनीतिक अधिकारसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उत्तिकै महत्त्वपूर्ण भूमिका हुने बताए। उनले आर्थिक, सामाजिक असमानताको कारण समाजमा द्वन्द्व सिर्जना भएको उल्लेख गर्दै स्वास्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार र उपभोक्ताको अधिकारलाई राज्यले सम्बोधन गर्न जरुरी रहेको बताएका थिए। राष्ट्रिय मानवअधिकार आयोग पोखराका निमित्त निर्देशक यज्ञप्रसाद अधिकारीले नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुदृढ नभएसम्म मानवअधिकारको संरक्षण र सम्बर्द्धन हुन नसक्ने बताए। वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बरालले मुलुकमा सुशासन कायम हुन नसक्दा मानवअधिकारको अवस्था सुधार हुन नसकेको भन्दै

स्रोत, साधन र जनशक्तिको उचित व्यवस्थापन हुनु पर्नेमा बताए। कार्यक्रममा शान्तिका लागि नागरिक समाजका पदाधिकारीहरू, अधिवक्ता, मानवअधिकार सङ्घसंस्थाका पदाधिकारीलगायतले आफ्ना विचार राखेका थिए। शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराका संयोजक तिलकप्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन इन्सेक पोखराकी कार्यक्रम संयोजक सवनम शर्माले गरेकी थिईन।

## अभिमुखीकरण तालिम

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा 'शिक्षा, स्वास्थ्य र खाद्य अधिकारसम्बन्धी आधारभूत अध्ययन' अभिमुखिकरण तालिम ०७१ वैशाख २२ र २३ गते पोखरामा सम्पन्न भयो। यस अभिमुखिकरण तालिममा पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत १५ जिल्लाका २६ जनाको सहभागिता रहेको थियो। शिक्षा स्वास्थ्य र खाद्य अधिकारका विषयमा समुदायले भोग्नु परेका समस्या, चुनौतीहरू र सम्भावनालगायत समग्र अवस्थाको बारेमा इन्सेकले देशका पाँचओटै क्षेत्रअन्तर्गतका १५ जिल्लास्थित ३७ ओटा गाविसमा शिक्षा, स्वास्थ्य र खाद्यको अवस्थासम्बन्धी वेसलाइन सर्भे गर्न लागेको हो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत शिक्षा, स्वास्थ्य र खाद्यजस्ता मानवअधिकारका आधारभूत सवालका बारेमा अध्ययन गरी जिम्मेवार निकायलाई थप जिम्मेवार र जवाफदेही बनाउनका लागि वेसलाइन सर्भे सञ्चालन गर्ने उद्देश्य रहेको थियो। कार्यक्रममा अध्ययन अनुसन्धानसम्बन्धी परामर्शदाता डा. पद्मप्रसाद खतिवडा, दिनेश खनाल, मानवअधिकार शिक्षा कार्यक्रम प्रमुख सुशील चौधरी, इन्सेक क्षेत्रीय कार्यालय, पोखराका संयोजक भोला महतले सहजीकरण गरेका थिए।

## अन्तरक्रिया कार्यक्रम

इन्सेक पोखराको सहकार्य तथा न्यायका लागि द्वन्द्वपीडित समाजको संयुक्त आयोजनामा द्वन्द्व पीडितलाई न्याय कहिले ? विषयक अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख १७ गते पोखरामा सम्पन्न भयो। उक्त कार्यक्रममा बोल्दै पीडितहरूले सर्वोच्च अदालतको निर्देशनात्मक आदेश विपरीत पारित गरिएको विधेयकबाट द्वन्द्वपीडितहरूले न्याय पाउनेमा आशङ्का व्यक्त गरेका थिए। सशस्त्र द्वन्द्वको क्रममा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा कुनै पनि हालतमा माफी दिन नसकिने द्वन्द्वपीडितले बताएका थिए। द्वन्द्वका समयमा भएका गैरन्यायिक हत्या, जबरजस्ती बेपत्ता, यातना तथा बलात्कारजस्ता गम्भीर प्रकृतिका घटनामा संलग्न दोषीलाई आममाफी दिन नसकिने बताउँदै उनीहरूले संसदबाट पारित भएको सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानविनसम्बन्धी विधेयकले द्वन्द्व पीडितको पीडा र मागलाई सम्बोधन गर्न नसक्ने बताएका थिए। कार्यक्रममा बोल्दै राष्ट्रिय मानवअधिकार आयोग पोखराका निर्देशक यज्ञप्रसाद अधिकारीले द्वन्द्वकालका जघन्य अपराधमा माफी दिन नमिल्ने र आममाफी दिएमा पीडितले न्यायको अनुभूति गर्न नसक्ने बताए। उनले कस्ता घटनामा माफी दिने र नदिने भन्ने विषय नितान्त पीडितसँग सम्बन्धित भएको हुँदा त्यसमा राज्यले हस्तक्षेप गर्न नमिल्ने बताए। वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बरालले द्वन्द्वकालमा भएका घटनालाई आयोगले सत्य, तथ्य रूपमा छानविन गरी सम्बोधन गर्नुपर्ने र द्वन्द्वपीडितलाई धोका दिन नहुने बताए। द्वन्द्वपीडित समाज कास्कीका अध्यक्ष कृष्णप्रसाद पराजुलीले आयोग गठन नहुँदा द्वन्द्वपीडितहरू सँधै पीडामा थिचिएर बस्न बाध्य भएकोले द्वन्द्वपीडित, अधिकारकर्मी, विज्ञलाई समावेश गरी आयोग गठन गरी सत्य, तथ्य छानविन गर्नुपर्नेमा जोड दिए। उनले विधेयकमा आममाफीको प्रावधानले पीडितलाई न्याय दिलाउन नसक्ने बताउनुभयो। इन्सेकका



अन्तरक्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक यज्ञ अधिकारी

क्षेत्रीय संयोजक भोला महतले सर्वोच्च अदालतको निर्देशनअनुसार आयोग बन्न नसकेको उल्लेख गर्दै आयोगले पीडितलाई कत्तिको न्याय, परिपूरण दिन सक्छ भन्ने कुरा महत्त्वपूर्ण भएको बताए। कार्यक्रममा नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष, बेपत्ता परिवार समाजका अध्यक्ष, द्वन्द्व पीडितहरूलगायतले विधेयक पारित भए तापनि आयोग बनेर पीडितहरूले न्याय पाउनेमा विश्वस्त हुन नसकेको र पीडितहरूको पीडालाई सम्बोधन गरी सङ्क्रमणकालीन अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिए। न्यायका लागि द्वन्द्वपीडित समाजका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षता र सचिव जमुना शर्माको सञ्चालनमा सम्पन्न कार्यक्रममा द्वन्द्वपीडित, नागरिक समाज, अधिकारकर्मी, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो।

## अन्तरसंवाद कार्यक्रम

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा र एभिन्यूज टेलिभिजनद्वारा 'मानवअधिकारमैत्री संविधान निमाणमा सभासद्हरूको भूमिका' विषयक अन्तरसंवाद कार्यक्रम ०७१ वैशाख १३ गते पोखरामा आयोजित सम्पन्न भयो। उक्त कार्यक्रममा बोल्दै सभासद्हरूले आगामी संविधान मानवअधिकारमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रममा बोल्दै नेपाली काङ्ग्रेसबाट निर्वाचित सभासद् यज्ञबहादुर थापाले आमसमुदायको हक, हित र अधिकार सुनिश्चित हुने गरी मानवअधिकारमैत्री संविधान निर्माण गरिने बताए। उनले अघिल्लो संविधानसभाले संविधान जारी गर्न नसके पनि अब आमनागरिकको मानवअधिकारमैत्री सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान आगामी माघ महिनाभित्रमा जारी गरी छाड्ने ठोकुवा




**अन्तरसंवाद कार्यक्रममा आफ्ना भनाइ राख्दै इन्सेक क्षेत्रीय संयोजक भोला महत**

गरे। नेकपा एमालेबाट निर्वाचित सभासद् रविन्द्र अधिकारीले संविधान मानवअधिकारमैत्री बनाउन पहल गर्ने बताउँदै अधिकारसँगै आमनागरिकले आफ्नो कर्तव्यको पालना गर्नुपर्नेमा जोड दिए। सङ्क्रमणाकालीन अवस्था लम्बिँदै गएकोले राजनीतिक दलहरूबीच सम्झौता भई बेपत्ता पारिएका व्यक्त गरेमात्र सदनबाट पारित भएको जानकारी दिए। उनले संविधानमा आमनागरिकका अधिकारलाई सुनिश्चित गरिने बताए। कार्यक्रममा सहभागी नागरिक समाज, मानवअधिकारकर्मी, कानुनव्यवसायी, सञ्चारकर्मी, प्राध्यापक, तेश्रो लिङ्गी, दलित, महिला, आदिवासी जनजातीलगायतले मानवअधिकार मैत्री संविधानमा सबै वर्ग, क्षेत्र र समुदायका हक अधिकारलाई मौलिक हकको रूपमा समावेश गरिनुपर्ने बताए। उनीहरूले आमाको नामबाट नागरिकता प्रदान गरिने विषयलाई कडाईका साथ कार्यान्वयन गरिनुपर्ने व्यवस्था उल्लेख गरिनुपर्ने, स्वास्थ्यको अधिकार, रोजगारीको अधिकार, खाद्य अधिकार तथा द्वन्द्व पीडित, लैङ्गिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा जेष्ठ नागरिकका अधिकारलाई संविधानमा सुनिश्चित गर्नका लागि आग्रह गरेका थिए। कार्यक्रममा बोल्दै इन्सेक पोखराका क्षेत्रीय संयोजक भोला महतले संविधान मानवअधिकारमैत्री निर्माणका लागि स्थानीयस्तरबाट दबाब सृजना गर्ने उद्देश्यले सभासद् र नागरिक समाजबीच अन्तरसंवाद कार्यक्रम आयोजना गरिएको बताए। कार्यक्रमको सञ्चालन एभिन्यूज टेलिभिजन पोखरा ब्यूरो प्रमुख रामकृष्ण ज्ञवालीले गरेका थिए।

# तनहुँ

## अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँको आयोजनामा शिक्षा, स्वास्थ्य खाद्य अधिकार आधारभूत आवस्यकता अधिकार, प्रत्याभूत गराउनु सेवाप्रदायकको जवाफदेहिता भन्ने नारासहित जिल्लास्तरीय सेवाप्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया कार्यक्रम ०७१ जेठ २७ गते दमौलीमा सम्पन्न भयो। कार्यक्रममा प्रमुख अतिथि स्थानीय विकास अधिकारी वन्धुप्रसाद बाँस्तोला रहेका थिए। अन्य अतिथिहरूमा जिल्ला शिक्षा अधिकारी हरी गौतम, वरिष्ट कृषि विकास अधिकृत राजेन्द्रकुमार




**अन्तरक्रिया कार्यक्रमका अथितिहरू**

मल्ल, जिल्ला पशुसेवा कार्यालयका प्रमुख बाबुराम जमरकट्टेल र जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. विवेककुमार लाल रहेका थिए। कार्यक्रममा नागरिक समाजका प्रतिनिधिहरूबाट शिक्षा, स्वास्थ्य, खाद्य र पूर्वाधार क्षेत्रका समस्याका विषयमा समूहमा छलफल गरी प्रस्तुत गरेका थिए। समूहले उठाएका सवालमा सरोकारवाला निकायबाट जवाफ दिने काम भएको थियो। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र सेवाप्रदायक निकायका प्रतिनिधिहरू र पत्रकारलगायतको सहभागिता रहेको थियो।

यसै गरी, मानवअधिकार सञ्जाल तनहुँ र इन्सेक जिल्ला कार्यालय, तनहुँको संयुक्त आयोजनामा शिक्षा, स्वास्थ्य र खाद्य अधिकार अनुगमन विधि र प्रकृयाका विषयमा नागरिक समाज र मानवअधिकार रक्षकहरूका बीचमा अन्तरक्रिया कार्यक्रम ०७१ जेठ ७ गते दमौलीमा सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक डा. टीकाराम पोखरेलले शिक्षा, स्वास्थ्य र खाद्य अधिकार अनुगमन विधि र प्रकृयाका विषयमा सहजीकरण गरेका थिए। उनले शिक्षा, स्वास्थ्य र खाद्य अधिकार अनुगमनका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारकसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा



**अन्तरक्रिया कार्यक्रममा सहजीकरण गर्दै राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रीय निर्देशक डा. टिकाराम पोखरेल**

भएका प्रावधानहरूका र राष्ट्रिय कानुनका भएका प्रावधानहरूका विषयमा जानकारी दिएका थिए। डा. पोखरेलले शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका विषयमा सहजीकरण गर्दै बाँच्न पाउने अधिकारको प्रत्याभूतिका लागि शिक्षा, स्वास्थ्य र खाद्य अधिकार राज्यले जनतालाई पूर्ण रूपमा ग्यारेण्टी गर्नु पर्दछ भन्ने कुरामा जोड दिएका थिए। सोही क्रममा खाद्य अधिकारअन्तर्गत पोषण युक्त खाना, सबै मानिसको खाद्य अधिकारको सुरक्षा राज्यले गर्नुपर्ने, रोजगारीको अवसरको सिर्जना गर्नुपर्ने, आयआर्जन बैकल्पिक व्यवस्था, कृषकहरू राहत र बजार व्यवस्था र राज्यले ग्यारेन्टी गर्नुपर्ने जस्ता कुरामा छलफल तथा अन्तरक्रिया सम्पन्न भएको थियो। त्यसै गरी, शिक्षाअधिकारअन्तर्गत आधारभूत तहको शिक्षा नि:शुल्क र अनिवार्य हुनु पर्ने, शिक्षाको अवसर सबैलाई समान हुनुपर्ने, उच्च शिक्षामा सबैको समान पहुँचको व्यवस्था हुनुपर्ने, असहाय, अनाथ र अशक्तहरूका लागि राज्यले छात्रवृत्तिको व्यवस्था गर्नुपर्नेमा समेत उनले जोड दिएका थिए।

त्यसै गरी, स्वास्थ्य अधिकारको संरक्षणका लागि आधारभूत स्वास्थ्य उपचार नि:शुल्क हुनुपर्ने, उपचारमा सबैको समान पहुँच हुनुपर्ने, हरेक नागरिकको राज्यले जीवन विमाको व्यवस्था गर्नुपर्ने, स्वच्छ खानेपानी र वातावरणको अधिकारको प्रत्याभूत हुनुपर्ने, सघन उपचारमा समान पहुँच व्यवस्था गर्नुपर्ने, राज्यले असहाय र अशक्तका लागि अलग सुविधाको व्यवस्था गर्नुपर्ने जस्ता कुरामा छलफल भएको थियो। प्रस्तुतीपछि शिक्षा, स्वास्थ्य र खाद्यअधिकार विषयमा सहभागीहरूले समूहमा छलफल गरी प्रस्तुतीसमेत गरेका थिए।

## मानवअधिकार निगरानी समूहको बैठक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँको आयोजनामा मानवअधिकार निगरानी समूहको बैठक ०७१ जेठ २२ गते तनहुँ जिल्लाको ढोरफिर्दी गाविसमा सम्पन्न भयो। बैठकमा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका विषयमा छलफल गरिएको थियो। बैठकमा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका विषयमा इन्सेक संयोजक गणेश श्रेष्ठले सहजीकरण गरेका थिए। बैठकको अध्यक्षता मानवअधिकार निगरानी समूहका संयोजक खड्गविक्रम खाँडले गरेका थिए। उक्त अवसरमा गाविसको शिक्षा,

स्वास्थ्य र खाद्य अधिकार अनुगमनका लागि शिक्षा, स्वास्थ्य र खाद्य अधिकारसम्बन्धी तीन वटा समूह गठन गरिएको थियो। शिक्षा समूहमा खडगविक्रम खाँड, इन्दीरा भट्टराई, भीममाया थापा रहेका थिए भने खाद्य समूहमा कृष्ण प्रताप मल्ल, विष्णु भट्टराई र कर्ण थापा रहेका थिए। त्यसै गरी, स्वास्थ्य समूहमा सुमित्रा श्रेष्ठ, रोमबहादुर ठकुरी र राधिका थापा रहेका थिए।

## टेलिभिजन संवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालयले तनहुँ सगरमाथा टेलिभिजनको सहकार्यमा 'शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका सवालमा सेवाप्रदायक निकाय र सेवाग्राहीबीच' टेलिभिजन संवाद कार्यक्रम ०७१ वैशाख ६ गते ढोरफिर्दी गाविसमा सम्पन्न गर्‍यो। कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेक जिल्ला संयोजक गणेश श्रेष्ठले शिक्षा, स्वास्थ्य र खाद्य अधिकार देश विकासको मुख्य अधार भए तापनि जनताको आकर्षणमा कमी रहेको, शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको प्रत्यभूत नभई लोकतन्त्रको प्रत्याभूत नहुने विचार व्यक्त गरेका थिए। कार्यक्रमका अतिथि वक्ताहरू जिल्ला शिक्षा अधिकारी हरि गौतम, वरिष्ठ कृषि विकास अधिकृत राजेन्द्रकुमार मल्ल र जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. विवेक कुमारलाल रहेका थिए। संवाद कार्यक्रमलाई जिल्ला शिक्षा अधिकारी हरि गौतमले शिक्षासम्बन्धी विषयमा सहजीकरण गरेका थिए। वरिष्ठ कृषि विकास अधिकृतले राजेन्द्रकुमार मल्लले खाद्यअधिकारका विषयमा सहजीकरण गरेका थिए। जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. विवेककुमार लालले स्वास्थ्य अधिकारका सवालमा सहजीकरण गरेका थिए।



**टेलिभिजन संवाद कार्यक्रमका प्रस्तोता तथा अतिथिहरू**

कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरू, गाविस सचिव, नागरिक समाज अगुवा, जेष्ठ नागरिक, व्यवसायिक कृषक, आमा समूह, शिक्षक, अभिभावक, विद्यार्थी र साँखे बचाऊ अभियानका प्रतिनिधिहरूले आफ्नो विचार व्यक्त गरेका थिए।

## समन्वयात्मक बैठक

इन्सेक जिल्ला कार्यालय तनहुँ र मानवअधिकार निगरानी समूह ढोरफिर्दीको संयुक्त आयोजनामा 'स्वास्थ्य, शिक्षा र खाद्य अधिकारका सवालमा सेवाप्रदायक निकाय र सेवाग्राहीबीच' समन्वयात्मक बैठक ०७१ वैशाख २६ गते ढोरफिर्दीमा सम्पन्न भयो। कार्यक्रममा पुनरावेदन अदालत पोखराका न्यायाधीश डिल्लीराज आचार्यले मानवअधिकार प्राकृतिक र कानुनी अधिकार संवैधानिक अधिकारका बारेमा सहभागीलाई प्रशिक्षण गरेका थिए। मानवअधिकार रक्षाका लागि राष्ट्रसेवक कर्मचारीले हाँसी हाँसी सेवाग्राहीलाई सेवाप्रवाह गर्नुपर्नेमा आचार्यले जोड दिए। राज्यले शिक्षामा धेरै लगानी गरेको भन्दै


**समन्वयात्मक बैठकका सहभागीहरू**

सरकारी विद्यालयमा पढाउने शिक्षककै छोराछोरी निजी विद्यालयमा भर्ना गरी पढाउने शिक्षकलाई अभिभावकले निगरानी गर्नुपर्नेमा आचार्यले जोड दिए। कार्यक्रममा न्यायाधिश आचार्यले मानवअधिकार, शिक्षा, स्वास्थ्यका अधिकारसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए। ढोरफिर्दी गाविसका सचिव किरण कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला कृषि विकास कार्यालय तनहुँका योजना अधिकृत शशी अधिकारीले खाद्यअधिकारका बारेमा कार्यपत्र प्रस्तुत गरेकी थिइन्। सो अवसरमा अधिकारीले नागरिकको खाद्यअधिकारको रक्षा गर्न व्यवसायी कृषि क्षेत्रमा लाग्नुपर्नेमा जोड दिइन्। फलफूल तथा तरकारी खेती,

मौरीपालन, च्याउ खेती, माछापालन, नगदेवाली, अदुवा खेतीतर्फ बेरोजगार युवाहरूलाई आकर्षित गर्नुपर्ने उनले बताइन्। कार्यक्रममा राजनितिक दलका प्रतिनिधिहरू, स्थानीय सरकारी सेवाप्रदायक निकायका प्रतिनिधिहरू, मानवअधिकार निगरानी समूहका प्रतिनिधि, साँखे बचाऊ अभियानका प्रतिनिधिलगायतले खाद्य अधिकारको सवालमा मन्तव्य राखेका थिए। सो कार्यक्रममा इन्सेक जिल्ला संयोजक गणेश श्रेष्ठले कार्यक्रमको उद्देश्यको बारेमा जानकारी गराएका थिए।

## साँखे बचाऊ अभियानका पदाधिकारीहरूसँग मानवअधिकारका सवालमा संवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँको आयोजनामा साँखे बचाऊ अभियानका पदाधिकारीहरूसँग मानवअधिकारका सवालमा संवाद कार्यक्रम ०७१ वैशाख २४ गते सम्पन्न भयो। कार्यक्रम साँखे बचाऊ अभियानका सचिव कर्णबहादुर थापाको अध्यक्षतामा आयोजना गरिएको थियो। बैठक साँखे बचाऊ अभियानले हाल सम्म गरेका कामको समीक्षा गर्न र आगामी योजना निर्माणका लागि आयोजना गरिएको थियो। बैठकमा बिगतमा साँखे बचाऊ अभियानले सम्पन्न गरेका कामको सम्बन्धमा सचिव कर्ण थापाले जानकारी गराएका थिए। साँखे बचाऊ अभियान हाल सम्म जिल्ला विकास समिति, तनहुँ, जिल्ला भूसंरक्षण कार्यालय, तनहुँ, जल उत्पन्न प्रकोप नियान्त्रण कार्यालय, पोखरा र सामुदायिक हरियो वन कार्यक्रममा डेलिगेसन गएको छ। हालसम्म सरोकारवाला सबै निकायबाट सकारात्मक आस्वासन पाएको समीक्षा गरिएको थियो।

## होर्डिङबोर्ड स्थापना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँले जलदेवी उच्च मावि भादगाउँमा बालअधिकारको संरक्षण र विकासका लागि पहल गरीरहेको सन्दर्भमा होर्डिङबोर्डमार्फत बालअधिकारका विषयमा सचेतना जगाउने उद्देश्यले जलदेवी उमावि दमौलीमा ०७१ वैशाख ३० होर्डिङबोर्ड स्थापना गर्ने काम सम्पन्न भयो। होर्डिङबोर्डमा मुख्य रूपमा बालअधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनमा भएका व्यवस्थाहरूलाई उल्लेख गरिएको थियो।

## मानवअधिकार निगरानी समूहको बैठक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँको आयोजनामा मानवअधिकार निगरानी समूहको बैठक ०७१ वैशाख २ गते ढोरफिर्दी गाविसको गाविस भवनमा सम्पन्न भयो। बैठकमा गाविसमा रहेको शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका सवालमा छलफल भएको थियो। बैठकमा इन्सेक जिल्ला कार्यालय, तनहुँका जिल्ला संयोजक गणेश श्रेष्ठ र सहजकर्ता प्रेम पौडेलले सहजीकरण गरेका थिए। बैठक मानवअधिकार निगरानी समूहका संयोजक खडकविक्रम खाँडको अध्यक्षतामा सम्पन्न भएको थियो। बैठकले शिक्षा, स्वास्थ्य र खाद्य अधिकार विषयमा आयोजना गरिने टेलिभिजन संवाद कार्यक्रम व्यवस्थापन गर्ने विषयमा कार्यविभाजन गरिएको थियो।

## अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय तनहुँको आयोजनामा शैक्षिक गुणस्तरका लागि सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम मिति ०७१ वैशाख १९ गते गाउँफर्कोदय उमावि ढोरफिर्दीमा सम्पन्न भयो। कार्यक्रममा इन्सेक तनहुँका कार्यक्रम संयोजक गणेश श्रेष्ठले कार्यक्रमको उद्देश्यका बारेमा जानकारी गराएका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भीमप्रसाद गौतमको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सहायक जिल्ला शिक्षा अधिकारी केदारराज आचार्यले विद्यालयमा गुणस्तरीय शिक्षा आजको आवश्यकता भएको बताएका थिए। सोही क्रममा आचार्यले विद्यार्थीको क्षमता विकास योजना र शिक्षकको क्षमताको विकास योजना बनाउन पर्ने, वार्षिक रूपमा शैक्षिक पाठ योजना निर्माण गर्नुपर्ने, मासिक रूपमा शिक्षकहरूका बीचमा बैठक बसी शिक्षण सिकाईको समीक्षा गर्ने र आगामी दिनका लागि योजना बनाएर लागु गर्नु र उपलब्धि विवरण त्रैमासिक रूपमा तयार गरी अभिभावक भेला गरी जानकारी गराउन पर्ने विषयमा जोड दिएका थिए। कार्यक्रममा सहभागीहरूले सबै विषयको पढाइ पुरा नभएको, विद्यालयमा शुद्ध पानीको समस्या भएको, अतिरिक्त कक्षाको व्यवस्था हुनपर्ने, शौचालयमा पानीको समस्या रहेको, अङ्ग्रेजी, विज्ञान र गणित विषयमा धेरै विद्यार्थी फेल हुने गरेको र विद्यार्थी कक्षा छोडेर बीचमा भाग्ने समस्या रहेको विषयमा आवाज

उठेको थियो। कार्यक्रमको अन्त्यमा प्रधानाध्यापक कृष्णप्रसाद भट्टराईले कार्यक्रमको दौरानमा उठेका सवालकलाई आगमी दिनमा योजना बनाएर समाधान गर्दै जाने बचनबद्धता व्यक्त गरेका थिए।

## सञ्जालको बैठक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँको आयोजनामा मानवअधिकार सञ्जालको बैठक ०७१ जेठ २१ दमौलीमा सम्पन्न भयो। उक्त बैठकमा जिल्लामा मानवअधिकार सञ्जाललाई सशक्त बनाउन विषयमा नागरिक समाजका प्रतिनिधिहरूको बीचमा छलफल भएको थियो। बैठकले आगामी नागरिक समाजको कामलाई व्यवस्थित बनाउन तपशीलबमोजिम योजना बनाएर काम गर्ने निर्णय गरेको थियो। जसअनुसार



अन्तरक्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै सहायक जिशिअ केदारराज आचार्य

मानवअधिकार सञ्जालको हरेक महिनाको दोस्रो शुक्रबार घुम्ती रूपमा नियमित बैठक आयोजना गर्ने, राष्ट्रिय सरसफाई सप्ताहलाई भव्य रूपमा सम्पन्न गर्नका लागि जिल्ला खानेपानी तथा सरसफाई समितिसँग समन्वय गरेर काम गर्ने, जिल्लाको शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको अवस्थालाई नियमित रूपमा अनुगमन गर्ने, मानवअधिकार सञ्जालमा आवद्ध संस्थाहरूसँग ५ सय रुपियाँ लिएर आबद्धता परिचयपत्र दिने र मानवअधिकार रक्षकहरूसँग १ सय रुपियाँ लिएर परिचयपत्र दिने निर्णय गरेको थियो।

## अन्तरक्रिया कार्यक्रम खैरेनी मावि

इन्सेक तनहुँ तथा खैरेनी माविको संयुक्त आयोजनामा शैक्षिक गुणस्तरका विषयमा 'प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन




अन्तरक्रिया कार्यक्रमका अतिथिहरू

समितिका सदस्यहरू र अभिभावकहरूबीच' अन्तरक्रिया कार्यक्रम ०७१ जेठ २ गते खैरेनी माविमा सम्पन्न भयो। कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेक जिल्ला संयोजक गणेश श्रेष्ठले शैक्षिक गुणस्तर सुधार गर्न कुनै एक वा दुई पक्षको प्रयत्नले नहुने, शिक्षा क्षेत्रका सबै पक्षको साझा सङ्कल्प हुनुपर्ने बताएका थिए। कार्यक्रमका प्रमुख अतिथि जिल्ला शिक्षा अधिकारी हरि गौतमले शैक्षिक गुणस्तरका लागि शिक्षणलाई उद्देश्यमूलक बनाउनु पर्‍यो, बालमैत्रीको शिक्षण युनेस्कोले परिभाषित गरेअनुसार हुनुपर्ने, शिक्षक समयअनुसार अपडेट हुँदै जानुपर्ने कुरामा जोड दिएका थिए। विद्यालय निरीक्षकभन्दा शिक्षकहरू योग्य हुन सक्दछन् विद्यालय निरीक्षकले शिक्षकलाई निर्देशन दिने होइन, शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकनै सक्रिय हुनुपर्ने तथा कमजोर विद्यार्थीका लागि शिक्षकले अतिरिक्त समय दिनुपर्ने कुरामा जोड दिएका थिए। कार्यक्रममा प्रधान अध्यापक प्रेम थापाले कक्षामा नयाँ प्रविधि भित्र्याउने योजना रहेको तथा प्रयोगशालाका लागि विज्ञान सामग्री ल्याउने योजना रहेको बताएका थिए।

## जलदेवी उमावि

इन्सेक तनहुँ तथा जलदेवी उमावि दमौलीको आयोजनामा शैक्षिक गुणस्तरका विषयमा सरोकारवालाहरूका बीचमा अन्तरक्रिया कार्यक्रम ०७१ जेठ ९ गते जलदेवी उमाविमा सम्पन्न भयो। उक्त अन्तरक्रिया कार्यक्रमको अध्यक्षता शिक्षक अभिभावक सङ्घका अध्यक्ष रामबहादुर जिसीले गरेका थिए भने स्वागत बालअधिकार चेतना समूहका अध्यक्ष प्रकाश शर्माले गरेका थिए। कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेक जिल्ला संयोजक गणेश श्रेष्ठले

शिक्षक, अभिभावक र विद्यार्थीको संयुक्त प्रयासले मात्रै शैक्षिक गुणस्तर सुधार गर्न सकिने बताएका थिए। कार्यक्रमका प्रमुख अतिथि जिल्ला शिक्षा अधिकारी हरि गौतमले विद्यालयको शैक्षिक सुधारका लागि सुझाव दिनेहरूलाई स्वागत गर्नुपर्ने कुरामा जोड दिएका थिए। कार्यक्रममा सहभागीहरूले शिक्षामा सबैले समान अवसर पाउनु पर्दछ, शिक्षाको उद्देश्य राम्रो भएर मात्र हुँदैन, बालमैत्री, दण्डरहित, लोकतान्त्रिक शिक्षण हुनु पर्दछ भन्ने कुरामा जोड दिएका थिए। जिल्ला शिक्षा कार्यालय, तनहुँका उपसचिव केदार आचार्यले शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकनै बढी जिम्मेवार हुनुपर्ने, शिक्षक समयअनुसार परिवर्तनशील बन्दै जानुपर्ने कुरामा जोड दिएका थिए। कार्यक्रममा शिक्षक तथा अभिभावकहरूले कम्प्युटर ल्याब आवश्यक रहेको, अङ्ग्रेजी भाषाको आकर्षणले गर्दा सामुदायिक विद्यालयमा समस्या भएको बताएका थिए।

## निबन्ध लेखन प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँको आयोजनामा निबन्ध लेखन प्रतियोगिता ०७१ जेठ १६ गते गाउँफर्कोदय उमाविमा सम्पन्न भयो। उक्त प्रतियोगिताको शिर्षक बालअधिकार रहेको थियो। प्रतियोगितामा २४ जना विद्यार्थीको सहभागिता रहेको थियो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीहरूलाई विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद लम्सालले पुरस्कार दिएका थिए। प्रतियोगितामा कक्षा दशकी निहारिका पुन प्रथम, कक्षा दशकी पुष्पा पौडेल द्वितीय, कक्षा नौका राहुल पौडेल तृतीय, कक्षा दशकी लक्ष्मी सुवेदी चौथो र पाँचौं कक्षा नौकी तेजकुमारी मानन्धर भएकी थिइन।

## चित्रकला प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय तनहुँको आयोजनामा चित्रकला प्रतियोगिता ०७१ जेठ २३ गते अरुणोदय मावि अरुणोदयमा सम्पन्न भयो। प्रतियोगितामा २४ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो। प्रतियोगिता कक्षा दश विनोद थापा प्रथम, कक्षा  नौका सूर्य राना द्वितीय र कक्षा सातका राहुल अधिकारी तृतीय भएका थिए। सान्तवना स्थानमा पाँच जना विद्यार्थीहरू रहेका थिए। सान्त्वता प्राप्त गर्नेहरूमा कक्षा नौका तुलबहादुर थापा, कक्षा छकी अप्सरा अछामी, कक्षा आठकी अमृता श्रेष्ठ, कक्षा छका सुरज थापा र कक्षा नौका ओमप्रकाश थापा रहेका थिए। पुरस्कृत विद्यार्थीहरूलाई प्रधानाध्यापक कृष्णप्रसाद भण्डारीले पुरस्कार तथा बधाई दिएका थिए।

## हाजिरी जवाफ प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँको आयोजनामा हाजिरीजवाफ प्रतियोगिता ०७१ जेठ १६ गते खैरेनी उमाविमा सम्पन्न भयो। प्रतियोगितामा ए, वि, सि र डी गरी जम्मा ४ समूहबाट १६ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो। प्रतियोगितामा समूह सी प्रथम भएको थियो। उक्त समूहमा कुशल ढकाल, मनिला राना, नारायण ढकाल र विपना थापा रहेका थिए। त्यसै गरी, समूह डिले द्वितीय स्थान हासिल गरेको थियो। उक्त समूहमा श्रीराम मरासिनी, सुस्मिता घिमिरे, सङ्गम नेपाली र अञ्जना विक रहेका थिए। त्यसै गरी, समूह बीले तृतीय स्थान हासिल गरेको थियो। उक्त समूहमा केशर आले, जनक श्रेष्ठ, सागर विक, र पुनम तिवारी रहेका थिए। त्यसै गरी, समूह एले सान्त्वना स्थान हासिल गरेको थियो।  उक्त समूहमा श्रीराज शाही, सुसन पौडेल, अञ्जना कुँवर र विष्णु केसी रहेका थिए। विद्यार्थीहरूलाई विद्यालयका प्रधानाध्यापक प्रेम थापा र इन्सेक जिल्ला संयोजक गणेश श्रेष्ठले पुरस्कार वितरण गरेका थिए।

त्यसै गरी, जलदेवी उमावि दमौलीमा अन्तर सदनात्मक हाजीरी जवाफ प्रतियोगिता ०७१ जेष्ठ २३ सम्पन्न भयो। प्रतियोगितामा ए, बी, सी र डी गरी जम्मा चार समूहबाट १६ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो। प्रतियोगितामा रेड हाउस प्रथम भएको थियो। उक्त समूहमा सुस्मिता खवास, सङ्गम नेपाली, निसान दरै र रेनिला थापा रहेका थिए। त्यसै गरी, ह्वाइट हाउस द्वितीय भएको थियो। उक्त हाउसमा पंकज ठाकुर, राजु भुजेल, अनिस तिमिल्सिना र सञ्जु विक रहेका थिए। प्रतियोगितामा एल्लो हाउसले तृतीय स्थान ल्याएको थियो। उक्त हाउसमा सोमबहादुर दरै, गंगा बोहोरा, महिमा श्रेष्ठ र अर्जुन राना रहेका थिए। प्रतियोगीतामा विजयी विद्यार्थीहरूलाई प्राचार्य रोहिणीराज पौडेलले पुरस्कार तथा बधाई दिएका थिए।

## वक्तृत्वकला प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, तनहुँको आयोजनामा जनज्योति उमावि भीमादमा लागु पदार्थ दुर्व्यसन नियन्त्रणमा युवा वर्गको भूमिका विषयक वतृत्वकला प्रतियोगिता ०७१ जेठ २२ गते सम्पन्न भयो। प्रतियोगितामा २९ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो। प्रतियोगितामा कक्षा ८ का सुदर्षण गैह्रे प्रथम, कक्षा १० का पवित्र पाठक र रविन तिमल्सीना द्वितीय, कक्षा ६ की समीक्षा वानिया तृतीया र कक्षा ९ का दासनाथ कण्डेल, समीक्षा सुवेदी, कक्षा ८ का विमल पौडेल, र कक्षा ६ की अङ्कीता खनालले सान्त्वना स्थान प्राप्त गरेका थिए। विजयी विद्यार्थीहरूलाई प्रधान अध्यापक खिमकान्त अर्यालले पुरस्कार वितरण गरेका थिए।

## गुल्मी
## अन्तरक्रिया कार्यक्रम

इन्सेक जिल्ला कार्यालय, गुल्मीको आयोजनामा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका सवालमा जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम ०७१ जेठ २२ गते तम्घासमा सम्पन्न भयो। सेवाप्रदायकहरू र सेवा ग्राहीहरूको बीचमा अन्तरसंवाद गराई सरकारी निकायका सेवामा गुणस्तर कायम गर्ने र जनताप्रति जवाफदेही बनाउने उद्देश्यले अयोजित कार्यक्रममा शिक्षा कार्यालय, कृषि विकास कार्यालय, पशु सेवा कार्यालय र स्वास्थ्य कार्यालयसँग सम्बन्धित सेवाग्राहीका समस्याहरूबारे उक्त कार्यक्रम भएको थियो। कार्यक्रममा जिल्ला शिक्षा कार्यालयबाट वितरणहुने छात्रवृत्ति अपुग भएको, विद्यालय भर्नामा ध्यान पुगेको तर विद्यालयमा विद्यार्थी टिकाउने सवालमा कार्यालयले ध्यान नदिएको, द्वन्द्व प्राभावित



अन्तरक्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै एक सहभागी

बालबालिकाले पाउने छात्रवृत्ति प्राप्त गर्ने प्रकृया झण्झटिलो भएको, शिक्षासँग सम्बन्धित तथ्याङ्क कार्यालयले नराखेकोजस्ता सवाल उठेका थिए। त्यस्तै, जिल्ला कृषि विकास कार्यालयका प्राविधिककहरू गाउँमा नगएको, रोग परीक्षणको सहज व्यवस्था नभएको जस्ता समस्यासमेत उठेका थिए भने जिल्ला पशुसेवा कार्यालयले घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने माग उठेको थियो। कार्यक्रममा सहभागिहरूले जिल्ला स्वास्थ्य कार्यालयमा दन्त उपचार सेवाका डाक्टर हुँदा पनि सेवा नपाएको, एचआइभी सङ्क्रमितको सिडिफोर गर्ने कार्य सञ्चालनमा आउन नसकेको भन्ने सवालहरू उठाउका थिए।

कार्यक्रममा सेवाग्राहीले राखेका जिज्ञासाबारे जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ अधिकृत चेतनाथ अधिकारी, पशुसेवा कार्यालयका डा. कल्याणकुमार श्रेष्ठ, जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत हरिलाल अर्याल र जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत बालकृष्ण श्रेष्ठले जवाफ दिएका थिए। कार्यक्रममा स्थानीय विकास अधिकारी हरिप्रसाद ज्ञवालीले आगामि जिल्ला परिषद्मा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका सवालमा परिपक्क योजना बनाउने प्रतिबद्धता गर्दै र यसका लागि वडा तहबाटै कार्यक्रम बनाउन सहयोगको लागि आग्रहसमेत गरेका थिए। कार्यक्रममा राजनितिक दलका प्रतिनिधि, समाजसेवी, पत्रकारलगायतको सहभागिता रहेको थियो।

## अन्तरक्रिया कार्यक्रम
## भगवती मावि

त्यसै गरी, भगवति माविका प्रधानअध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र बालअधिकार चेतना समूहका सदस्यहरूबीच अन्तरक्रिया  कार्यक्रम ०७१ जेठ २३ गते भगवति माविमा सम्पन्न भयो। कार्यक्रममा बोल्दै विद्यालयका सहायक प्रधान अध्यापक ऋषिराम अर्यालले अभिभावक, शिक्षक र विद्यार्थी सबैको सहयोगमा राम्रो परिणाम ल्याउन आशावादी रहेको र सोहीअनुरूप विद्यालयका गतिविधि अगाडि बढाइएको बताए। कार्यक्रममा उपस्थित अभिभावकहरूले विद्यार्थीको भविष्य सुर्धान घरमा उपयुक्त वातावरण दिने र विद्यार्थीले पनि लगनशील भएर पढाइमा ध्यान दिनुपर्ने धारणा राखेका थिए। उक्त छलफल कार्यक्रममा कक्षा

६ का विद्यार्थी र अभिभावकको उपस्थिति रहेको थियो। विद्यालय व्यवस्थापन समितिका सदस्य तोमलाल पाण्डेको अध्क्षयतामा सम्पन्न कार्यक्रम इन्सेक जिल्ला संयोजक यज्ञ भुसाल, सहायक प्रअ ऋषिराम अर्याल, विद्यालय व्यवस्थापन समितिका सदस्य लक्ष्मी अर्याल, बालअधिकार चेतना समूहकी अध्यक्ष लक्ष्मी पन्थी, शिक्षक टेकराज अर्यालको उपस्थिति रहेको थियो।

## जनसहयोग मावि

त्यसैगरी, जनसहयोग माविका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र बालअधिकार चेतना समूहका सदस्यहरूबीच अन्तरक्रिया कार्यक्रम ०७१ जेष्ठ १६ गते जनसहयोग माविमा सम्पन्न भयो। कार्यक्रममा बोल्दै विद्यालयका प्रअ बलराम खनालले विद्यालयको सफल व्यवस्थापनमा विद्यार्थी, शिक्षक र अभिभावकको महत्त्व बढी रहने हुनाले अभिभावक सचेतना कक्षाको महत्त्व रहेको धारणा राखेका थिए। बालअधिकार चेतना समूहका अध्यक्ष जीवलाल कुँवरले बालमैत्री वातावरणमा पढाई सञ्चालन गर्न शिक्षकहरूले यान दिनुपर्ने बताए। सहायक प्रधानाध्यापक कृष्णराज खनालले इन्सेकले समय-समयमा गरेको छलफलमा विद्यालयमा तारवार नभएको समस्या उठेकोले व्यवस्थापन समितिको बैठकले केही भाग तारबार गर्ने निर्णय गरेकोले अब काम शुरु हुन लागेको जानकारी गराएका थिए। बालअधिकार चेतना समूहका सदस्य रेखा पाण्डेले पानीको अभावले छात्राहरूलाई महिनावारी भएको समयमा विद्यालयमा बस्न समस्या हुने भनाई राख्दै विद्यालय प्रशासनले समस्या समाधानका लागि पहल गर्नुपर्ने भनाइ राखेकी थिइन्। बालअधिकार चेतना समूहका सदस्य सन्तोष खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन बालअधिकार चेतना समूहका अध्यक्ष जीवलाल कुँवरले गरेका थिए।

## भाडगाउँ मावि

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय गुल्मीको आयोजनामा भाडगाउँ माविका प्रधानअध्यापक, शिक्षक अभिभावक र बालअधिकार चेतना समूहका सदस्यहरूबीच अन्तरक्रिया कार्यक्रम ०७१ जेठ १४ गते सम्पन्न भयो। कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक बलबहादुर कुँवरले जनताको बलमा मावि सञ्चालनमा आएको यस विद्यालयलाई सफल बनाउन अभिभावक र विद्यार्थी र शिक्षक सबैको सहयोग महत्त्वपूर्ण हुने बताएका थिए। सरकारी विद्यालयमा अधिकांश विपन्न परिवारका बालबालिका भएको हुनाले पेट पाल्ने समस्याले पढाइमा प्रभाव पारेको भनाइ शिक्षकहरूले राखेका थिए। कार्यक्रममा बोल्दै कक्षा आठका रमेश परियारले घरमा बिजुली नभएको र तेल किन्ने पैसा पनि नभएकोले घरमा पढ्न नपाएको गुनासो राखेका थिए। संरक्षक शिक्षक थम्मनबहादुर केसीले वडा नागरिक मञ्चको बैठकमा छलफल गरी सोलारको व्यवस्था गरिदिने प्रतिबद्धता जनाएका थिए। कुमाल परिवारकी सुमित्रा रानाले सानोमा बाबु गुमाई अरुको घरमा बसेर विद्यालय आउन परेकोले घरमा गृहकार्य गर्न समस्या भएको भनाइ रुँदै राखेकी थिइन्। विद्यालयका प्रधानाध्यापक बलबहादुर कुँवरले विद्यालयमा आउने छात्रवृत्ति प्रदान गरी सहयोग पुराउने भनाइ राखेका थिए। उपस्थित अभिभावकहरूले विद्यालयमा अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्ने सुझाव दिएका थिए। चेतना समूहका अध्यक्ष महेस पन्थीको अध्यक्षता सम्पन्न कार्यक्रम इन्सेक सहजकर्ता सीता भुसालले उद्देश्यबारे प्रकाश पारेकी थिइन् भने बालअधिकार चेतना समूहका संरक्षक शिक्षक थमन केसी कार्यक्रम सञ्चालन गरेका थिए।

## भेटघाट तथा छलफल कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय गुल्मीको आयोजनामा जिल्लास्तरका सेवाप्रदायक संस्थाहरूसग शिक्षा स्वास्थ्य, खाद्य अधिकारका विषयमा सेवाप्रदायक संस्थाहरूको सहज उपलब्धताका लागि दबाब सिर्जना गरी सेवाप्रदायक र सेवाग्राहीबीच सम्बन्ध विस्तार गर्नका लागि भेटघाट तथा छलफल कार्यक्रम ०७१ जेठ १८ गते सम्पन्न भयो। उक्त अवसरमा गुल्मी जिल्लास्थित सरकारी संस्थाहरू जिल्ला पशुसेवा कार्यालय, जिल्ला कृषि कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालय र खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा भेटघाट गरी उक्त कार्यालयहरूले दिँदै आएको सेवाको जानकारी लिनुका साथै सेवाको प्रवाह दुर्गम गाउँहरूमा पुऱ्याउनुपर्ने विषयमा समेत छलफल गरिएको थियो। कार्यक्रम सञ्चालित गाविसका सेवाग्राही, जिल्ला

कार्यालयका कर्मचारीहरू, मानवअधिकारकर्मीसमेतको भेटघाट कार्यक्रममा उपस्थिति रहेको थियो। भेटघाटका क्रममा जिल्ला पशु सेवा कार्यालयका वरिष्ठ पशु विकास अधिकृत गौरीमान श्रेष्ठले कार्यालयको सेवा सिधै सबै गाउँसम्म नपुगे पनि गाउँ परिषद्मार्फत आएका योजनाहरूलाई आफूहरूले सम्बोधन गर्दै आएको भनाई राख्दै सेवाग्राही र सेवाप्रदायकबीचको दोहरो छलफलले सेवामा गुणस्तरता ल्याउन सहयोग मिल्ने भनाइ राखेका थिए। भेटघाट क्रममा आगामी ०७१ असोजमा पशु विकाससम्बन्धी सिविर सञ्चालन गरी नयाँगाउँका कृषकहरूलाई व्यवसायिक बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

त्यसै गरी, खानेपानी कार्यालयका प्रमुख नारायण काफ्लेले आफूहरू जनताको सेवामा हरबखत तयार रहेकोले कमी कमजोरी हटाउन यस्ता भेटघाट कार्यक्रमले थप टेवा मिल्ने र जनताले कार्यालय सम्म आएर गुनासो राखेकोमा आफूलाई खुशी लागेको भनाइ राख्दै १ हजारभन्दा कम जनसङ्ख्या भएको आयोजना खानेपानी कार्यालयले सम्बोधन गर्न नमिल्ने भए पनि मर्मत सम्भारमा लिखित निवेदन आएको खण्डमा आगामी आर्थिक वर्षमा सम्बोधन गर्ने प्रतिबद्धता जनाएका थिए।

कृषि विकास कार्यालयका प्रमुख चेतनाथ अधिकारीले नयाँगाउँलाई सुन्तलाको पकेट क्षेत्र भनेअनुसार असारको पहिलो हप्ता १२ हजार सुन्तलाका विरुवा वितरण गर्न थालेको जानकारी दिएका थिए। विरुवालाई हुर्काउन र बजार व्यवस्थापनामा सहयोग गर्न कृषि कार्यालय हरबखत तयार रहेने प्रतिबद्धता जनाएका थिए।

जिल्ला शिक्षा अधिकारी दिनेशकुमार श्रेष्ठले स्थानीय जनतालाई सेवा उपलब्ध गराउनु कार्यालयको दायित्व हो भन्दै नयाँगाउँ १ मा बाल विकास केन्द्र स्थापनाका लागि तुरुन्त पहल गर्ने प्रतिबद्धता जाहेर गरेका थिए। सेवाप्रदायक कार्यालयहरूको भ्रमणको क्रममा महिला बालबालिका कार्यालयका प्रमुख जमुना पौडेल, प्रहरी नायव उपरीक्षक राजकुमार लम्सालले यस्तो खालको भेटघाट र छलफल कार्यक्रमले सेवाग्राही र सेवाप्रदायका बीचमा रहेका असमझदारीहरूलाई कम गर्ने र सेवाप्रवाहलाई सजह र गुणस्तरीय बनाउने भनाइ राखेका थिए।

## सेवाग्राही र सेवाप्रदायक निकायबीच अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय गुल्मी र सुशासन अभियान गुल्मीको संयुक्त आयोजनामा नयाँगाउँ गाविस तहका सेवाग्राही र सेवाप्रदायक निकायबीच अन्तरक्रिया कार्यक्रम ०७१ जेठ ८ गते नयाँगाउँ गाविसको देउरालीमा सम्पन भयो। कार्यक्रममा नयाँगाउँ गाविसमा कार्यरत सरकारी संस्थाहरू, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, महिला समूह, युवा क्लबलगायत वडा नागरिक मञ्चका पदाधिकारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा सेवाप्रदायक संस्थाहरूको तर्फबाट गाविस सचिव डिल्लीराज आचार्य, नयाँगाउँ उच्च माविका प्रार्चाय यज्ञप्रसाद गौतम, प्रहरी चौकीका प्रमुख द्रोणप्रसाद श्रेष्ठले कार्यालयले उपलब्ध गराउँदै आएको सेवाप्रवाहको अवस्थाको जानकारी गराएका थिए। नयाँगाउँ उच्च माविका प्रार्चाय यज्ञप्रसाद गौतमले इन्सेकले पछाडी पारेको वर्गलाई सचेत पार्ने काम गरेको छ चेतनालाई प्रयोग गर्दै अगाडि बढने जिम्मेवारी नयागाउँ बासीको हो भन्दै नयाँगाउँको समग्र शैक्षिक प्रगतिका लागि गाविसस्तरीय शिक्षा समिति बनाई अगाडि बढ्ने प्रतिबद्धता जनाएका थिए। कार्यक्रममा महिला समूहकी सदस्य गोमा पोखरेलले जिल्ला विकास समितिबाट बजेट विनियोजन गरिएको ओखेनी खानेपानी आयोजना काम नै नगरी फरफारक गरिएकोले उपभोक्ता पानी खान नपाई मर्कामा परेकोले छानबीन गरी दोषीलाई कारबाही गर्न र उपभोक्तालाई पानीको व्यवस्था गर्न अनुरोध गरेकी थिइन्। समाजसेवी जयप्रताप मल्लले कृषि कार्यालयको लगानीमा बनेको सेलारीष्टको सानो काम बाँकी राखी प्रयोगमा नल्याउँदा सुन्तलालाई सस्तो मूल्यमा बेच्नु परेकोले कृषक मर्कामा परेको गुनासो राख्दै तुरुन्त काम सम्पन्न गरी कार्यान्वयनमा ल्याउन माग गरेका थिए। गाविस सचिव डिल्लीराज आर्चायले स्थानीय राजनीतिक दल र ठेकेदारसँग छलफल गरी ताकेता लगाइसकेको र १५ दिनभित्र परिणाम आउने जनाएका छन्। कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका गाउँ सभापति कमल थापाले गाविस सचिवले कार्यालयमा बसी दैनिक सेवा प्रदान गरेकोले सेवाग्राहीहरूलाई सहज भएको जानकारी गराउँदै निरन्तरताका लागि अनुरोध गरेका थिए। मानवअधिकार निगरानी समूहकी

अध्यक्ष कस्मीरा अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा, सहजकर्ता सीता भुसालले उद्देश्यमाथि प्रकाश पारेकी थिइन।

## अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय गुल्मीको आयोजनामा उपल्लो तम्घास माविका प्रधानध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र बालअधिकार चेतना समूहका सदस्यहरूबीच अन्तरक्रिया कार्यक्रम ०७१ जेठ ९ गते सम्पन्न भयो। कार्यक्रममा बोल्दै विद्यालयका साहायक प्रधानाध्यापक रामबहादुर बस्नेतले विद्यालयमा धेरै समय आउने, घरबाट खाजा बनाई विद्यालयमा पठाउने अभिभावकलाई वार्षिक उत्सवमा पुरस्कृत गरिएको र सो कार्यलाई प्रत्येक वर्ष निरन्तरता दिइने जानकारी गराउँदै विद्यालयका कमीकमजोरीलाई खुलस्त छलफलमा ल्याउन अनुरोध गरेका थिए। कार्यक्रममा कक्षा १० मा अध्यनरत बालबालिका र अभिभावकहरूलाई सँगै राखी छलफल चलाइएको थियो। कार्यक्रममा बोल्दै अभिभावकहरूले विद्यालय व्यवस्थापन समितिको म्याद पुगिसकेकोले पुनर्गठन गर्न अनुरोध गरेका थिए भने व्यवस्थापन समिति बनाउँदा अभिभावकहरूबाट मात्र चयन गर्नुपर्ने बताएका थिए। बालअधिकार चेतना समूहकी अध्यक्ष बबिता न्यौपानेको अध्यक्षताममा सम्पन्न कार्यक्रममा सहायक प्रधानाध्यापक रामबहादुर बस्नेत, वरिष्ठ शिक्षक रुक्मागत आर्चाय, इन्सेक जिल्ला प्रतिनिधि नरेश भण्डारी, सहजकर्ता सीता भुसाललगायतको उपस्थिति रहेको थियो भने कार्यक्रमको सञ्चालन संरक्षक शिक्षक राममणी पन्थीले गरेका थिए।

## शैक्षिक गुणस्तर विषयक अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गुल्मीको आयोजनामा राङवास माविका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र बालअधिकार चेतना समूहका सदस्यहरूबीच शैक्षिक गुणस्तर विषयक अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख १९ गते सम्पन्न भयो। कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक गिरीप्रसाद अर्यालले फागुनको बैठकमा विद्यालयलाई प्लाष्टिक मुक्त र फाष्ट फुड मुक्त बनाउन गरिएको प्रतिबद्धता सफल बनाएकोमा विद्यार्थी र शिक्षकसबैलाई धन्यवाद दिँदै यस पटक पनि केही प्रतिबद्धता गरी कार्यान्वयनमा लैजान अनुरोध गरेका थिए। बालअधिकार चेतना समूहका सदस्य देवी परियारले विद्यालयमा पर्याप्त बेन्च डेस्क नहुँदा पढाइमा मर्का परेको गुनासो राखेकी थिइन। कार्यक्रममा विद्यालयलाई सुदर बनाउन निम्न कार्य गर्ने निर्णय गरिएको थियो।

- विद्यालय वरिपरि असारमा कल्कीका विरुवा रोप्ने।
- खेल मैदान वरिपरि रहेका ढुङ्गानालाई बालअधिकार चेतना समूह र शिक्षकको सक्रियतामा व्यवस्थित गर्ने, खेल मैदान नियमित सरसफाई गर्ने।
- बालबालिका पूर्ण पोशाकमा विद्यालय आउने।
- पानीको श्रोत सुकेको हुनाले मूल नपलाउञ्जेल घरबाट १/१ बोतल पानी लिएर आउने।

## निबन्ध लेखन प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, गुल्मीको आयोजनामा राङ्गवास माविका बालबालिकाबीच अनुशासनको महत्त्व विषयक निबन्ध लेखन प्रतियोगिता ०७१ वैशाख १९ गते सम्पन्न भयो। विद्यालयमा अध्यनरत कक्षा ८, ९ र १० का जम्मा ११ जना बालबालिकाले निबन्ध लेखनमा सहभागिता जनाएका थिए। कार्यक्रम बालअधिकार चेतना समूहको सक्रियता र बाल संरक्षक शिक्षक रामप्रसाद पाण्डेको संयोजनमा सम्पन्न भएको थियो। प्रतियोगितामा महेश टण्डन प्रथम, लक्ष्मण कुँवर द्वितीय, पुष्पा घिमिरे तृतीय तथा मीना कार्की र माया कुँवर सान्त्वनामा भएका थिए। कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक गिरप्रसाद अर्यालले यस प्रकारका अतिरिक्त क्रियाकलापहरू समय-समयमा सञ्चालन गर्नाले विर्द्यार्थीहरूको क्षमता विकासमा सहयोग पुग्ने भनाइ राखेका थिए। बालअधिकार चेतना समूहका सदस्य जमुना पाण्डेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा इन्सेक जिल्ला संयोजक यज्ञ भुसालको प्रमुख आतिथ्यता रहेको थियो। उक्त कार्यक्रमको सञ्चालन बालअधिकार चेतना समूहकी सचिव देवी परियारले गरेकी थिइन्।

त्यसै गरी, बालअधिकार चेतना समूह श्री उपल्लो तम्घास माविको आयोजनामा उपल्लो तम्घास माविका बालबालिकाबीच 'नेपालको संविधानमा

बालअधिकारको सुनिश्चितता' भन्ने विषयमा निबन्ध लेखन प्रतियोगिता ०७१ जेष्ठ १६ गते सम्पन्न भयो। कक्षा ८ देखि १० सम्मका बालबालिका सहभागी उक्त प्रतियोगितामा बबिता न्यौपाने प्रथम, सुनिता पाण्डे द्वितीय, शैलेस मरासीनी तृतीय भएका थिए। कार्यक्रममा बोल्दै विद्यालयका प्रअ गणेश अधिकारीले इन्सेकले विगतदेखि विद्यालयमा काम गर्दै आएको र यस्ता अतिरिक्त क्रियाकलापहरू समय-समयमा सञ्चालन गर्नाले विर्द्यार्थीहरूको क्षमता विकासमा सहयोग पुग्ने भनाइ राखेका थिए। बालअधिकार चेतना समूहका अध्यक्ष बबिता न्यौपानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक गणेश अधिकारी, सहायक प्रधानाध्यापक रामबहादुर बस्नेत शिक्षक राममणी पन्थीको विशेष उपस्थिति रहेको थियो।

## हाजिरजवाफ प्रतियोगिता

इन्सेक जिल्ला कार्यालय, गुल्मीको सहयोग र श्री भाडगाउँ मावि, अर्खलेको आयोजनामा हाजिरजवाफ प्रतियोगिता ०७१ वैशाख १९ गते श्री भाडगाउँ माविमा सम्पन्न भयो। बालअधिकार चेतना समूहको सकृयता र बाल संरक्षक शिक्षक थम्मन केसीको संयोजनमा विद्यालयमा गठन भएका ६ सदनबीच हाजिर जवाफ प्रतियोगिता सम्पन्न भएको थियो। प्रतियोगितामा बालअधिकार र सामान्य ज्ञानसँग सम्बन्धित प्रश्नहरू राखिएको थियो। प्रतियोगितामा मकालु सदन प्रथम, सगरमाथा सदन द्वितीय, गौरीशङ्कर सदन तृतीय भएका थिए। कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक बलबहादुर कुँवरले



**प्रतियोगितामा विजयी छात्रालाई पुरस्कार वितरण गर्दै इन्सेक जिल्ला संयोजक यज्ञ भुसाल**

## सुन्तलाको गुणस्तर वृद्धि गर्नका लागि कृषि कार्यालय गुल्मीद्वारा सहजीकरण

स्थानीय समुदायलाई अधिकार र कर्तव्यबारे सचेत बनाउँदै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रम (इएलपी) कार्यक्रमअन्तर्गत इन्सेक जिल्ला कार्यालय गुल्मीद्वारा स्थानीयस्तरमा रहेका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका सवालहरूबारे सेवाप्रदायक र सेवाग्राही समन्वय विस्तार गर्नको लागि शिक्षा, स्वास्थ्य तथा खाद्य अधिकारका सवालमा स्थानीय तहका सेवाग्राही र सेवाप्रदायक निकायहरूसँगको समन्वय बैठक तथा टेलिभिजन अन्तरसंवाद कार्यक्रममा नयाँगाउँ गाविसका कृषहरूले कृषिसम्बन्धी उठाएका सबालहरूमा सुन्तला जातका फलफूलहरूका विभिन्न रोग (सुन्तलामा पहेलो रोग, कम फल्ने, त्यसको विकास पनि राम्रोसँग नहुनेलगायत)को बारेमा जिल्ला कृषि कार्यालयका सेवा प्रदायक निकायहरूसँग गुनासा राखेको थिए। जिल्ला कृषि विकास कार्यालयले नयाँगाउँ गाविसका कृषकहरूका गुनासाहरू ःसमाधानको लागि सुन्तला जातका विरुवाहरूमा रोग लाग्नको कारण पत्ता लागाउनको लागि कृषि क्षेत्रीय निर्देशनालय नाष्टमा रोग परिक्षणको लागि आवश्यक रिपोर्ट पठाएको थियो। कृषि क्षेत्रीय निर्देशनालय तथा नाष्टले जिल्ला कृषि विकास कार्यालयमा समयमै रोग परीक्षण गरी रिपोर्ट पठाएको थियो। उक्त रिपोर्टका आधारमा सुन्तला जातका विरुवा लगाउँदा आवश्यक तयारीको कमी, मलको कमी, पानीको कमी आवश्यक हेर विचारको कमिले गर्दा सुन्तलाका विरुवाहरूमा विभिन्न रोगहरू लाग्ने तथा नहुर्कने कारण पत्ता लागएको थियो। इन्सेक जिल्ला कार्यालय, गुल्मीको पहलमा जिल्ला कृषि विकास कार्यालयका बाली संरक्षण अधिकृत परशुराम पाण्डेले नयाँगाउँ गाविसका कृषकहरूको समस्याहरूलाई पहिचान गरी समाधानको लागि आवश्यक परार्मशको लागि ०७१ वैशाख २१, २२ गते नयाँगाउँ गाविसका १, २ र ३ वार्डहरूमा भ्रमण गरी सुन्तला, फलफूल तथा तरकारी उत्पादनलाई थप वृद्धि गर्न तथा सुन्तलामा रोग लाग्नका कारणहरूको बारेमा आवश्यक परार्मश तथा छलफल गरी कृषहरूका गुनासा तथा समस्याहरूको समाधानको उपायहरूको बारेमा सहजीकरण गरेका थिए।

इन्सेकले यस विद्यालयमा विगतदेखि बालअधिकारको क्षेत्रमा काम गर्दै आएको र यस्ता खाले अतिरिक्त क्रियाकलापहरू समय-समयमा सञ्चालन गर्नाले विद्यार्थीहरूको आन्तरिक क्षमता विकासमा सहयोग पुऱ्याएको र भनाइ राख्दै आगामी दिनहरूका पनि इन्सेकले कार्यक्रमलाई निरन्तरता दिने कुरामा आफू विश्वस्त रहेको भनाइ राखेका थिए। बालअधिकार चेतना समूहका अध्यक्ष महेश पन्थीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन बालअधिकार चेतना समूहका सचिव शोभा खत्रीले गरेकी थिइन्।

त्यसै गरी, बालअधिकार चेतना समूह श्री भगवती मावि सिमिचौरको संयोजनमा अन्तरसदनात्मक हाजिरी जवाफ प्रतियोगिता ०७१ वैशाख २६ गते श्री भगवती माविमा सम्पन्न भयो। संरक्षक शिक्षक डोलराज पन्थीको संयोजनमा सम्पन्न उक्त प्रतियोगितामा बालअधिकार र सामान्य ज्ञानसँग सम्बन्धित प्रश्नहरू राखिएको थियो। जसमा धर्म सदन प्रथम, दशरथ सदन द्वितिय, गङ्गा सदन तृतीय र शुक्र सदन सान्त्वना भएका थिए। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक बोमबहादुर रानाले इन्सेकले यस विद्यालयमा विगतका लामो समयदेखि काम गर्दैआएको र यस वर्षमा पनि शैक्षिक सामग्रीहरू सहयोग गर्दै आएकोले विद्यार्थीहरूको प्रगतिमा सहयोग पुगेको र अतिरिक्त क्रियाकलापहरू सञ्चालनका लागि आर्थिक सहयोग पनि गरेकोले बालबालिकाहरूको बौद्धिक, मानसिक र शारीरिक विकासमा सहयोग पुग्ने धारणा राखेका थिए। उनले यस्ता खाले प्रतियोगिताले विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा प्रस्फुटन एवम् क्षमता विकासमा सहयोग पुगेकोले इन्सेक गुल्मीलाई धन्यवादसमेत दिएका थिए। कार्यक्रममा इन्सेक जिल्ला संयोजक यज्ञप्रसाद भुसालले विजयी बालबालिकालाई पुरस्कार दिँदै हार्दिक बधाई दिँदै इन्सेकले यस विद्यालयमा बालअधिकार प्रवर्धनमा खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताएका थिए। बालअधिकार चेतना समूहका अध्यक्ष सागर पाण्डेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन बालअधिकार चेतना समूहका सचिव शान्ति रानाले गरेकी थिइन्।

## वादविवाद प्रतियोगिता

इन्सेक जिल्ला कार्यालय, गुल्मीको सहयोग तथा जनसहयोग माविको आयोजनामा विज्ञान वरदान की अभिसाप भन्ने विषयमा वादविवाद प्रतियोगिता ०७१ जेठ १६ गते सम्पन्न भयो। प्रतियोगितामा सपना मरासीनी प्रथम, कल्पना मरासीनी द्वितीय र शोभा खनाल तृतीय र रमा खनाल सान्त्वना भएका थिए। कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक बलराम खनालले इन्सेकले विगतदेखि विद्यालयमा काम गर्दै आएको र यस्ता अतिरिक्त क्रियाकलापहरू समय-समयमा सञ्चालन गर्नाले विद्यार्थीहरूको क्षमता विकासमा सहयोग पुग्ने भनाइ राखेका थिए। बालअधिकार चेतना समूहका सदस्य सन्तोष खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा इन्सेक जिल्ला संयोजक यज्ञ भुसाल, इन्सेक जिल्ला प्रतिनिधि नरेश भण्डारी, विद्यालयका प्रधानाध्यापक बलराम खनाल, सहायक प्रधानाध्यापक कृष्णराज खनालको विशेष उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन बालअधिकार चेतना समूहका जीवलाल कुँवरले गरेका थिए।

## स्थानीय समुदायबीच अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गुल्मीको आयोजनामा नयाँगाउँ गाविसको स्थानीय समुदायबीच अन्तरक्रिया गर्ने कार्यक्रम ०७१ वैशाख ९ गते नयाँगाउँ गाविसमा सम्पन्न भयो। उक्त अन्तरक्रिया कार्यक्रममा नयाँगाउँ गाविस-३ का महिला समूहसँग भेटघाट गरी वडाका समस्याका विषयमा छलफल गरिएको थियो। सो अवसरमा मानवअधिकार निगरानी समूहकी सदस्य राधा पोखेल, अगुवा गोमा पोखेल, गाविसका सामाजिक परिचालक सरोज काउछाको कार्यक्रममा उपस्थिति रहेको थियो। घरयसी काममा बढी अल्झनु परेकोले महिलाहरू समाजमा अगाडि बढ्न नसकेको भनाइ सहभागीहरूले राखेका थिए। महिला र पुरुषको बीचमा रहेका कामको परम्परागत विभाजनलाई विस्तारै परिवर्तन गर्न समूहका अगुवाहरूले आफैबाट थालनी गर्नुपर्ने अनी मात्र समाज परिवर्तन हुने निचोड निकालिएको थियो।

## टेलिभिजन अन्तरसंवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय गुल्मी, जिल्ला विकास समिति, गुल्मी र सगरमाथा टेलिभिजनको संयुक्त आयोजनामा नयाँगाउँ गाविसको मैदानमा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका




**टेलिभिजन संवाद कार्यक्रमका अतिथि वक्ताहरू**

सवालमा सेवाप्रदायक निकाय र सेवाग्राहीहरूबीच टेलिभिजन अन्तर संवाद कार्यक्रम ०७१ वैशाख ८ गते सम्पन्न भयो।

कार्यक्रममा स्थानीय विकास अधिकारी हरिप्रसाद ज्ञवालीले प्रकृयागत रूपमा आएका जनताका समस्या र आवश्यकताहरूलाई प्राथमिकताअनुसार सम्बोधन गर्ने नीतिगत व्यवस्थालाई कार्यान्वयन गरिएको भन्दै गाउँ परिषद् र जिल्ला परिसद्को निर्णयविपरीतका कार्यक्रम र आयोजनाहरूमा बजेट विनियोजन नगरेको बताए। स्थानीय निकायमा निर्वाचित प्रतिनिधिको अभाव र कर्मचारीहरूको कमीका कारण योजना अनुगमनको काम प्रभावकारी हुन नसक्दा कतिपय आयोजनाको गुणस्तर कायम हुन नसकेको तथा आगामी दिनहरूमा सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्ने कुरामा प्रतिबद्धता जनाएका थिए।

जिल्ला शिक्षा अधिकारी गोविन्दप्रसाद अर्यालले नयाँगाउँ वासीको मागबमोजिम वडा १ र २ मा बालविकास केन्द्र स्थापनाको पहल गर्ने र विवादमा रहेका लक्ष्मी प्रावि र महानन्द प्राविको विषयमा जिल्ला शिक्षा समितिको बैठकमार्फत निर्णय गराई पुनर्स्थापित गराउने कुरा प्रतिबद्धता जनाएका थिए।

जिल्ला स्वास्थ्य कार्यालयका मेडिकल सुपरिटेण्डेन्ट सुरेश नेपालले स्वास्थ्यमा जनताको पहुँच बढाउन हर सम्भव प्रयास गरेको भन्दै हेल्थहटहरूलाई तत्काल कार्यान्वयनमा ल्याई जनताले वडा तहमै स्वास्थ्य सेवा पाउने व्यवस्था मिलाइने प्रतिबद्धता जनाएका थिए।

कृषि विकास कार्यालयका प्राविधिक दोमलाल भुसालले नयाँगाउँ गाविसलाई सुन्तला जातका फलफूल खेतीको पकेट क्षेत्र बनाई व्यवसायिक फलफूल खेतीमार्फत किसानहरूलाई आत्मनिर्भर बनाइने कार्यक्रम रहेको जानकारी दिए।

जिल्ला पशु सेवा कार्यालयका प्राविधिक भोजेन्द्रप्रसाद भण्डारीले स्थानीय जनताको मागबमोजिम प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए।

## इन्सेक प्रतिनिधि सम्मानित

उपभोक्ता अधिकारको क्षेत्रमा योगदान पुऱ्याएबापत इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई सम्मानित भएका छन्। नेपाल सरकार, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागसँगको सहकार्यमा उपभोक्ता हित संरक्षण मञ्च नेपालले ०७१ जेठ २ गते दमौलीमा आयोजना गरेको उपभोक्ता सचेतना कार्यक्रमको अवसरमा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका निर्देशक हरिनारायण बेल्वासे र उपभोक्ता हित संरक्षण मञ्चका महासचिव ज्योति बानियाँले भट्टराईलाई सम्मान गरेका थिए।

# मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम

## अन्तरसंवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा 'मध्यपश्चिममा मानवअधिकारको अवस्था र सुधारका लागि सरोकारवाला निकायको भूमिका' विषयक अन्तरसंवाद कार्यक्रममा ०७१ असार ३१ गते नेपालगञ्जमा सम्पन्न भयो। इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेलले मानवअधिकार उल्लङ्घनका घटना न्यूनीकरणमा सहयोग र पीडितले न्याय पाउन भन्ने उद्देश्यले कार्यक्रमको अयोजना गरिएको बताए। संयोजक खकुरेलले मध्यपश्चिमाञ्चल क्षेत्रमा सन् २०१४ अप्रिलदेखि जुनसम्म तीन महिनाको अवधिमा इन्सेकद्वारा सङ्कलन गरिएका मानवअधिकार उल्लङ्घनका २ सय १२ घटना र समग्र मानवअधिकारको अवस्थाका बारेमा जानकारी गराएका थिए। पछिल्लो तीन महिनामा मध्यपश्चिम क्षेत्रमा १९ जना बालिका बलात्कारबाट पीडित भएको खकुरेलले जानकारी गराएका थिए।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक मुरारी खरेलले सबैको साझा पहलले मात्र मानवअधिकारको अवस्थामा सुधार



**कार्यक्रममा आफ्ना भनाइ राख्दै जिल्ला अदालत बाँकेका न्यायाधीश हरिप्रताप केसी**

हुने कुरामा जोड दिएका थिए। त्यसै गरी, पछिल्लो अवस्थामा दिनप्रतिदिन बढ्दै गएका बालबालिका तथा माहिलामाथि हुने हिंसाका घटनामा कारणको खोजी गर्न निर्देशक खरेलले सरकारलाई आग्रह गरेका छन्। महिलामाथि हिंसा न्यूनिकरणका लागि सरकारको नीति राम्रो भए पनि सरकारले प्रभावकारीरूपमा काम गर्न नसकेको खरेलले आरोप लगाए।

कार्यक्रममा महिला तथा बालबालिका कार्यालयकी प्रमुख प्रभा श्रेष्ठले पुरुषवादी सोच र चिन्तन परिवर्तन नभएसम्म महिला हिंसामा कमी नआउने बताइन्। श्रेष्ठले सरकारी निकायमा मात्र भर नपरेर हिंसा विरुद्ध प्रत्येक नागरिक बर्दी विनाको प्रहरी भएर लाग्नुपर्ने बताइन।

कार्यक्रममा सहभागीहरूले मानवअधिकारको अवस्थामा सुधार ल्याउन सुक्ष्म अध्ययनका साथ सरकारी निकायलाई बढी जिम्मेवार बनाउनुपर्ने, प्रमाण कमजोर भए पीडितले न्याय पाउने अवस्था न्यून हुने हुँदा प्रमाण नष्ट हुन नदिन सतर्कता अपनाउनुपर्ने, लैङ्गिक हिंसा न्यूनिकरणका लागि सरकारले ठोस नीति ल्याउनुपर्ने, हिंसा न्यूनीकरणका लागि धार्मिक अगुवा, विभिन्न सञ्जालहरू परिचालन गरेर जनचेतना जगाउनुपर्ने लगायतका विषयमा जोड दिएका थिए।

## अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) एड्भोकेसी फोरम र न्यायका लागि द्वन्द्वपीडित समाजको संयुक्त आयोजनामा यातना पीडितहरूको सहयेगार्थ संयुक्त राष्ट्रसङ्घीय यातना विरूद्धको दिवसका सन्दर्भमा 'यातना रोकथाममा सरोकारवालाहरूको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम ०७१ असार १२ गते नेपालगञ्जमा सम्पन्न भयो। कार्यक्रममा मुख्य अथिति तथा जिल्ला अदालतका न्यायाधीश हरिप्रताप केसीले यातना क्षतिपूर्ति राज्यले दिनुपर्ने र राज्यले पीडकबाट असुल गर्नुपर्ने प्रावधान राख्नुपर्ने बताए। न्यायाधीश केसीले व्यक्तिसँग क्षतिपूर्ति दिने हैसियत नहुँदा प्रक्रिया लामो हुने भएकाले पीडितलाई राज्यबाट भराई राज्यले पीडकबाट असुल गर्नुपर्ने बताए। सहायक प्रमुख जिल्ला अधिकारी गञ्जबहादुर एमसीले अपराध गर्नेलाई त्यसै छोड्न नहुने भएको हुँदा केरकार शाखा रहेको कुरा बताउँदै मानवअधिकार हनन नहुने किसिमले केरकार गरिनुपर्ने कुरा बताउँदै यातना रोकथामको लागि प्रतिबद्ध रहेको बताए। त्यसै गरी, जिल्ला न्यायाधिवक्ता सुरेन्द्रजङ्ग शाहले कुनै पनि हिसाबले यातना दिने कार्य राम्रो नभएको र यातना न्यूनीकरणका लागि सबैले ऐक्यबद्धता जनाउनुपर्ने बताए। इलाका प्रहरी कार्यालय कोहलपुरका डीएसपी जनकबहादुर शाहीले यातना दिने कार्यमा संलग्नलाई बढी सजायको व्यवस्था गरिए यातना न्यूनीकरण हुने बताउँदै यातना न्यूनीकरणमा प्रतिबद्ध भएको जनाए।

कार्यक्रममा एफडब्लुडीका संयोजक तथा अधिवक्ता सुनील श्रेष्ठले शारीरिकभन्दा मानसिक यातना बढी पीडादायी हुने बताए। प्रहरीले आफूसँग भएका वैज्ञानिक अनुसन्धानका प्रविधिहरूलाई समेत प्रयोग नगरेको बताए। कार्यक्रममा पत्रकार महासङ्घका अध्यक्ष रूद्र सुवेदी, आइएचआरसीका अध्यक्ष तथा अधिवक्ता विश्वजीत तिवारी, पुनरावेदन बारका अध्यक्ष ईश्वरी ज्ञवाली, मानवअधिकार एलायन्सका सुरेश गौतमलगायतका वक्ताहरूले आ-आफ्नो धारणा राखेका थिए।

एड्भोकेसी फोरमका क्षेत्रीय संयोजक वसन्त गौतमले सन् २०१३ मा नेपालमा भएका यातनाको प्रवृत्तिका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। उक्त कार्यपत्रमा एड्भोकेसी फोरमले १ सय २१ जना थुनुवाहरूलाई भेटेकोमा ३१.४ प्रतिशतले यातना पाएको उल्लेख गरिएको छ। त्यसै गरी, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सन् २०१३ मा देशभरि १ सय ७१ जनाले पीडित भएको उल्लेख छ। जसमध्ये मध्यपश्चिमाञ्चल क्षेत्रमा मात्र ४७ जना पीडित भएकोमा बाँके जिल्लामा आठ जना पीडित भएको उल्लेख छ।

सहभागीमध्येका सशस्त्र द्वन्द्वको समयमा राज्यपक्षबाट यातना पाएका कोहलपुर गाविस-६ का युवराज गिरीले सँधैभरि दुखाइको औषधी खानुपर्ने

बाध्यता भएको बताए। गिरीले बाहिरी शारीरिक सपाङ्ग भए पनि भित्रीरूपमा आफू अपाङ्ग भएको बताए। 'अबका दिनमा कसैलाई यातना नदिइयोस्।' गिरीले भने।

नेपालगञ्ज नपा-१६ बेलासपुरका निजामुद्दीन शेखले प्रहरीले बिनाकसुर गिरफ्तार गरी आँखामा पट्टी बाँधेर छतबाट फालेको बताउँदै अदालतले क्षतिपूर्तिको फैसला गर्दा समेत नपाएको बताए। त्यसै गरी, यातनापीडित कचनापुर गाविस-७ का झुपबहादुर विष्टले प्रहरीको यातनाका कारण आँखाको तीन पटक शल्यक्रिया गर्नु परेको बताए। द्वन्द्वको समयमा तत्कालीन माओवादीबाट यातना पाएका शमशेरगञ्ज हबल्दारपरुका इन्दल यादव, बैजापुरका रामरतन चौधरीलगायतले आफूले पाएको यातनाले जीवनभरि पीडाको बोध गराउने बताए।

कार्यक्रमको सहजीकरण गर्दै इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेलले यातनाको रोकथामका निम्ति सरोकारवालहरूको ध्यानाकर्षण गराउन र यातनाका विरूद्ध सचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताए। कार्यक्रममा सभाअध्यक्षको आसनबाट आफ्ना भनाई राख्दै अझसम्म पनि द्वन्द्वबाट प्रभावित भएकाहरूले राहत क्षतिपूर्ति नपाएको कुरा दर्शाउँदै बेपत्ताहरूको पीडा पनि अपाङ्गता भएका भन्दा कमी नभएको कुरा बताउँदै कार्यक्रम समापन गरेकी थिइन्।

## क्षेत्रीय परामर्श गोष्ठी

वियोण्ड बेजिङग कमिटी काठमाडौँ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय नेपालगञ्ज, थारु महिला उत्थान केन्द्र बर्दिया र आरआरएनको संयुक्त आयोजनामा बेइजिङ प्लस २० गैरसरकारी संस्था क्षेत्रीय परामर्श कार्यक्रम ०७१ असार ३ गते नेपालगञ्जमा सम्पन्न भयो। बियोण्ड बेइजिङ कमिटीकी कार्य समिति सदस्य सरीता गौतमले कार्यक्रमको उद्देश्यका बारेमा जानकारी गराउँदै सिड, बेइजिङ घोषणा पत्र तथा कार्ययोजना, कार्ययोजनापछि १२ ओटा सरोकारका सवालहरूमा के कस्ता उपलब्धि, समस्या र चुनौती रहेका छन् त्यसको समीक्षा र अबका दिनमा नवोदित विषय के हुन सक्छन् र यस मध्यपश्चिममा के कस्ता अवसर र चुनौतीहरू रहेका छन् भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको



**कार्यक्रममा सहजीकरण गर्दै इन्सेक क्षेत्रीय कार्यालयकी सरस्वती मल्ल**

बताइन्। उक्त कार्यक्रममा विविसीकी सदस्य सरीता गौतमले सिड र बेइजिङ प्लस छले पारित गरेका १२ वटा सवालमा रहेर छलफल चलाएकी थिइन्। कार्यक्रमको अन्तमा सहभागीहरूको तर्फबाट आफ्नो भनाइ राख्दै आसमानि चौधरीले परामर्श गोष्ठी छोटो समयकालागि राखिए पनि उपलब्धिमूलक रहेको र यस्ता कार्यक्रम जिल्ला तहमा पनि गर्नुपर्ने सुझाव राखेकी थिइन्। त्यसै गरी, बिबिसीको २० वर्षमा उपलब्धि हासिल गरेका कुरा र अझ गर्नबाँकी कुराको पनि समीक्षा भएको र यहाँ उठेका कुरालाई सम्बन्धित ठाउँमा लगेर सम्बोधन गरिदिन पनि सहभागीका तर्फबाट अनुरोध गरेकी थिइन्। कार्यक्रमको अन्त्यमा आफ्ना भनाइ राख्दै थारू महिला उत्थान केन्द्रकी निर्देशक प्रिज्मा सिंह थारुले सहभागीहरूलाई धन्यवाद दिँदै थोरै समयका बाबजुद पनि सबैको सक्रिय सहभागिता भएको हुँदा महिलामा सशक्तीकरण भएको कुरा बताइन्। उक्त कार्यक्रमको सञ्चालन इन्सेक कार्यक्रम संयोजक सरस्वती मल्लले गरेकी थिइन्।

## नागरिक संवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय नेपालगञ्ज र स्थानीय शान्ति समिति बाँकेको आयोजना र एभिन्यूज टेलिभिजनको सहकार्यमा मानवअधिकार मैत्री संविधान निर्माणको लागि सरोकारवालाहरूको भूमिका विषयक नागरिक संवाद कार्यक्रम ०७१ जेठ ३ गते नेपालगञ्जमा सम्पन्न भयो। स्थानीय शान्ति समितिका संयोजक कमरुद्दीन राईको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय संयोजक शिव खकुरेलले उद्देश्य माथि प्रकाश पारेका थिए। सोही क्रममा उनले ०७१ माघ ८ गतेभित्र संविधान जारी गर्नको लागि दबाब दिन र अर्को भनेको सबै जातजाति, धर्म, भाषाभाषी समेट्ने खालको मानवअधिकार मैत्री




**अन्तरसंवाद कार्यक्रममा आफ्नो भनाइ राख्दै इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेल**

संविधान बनोस् भनी जनताको सुझावका लागि स्थानीय तहमा नागरिक संवादको आयोजना गरिएको बताए। कार्यक्रममा नागरिकको तर्फबाट आफ्ना विचार राख्दै अधिवक्ता विश्वराज तिवारीले सभासद् देखि सबै आमजनतालाई मानवअधिकार चाहिन्छ, कानुनमा भएका कुरालाई अहिलेसम्म पनि व्यवहारमा लागि हुन सकेको छैन। जबसम्म व्यवहारमा लागु हुन्न तबसम्म मानवअधिकार प्राप्त हुँदैन, त्यसकारण अब बन्ने संविधान कार्यमुखी संविधान बनोस् भनी सुझाव दिएका थिए।

त्यसै गरी, मानवअधिकार रक्षक सञ्जालकी अध्यक्ष अक्षरी पोखेलले महिला हिंसाका घटना कहालीलाग्दो भएको हुँदा महिला आयोग संवैधानिक बनाइनुपर्ने, बलात्कारको घटनाको हदम्याद हुनु नहुने र स्वयम पीडित नै साँची हो भनी कानुनमै राखिनुपर्ने भन्दै सुझाव दिएकी थिइन्। त्यसै गरी, न्यायका लागि द्वन्द्वपीडित समितिकी अध्यक्ष चन्द्रकला उप्रेतीले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगको बारेमा संसदबाट पारित भइसकेको र उक्त विधेयकमा भएका व्यवस्थाले पीडित झन पीडामा पर्ने महसुस आफूहरूले गरेको र पीडितलाई न्याय हुने खालको आयोग बनोस् भन्ने कुरामा जोड दिएकी थिइन्।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी गन्जबहादुर एमसीले मानवअधिकारका कुरा संविधानमै सुनिश्चित हुनुपर्ने तथा बेपत्ता परिवारले उठाएका भूमिसम्बन्धी सवाल एकदमै जायज रहेको धारणा व्यक्त गरेका थिए। यहाँ उठेका कुरालाई माथिसम्म पुऱ्याउन आफूले सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

नागरिकका सुझावहरूलाई सम्बोधन गर्दै नेकपा एमालेका अञ्चल इन्चार्ज तथा बाँके क्षेत्र नं. १ का सभासद् देवराज भारले सबै मानव जातिका लागि मानवअधिकार आवश्यक भएको बताउँदै मानवअधिकारका सबै विषयहरूलाई देशको मूल कानुनमा उल्लेख गर्नुपर्ने बताए। भारले सत्य निरूपण तथा मेलमिलाम आयोगमा पीडितहरूको व्यथा बल्झाउने किसिमको प्रावधान नभएको बताए। यथास्थितिबाट माथि उठ्दा केही कुराको खतरा लिनुपर्ने भएको हो। आजको नागरिक संवाद कार्यक्रमले मलाई पृष्ठपोषण भएको छ किन भने नागरिक सुझाव समितिमा म रहेको हुँदा यहाँहरूको सुझाव मेरोलागि अमूल्य हुने छ। उनले कार्यक्रममा आएका सवालहरूलाई लिपिबद्ध गरी संविधान लेखनमा छलफल गर्ने बताए। त्यसै गरी, एमाओवादी सभासद् अञ्जना चौधरीले समाजमा भएका विभिन्न खालका उत्पीडनहरू हटाउनु पर्ने बताइन्। चौधरीले मानवअधिकारमैत्री संविधान लेखनमा उठेका कुराहरूलाई छलफलमा राख्ने बताइन्। त्यसै गरी, काङ्ग्रेसका सभासद् मैकुव र राप्रपाकी सभासद् गीता सिंहले पनि मानवअधिकारमैत्री संविधान लेखनमा आफ्नो पार्टी प्रतिबद्ध भएको बताए।

## बाँके
## भेटघाट कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालगञ्जको आयोजनामा बाँके जिल्लाका सेवाप्रदायक निकायसँग भेटघाट कार्यक्रम ०७१ जेठ ३० गते सम्पन्न भयो। भेटघाटको क्रममा प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद वली, वरिष्ठ जनस्वास्थ्य प्रशासक जीवनकुमार मल्ल र महिला विकास अधिकृत प्रभा श्रेष्ठ वलीसँग समुदायका समस्या तथा मुद्दाहरूको विषयमा छलफल गरिएको थियो। भेटघाटका क्रममा महिला हिंसा, लैङ्गिक हिंसा, अपाङ्गता भएको व्यक्तिको अवस्था, स्वास्थ्यमा आमनागरिकको पहुँच, सिकलसेल, सिक्टा सिंचाई योजना र समुदायका समस्याका बारेमा छलफल भएको थियो।

सो भेटघाटमा बाँके जिल्लामा यस अवधिमा तीनओटा गम्भीरखाले महिला हिंसा (जलाउने र मार्ने जस्ता)का घटना भएको महिला विकास अधिकृत प्रभा श्रेष्ठ वलीले जनाकारी गराइन्। वलीका अनुसार महिला हिंसाका घटना तथा महिलाहरू पीडित भए तापनि महिलाले घटनाका बारेमा भन्नै नचाहने गर्छन् र उनीहरूलाई सम्बन्धित सङ्घसंस्थाको सहयोगमा

काउन्सिलिङसमेत गर्ने गरेको बताइन्।

भेटघाटका क्रममा थारु समुदायमा मात्र पाइएको सिकलसेल रोगको बारेमा जिज्ञाशा राख्दा वरिष्ठ जनस्वास्थ्य प्रशासक जीवनकुमार मल्ले यसबारे जनस्वास्थय कार्यालय गम्भीर रहेको र यसको बारेमा छलफल समेत भएको बताए। यसको न्यूनीकरण अभियान र उपचारका लागि बजेट बिनियोजनसम्बन्धी छलफल हुँदै गरेको जनाए। मल्लले सुर्खेतमा कम र बर्दियामा सबभन्दा बढी सङ्क्रमित रहेको उल्लेख गर्दै यससम्बन्धी कार्यक्रमका लागि राष्ट्रिय कार्यक्रममा समेत प्रस्ताव गरी सकेको जानकारी गराए। यसको बारेमा जनचेतना विकास गर्न विभिन्न सङ्घसंस्थाहरू मिलेर विद्यालय, सार्वजनिकस्थल र समुदायमा समेत जनचेतना अभियान चलाउन आवश्यक रहेको बताए। सो अवसरमा मल्लले कचनापुर गाविसका समुदायका स्वास्थ्यसम्बन्धी गुनासोलाई मध्यनजर गर्दै कचनापुर स्वास्थ्यको प्रभावकारी सेवा गराउन परिपत्र समेत पठाई सकेको जानकारी गराए।

सिक्टा सिंचाई आयोजना र कचनापुरवासीबीच भएको सम्झौताको विषयमा प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद वलीले यसका बारेमा छलफल तथा फलोअप गर्न सकिने बताए। उक्त अवसरमा बाँकेको जिल्लास्तरीय तथा कचनापुरको गाविसस्तरीय सेवाप्रदायक निकाय र सेवाग्राहीहरूसँग कार्यक्रमको प्रभावकारिता र समुदायका समस्याबारे छलफलसमेत गरिएको थियो।

## टेलिभिजन संवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालगञ्जको आयोजनामा कचनापुर गाविसमा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको सवालमा सेवाग्राही र सेवा प्रदायकबीच टेलिभिजन संवाद कार्यक्रम ०७१ जेष्ठ २५ गते सम्पन्न भयो। इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेलले कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै इन्सेकले आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारका सवालमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउदै शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको सम्बन्धमा सेवा प्रदायक निकायलाई थप जिम्मेवार बनाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताए। कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक जीवनकुमार मल्ल, जिल्ला



**कार्यक्रममा आफ्ना भनाइ राख्दै जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेका प्रमुख जीवनकुमार मल्ल**

कृषि विकास कार्यालयका अधिकृत बसीर अहमदले आफ्नो कार्यालयले दिने सेवा सुविधाका बारेमा जानकारी गराएका थिए। कार्यक्रममा स्थानीयवासी रसुका खत्रीले स्वास्थ्य चौकीमा चेकजाँच गराउन जाँदा स्वास्थ्यकर्मी नभेटिएको बताइन्। अधिकांश सहभागीहरूले स्वास्थ्य संस्थामा जानुभन्दा निजी क्लिनिकमा गए राम्रो सेवा पाउने बताए। एमाओवादीका हरिभक्त पौडेलले गाउँमा जेटीए नहुँदा समस्या परेको बताए। त्यसै गरी, अन्य सहभागीहरूले मौसम परिवर्तनका कारण पशुलगायत कृषि बालीमा रोग लाग्ने गरेको बताउँदै पशु, कृषि प्रविधिकहरूको व्यवस्था नहुँदा समयमा रोग पहिचान हुन नसक्दा बाली नष्ट हुने र पशु मर्ने गरेको बताए। कृषिमाबाली बिमाको बारेमा आफूहरूलाई जानकारी नभएको समेत सहभागीहरूले बताएका थिए। जिल्ला कृषि विकास कार्यालयका निमित्त प्रमुख बसीर अहमद खाँले १८ देखि ५० वर्ष सम्मका नागरिकहरूलाई युवा स्वरोजगार कार्यक्रमअन्तर्गत तरकारी खेतीका लागि ४० हजार र मत्स्यपालनका लागि ५० हजार अनुदानको कार्यक्रम रहेको बताए। नेपाल सरकारले कृषि सेवा केन्द्रलाई १३ बाट घटाएर चारसम्म ल्याउनु बिडम्बना भएको बताए। खाँले सहभागीहरूले उठाएका समस्या समाधानका लागि आफू प्रतिबद्ध रहेको बताए। सहभागीहरूको जिज्ञासाको जवाफ दिँदै वरिष्ठ जनस्वास्थ्य प्रशासक जीवन मल्लले तत्काल नै यसबारे सो स्वास्थ्य चौकी प्रमुखलाई परिपत्र लेख्ने प्रतिबद्धता जनाए। यसका साथै समुदायले पाउने सेवामा कुनै कमी वा लापरवाही भएमा कारबाही समेत गर्ने बताए। मल्लले नेपालको अन्तरिम संविधान २०६३ मा स्वास्थ्य नागरिकको मौलिक हकको रूपमा राखेको बताउँदै समुदायका कुनै पनि व्यक्ति स्वास्थ्य सेवाबाट वञ्चित हुन हुँदैन भन्ने प्रयासमा रहेको जानकारी दिए। उनले कार्यक्रमबाटै स्वास्थ्य चौकीका प्रतिनिधिलाई निर्देशन दिँदै लिखित निर्देशन पनि तत्काल पठाउने कुरा

व्यक्त गरे। स्थानीयहरूले कचनापुरमा प्रहरी चौकी स्थापनापश्चात् शान्ति सुरक्षामा सुधार आएको बताए। प्रहरी चौकीका इन्चार्ज असई दिलबहादुर विकले शान्ति सुरक्षामा प्रहरी सक्रिय रहेको बताउदै मुस्कानसहितको प्रहरी सेवा अभ्यास भइरहेको बताए। विकले स्रोत साधनको कमीले सेवामा ढिलाइ हुने गरेको बताए। कार्यक्रममा स्थानीय सेवाग्राही, राजनीतिक दलका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो।

## अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालगञ्जको आयोजनामा जिम्मेवार निकायलाई जवाफदेही बनाउने उद्देश्यले खाद्य तथा उपभोक्ता अधिकार विषयक अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख १९ गते नेपालगञ्जमा सम्पन्न भयो। इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा इन्सेक जिल्ला संयोजक नारायण सुवेदीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै जिम्मेवार निकाय जवाफदेही भए सेवाग्राहीलाई सहज हुने बताए। इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेलले इन्सेकले स्थापनाकालदेखि अधिकारका विभिन्न विषयमा काम गर्दै आइरहेको बताउँदै पछिल्लो पटक शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको विषयमा जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रम सञ्चालन गर्दै आएको बताउदै खाद्य अधिकारका सम्बन्धमा संविधानमै उल्लेख हुनुपर्ने बताए। उनले खाद्य अधिकार सम्बन्धमा भएका नीति नियमहरूलाई कार्यान्वयन गर्ने र आवश्यकता अनुसार नीति नियम परिवर्तन गर्नुपर्ने बताए।

बाणिज्य कार्यालयका प्रमुख गोविन्द पाण्डेले खाद्य अधिकार सम्बन्धमा सहजकीरण गर्दै खाद्य अधिकारका बारेमा उपभोक्ता आफै सचेत हुनुपर्ने बताए। खाद्य प्रत्यक्ष मानिसको जिवनसँग जोडिएको विषय भएकाले उपभोक्ता सजग हुनुपर्ने प्रमुख पाण्डेले बताए।

कार्यक्रममा सहभागीहरूले नेपाल सरकारले कृषि क्षेत्रमा कृषकलाई सेवा सुविधा दिन नसकेकाले उत्पादन पर्याप्त हुन नसक्नुले भारतीय बजारको भर पर्नु परेको बताए। भारत सरकारले कृषि क्षेत्रमा गरेको लगानीका कारण उत्पादन बढी भई सुपथ मुल्यमा पाइने र नेपालमा कम उत्पादन हुँदा महंगोमा खरिद गर्नु पर्ने भएकाले भारतीय बजारको अधिनमा रहेको




**अन्तरक्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै जिल्ला कृषि विकास कार्यालय बाँकेका प्रमुख राजेन्द्रप्रसाद पाण्डे**

र सस्तो दरमा अखाद्य बस्तु उपभोग गर्न बाध्य भएको बताए।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत राजेन्द्रप्रसाद प्रधानले उपभोक्ताले आफ्नो बानी व्यहोरामा परिवर्तन ल्याए खाद्य सुरक्षामा टेवा पुग्ने बताए। जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत दानबहादुर ऐडीले उपभोक्ता अधिकारका विषयमा प्रशासनले खेल्नु पर्ने भूमिका निर्वाह गर्नुपर्ने प्रतिबद्धता जनाए। जिल्ला जनस्वास्थ्य कार्यालयका बसन्त गैरेले घरको भान्सामा काम गर्ने गृहणीहरूलाई खाद्य तथा उपभोक्ता अधिकारसम्बन्धी चेतना अभिवृद्धी गर्नुपर्ने बताए।

कार्यक्रममा उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले खानेपानीको वोतल खान योग्य नभएको विषयमा प्रमाणसहित छानविनका लागि वाणिज्य कार्यालयका प्रमुखलाई सोही कार्यक्रममा अनुरोध गरे। कार्यक्रममा मानवअधिकार एलाइन्सका सुरेश गौतम, गैसस महासङ्घका नमस्कार शाह, आरआरएनका दीपक बोहरा, जिल्ला वार एशोसियसनका अध्यक्ष केबलसिंह थारु, महिला मानवअधिकार रक्षक सञ्जालकी अक्षरी पोखरेललगायतले उपभोक्ता अधिकारका बारेमा आ-आफ्ना भनाइ राखेका थिए।

यसै गरी, इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्ज र नेपाल पत्रकार महासङ्घको संयुक्त आयोजनामा गणतन्त्रको संस्थागत विकासका लागि राजनीतिक दलहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम ०७१ जेठ १५ गते नेपालगञ्जमा सम्पन्न भयो। कार्यक्रमको स्वागत तथा उद्देश्यमाथि प्रकाश पार्दै इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेलले नेपाली जनताले ज्यानको आहुती दिएर स्थापना गरेको गणतन्त्रको छैठौं वर्ष पुरा भइसक्दा पनि संस्थागत विकास हुन नसकेको विषयमा राजनीतिक दलहरूलाई दबाब दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताए। संयोजक

खकुरेलले संविधान नबन्दा जनताले गणतन्त्रको अनुभूति गर्न नपाएको बताए।

कार्यक्रममा सहभागीहरूले गणतन्त्रको संस्थागत विकासका लागि सबैले सकारात्मक सोचका साथ अगाडि बढ्नुपर्ने बताउँदै जनताले पनि हस्तक्षेपकारी भूमिका खेल्नुपर्ने सुझाव दिएका थिए। त्यसै गरी, स्थानीय निर्वाचन लोकतन्त्रको मेरुदण्ड भएकाले लामो समयदेखि स्थानीय निर्वाचन हुन नसक्नुले पनि गणतन्त्रको संस्थागत विकास हुन नसकेको धारणा व्यक्त गरेका थिए।

कार्यक्रमको समापन गर्दै पत्रकार महासङ्घका उपाध्यक्ष गोविन्द शर्माले गणतन्त्रको संस्थागत विकास नहुँदा सबैभन्दा बढी असर सञ्चारकर्मीहरूलाई परेको बताँउदै विगतका आन्दोलनहरूमा सुरक्षकर्मीले सबैभन्दा पहिले सञ्चार क्षेत्रलाई निगरानीमा राख्ने गरेको बताए। कार्यक्रमको सञ्चालन इन्सेक जिल्ला संयोजक सरस्वती मल्लले गरेकी थिइन्।

## गजल प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को सहकार्य तथा सिद्धेश्वर उच्च मावि फत्तेपुर र बालअधिकार चेतना समूहको आयोजनामा गुणस्तरीय शिक्षा तथा वातावरण विषयमा गजल प्रतियोगिता ०७१ जेठ २ गते सिद्धेश्वर उच्च मावि फत्तेपुरमा सम्पन्न भयो।

साहित्यिक विविध विधामार्फत विद्यालयको शैक्षिक गुणस्तरबारेमा विद्यार्थीबीच प्रतियोगिता गराउँदा उनीहरूले त्यसप्रति चासो दिनुका साथै सचेतना विकासका लागि यस्तो क्रियाकलाप प्रभावकारी रहने बिद्यालयका प्रधान अध्यापक ओमप्रकाश पुनले बताए। इन्सेक सहजकर्ता जुद्धबहादुर पुनले यस्ता साहित्यिक प्रतियोगिताले शैक्षिक साहित्य समेटिनुपर्ने बताउँदै बालाबालिका पठनपाठनका सवालमा नेतृत्व विकास गर्नुपर्ने बताए।

गलज प्रतियोगिताको मूल्याङ्कन संरक्षक शिक्षक दीपक विष्ट, शिक्षक लोकमणी बताला र शिक्षक सङ्गीता थारुले गरेका थिए। उक्त गजल प्रतियोगितामा आठ जना विद्यार्थीहरूले भाग लिएका थिए। उक्त प्रतियोगितामा कक्षा ९ का लक्ष्मी थारु प्रथम, कक्षा ९ का प्रेम कुमारी थारु द्वितीय, कक्षा १० का सन्तु थारु तृतीय र कक्षा १० का रामप्रसाद थारु सान्त्वता भएका थिए। प्रतियोगितामा प्रथम द्वितीय, तृतीय र चौथो हुने विद्यार्थीलाई नेपाली बृहत् शब्दकोषका साथै शैक्षिक सामग्री प्रदान गरिएको थियो।

## बर्दिया
### जिल्लाका सेवाप्रदायक संस्थामा भेटघाट तथा अनुगमन

इन्सेक बर्दियाको पहलमा दलित हकहित संरक्षण मञ्च र अभिभावकहरूले जिल्ला शिक्षा अधिकारी भक्तबहादुर ढकाललाई ०७१ जेठ २३ गते उनको कार्यकक्षमा भेटघाट कार्यक्रम सम्पन्न भयो। सो अवसरमा इन्सेक, दलित हक हित संरक्षण मञ्च र अभिभावकहरूले जिल्लाका विद्यालयमा रहेका सवाललाई समेटेर ध्यानार्कषण पत्र पनि बुझाएका छन्। ध्यानार्कषण पत्रमा कानुनी रूपमा आमनागरिकको नि:शुल्क तथा अनिवार्य शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरिएको, आधारभूत शिक्षाको पहुँच सरल, सहज र सुगमतुल्याई सर्व सुलभ बनाउन र आधारभूत शिक्षालाई नि:शुल्क र अनिवार्य बनाई नेपाली नागरिकको शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने, ५ वर्ष पुरा भई १३ वर्ष ननाघेका प्रत्येक नेपाली नागरिकलाई आधारभूत शिक्षाको व्यवस्था र कुनै किसिमको शुल्क लिन नपाउने, छात्रवृत्तिको व्यवस्था, दिवाखाजाको व्यवस्था आदि भनिए पनि सामुदायिक विद्यालयहरूले विद्यालय भर्ना अभियानका समयमा विभिन्न नाउँमा शुल्क लिने तथा विभिन्न शीर्षकमा निकासा भएका छात्रवृत्तिसमेत समयमै वितरण नगरिदिनु जसका कारण अतिविपन्न वर्ग तथा समुदायका अभिभावकहरूले विद्यालय भर्ना गर्न आर्थिक भारका कारण बञ्चित हुनुपर्ने अहिलेको ज्वलन्त समस्या उल्लेख गरिएको छ। साथै ती सवाललाई हरेक विद्यालयमा कार्यान्वियन गराउन अनुरोध पनि गरिएको छ।

उक्त अवसरमा दलित हकहित संरक्षण मञ्चका अध्यक्ष कमल विकले नेपाल सरकारको शिक्षा नीतिअनुसार, कक्षा आठसम्म कुनै पनि शुल्क लिन नपाइने, कक्षा १० सम्म दलित विद्यार्थी नि:शुल्क भनिए पनि विभिन्न नाममा चर्को शुल्क अभिभावकहरूलाई तिर्न बाध्य बनाउने गरेको बताए। साथै विद्यालयले तोकिएको समयमा छात्रवृत्ति वितरण नगरी उल्टै छात्रवृत्तिको रकम शिक्षकलाई तलब खुवाउने गरेको

दावी गरे। इन्सेक बर्दियाका जिल्ला संयोजक सरस्वती मल्लले राज्यले जनतालाई दिएको अधिकार प्राप्त गर्न कानुनी रूपमा दिएको सुविधालाई कुनै पनि बहानामा कसैले रोक्न वा दुरूपयोग गर्न नमिल्नेमा जोड दिइन्। जिल्ला शिक्षा अधिकारी भक्तबहादुर ढकालले पनि शिक्षा नीति विद्यालयहरूले निशर्त कार्यान्वयन गर्ने भए पनि केही विद्यालयहरूले विभिन्न बहानामा गलत कार्य गरेको सत्य रहेको बताए। तर आफूले भर्ना शुल्क नउठाउन र छात्रवृत्ति पनि तोकिएको समयमा वितरण गरी प्रतिवेदन पठाउन परिपत्र गरिसकेको बताए।

## शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको सवालमा टेलिभिजन संवाद कार्यक्रम

इन्सेक बर्दियाको आयोजनामा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको सवालमा टेलिभिजन संवाद कार्यक्रम ०७१ वैशाख २९ गते मोतिपुर गाविस-८ बाँसगढीमा सम्पन्न भयो। नेपाल टेलिभिजनको सहकार्यमा भएको कार्यक्रममा इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जका संयोजक शिव खकुरेलले राजनीतिक र नागरिक अधिकारमा आमनागरिकहरू सचेतनाको स्तर धेरैमाथि उठिसकेको तर आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबारे सचेतना बढाउनुका साथै यस क्षेत्रको सवालमा सम्बन्धित निकायहरूलाई जवाफदेही र जिम्मेवार बनाउन टेलिभिजन संवाद कार्यक्रम राखिएको बताए। कार्यक्रममा जिल्ला शिक्षा कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, कृषि विकास कार्यालय र जिल्ला पशु कार्यालयका प्रमुखको उपस्थिति रहेको थियो। सहभागीहरूले शिक्षा, स्वास्थ्य, कृषि र पशु क्षेत्रमा आफुहरूले भोग्दै आएको समस्याबारे गुनासो पोखेका थिए। सो अवसरमा विशेष गरी कृषि र पशु सेवा केन्द्रमा कर्मचारीको कमीले सेवा पाउन




**कार्यक्रममा आफ्ना भनाइ राख्दै इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेल**

नसकेको, सिचाई गर्न समस्या रहेको, उत्पादित कृषि र मासुजन्य वस्तुको बजारीकरणमा समस्या, स्वास्थ्य केन्द्रमा उपचार हनु सक्ने विरामीले पनि सेवा पाउनबाट बन्चित हुने गरेको साथै स्वास्थ्यकर्मीहरूको विरामीप्रति गर्ने गरेको रुखो व्यवहार र औषधी वितरणमा अनियमिता, विद्यालयमा अनाधिकृत रूपमा शुल्क उठाइरहेको र शिक्षाको गुणस्तर नभएको जस्ता महत्त्वपूर्ण सवालहरू सहभागीहरूले उठाएका थिए।

मोतिपुर गाविसका स्थानीय सेवाप्रदायकहरूको सहभागी रहेको कार्यक्रममा सराकारी कार्यालयका प्रमुखहरूले आ-आफ्ना कार्यालयबाट दिइने सेवा र अवस्थाको बारेमा जानकारी गराएका थिए। सेवाग्राहीहरूले उठाएका सवालहरूको जवाफ दिँदै जिल्ला पशु कार्यालयका प्रमुख कृष्णकान्त न्यौपाने र कृषि विकास कार्यालयका प्रमुख हिक्मतकुमार श्रेष्ठले कृषि र पशुपालन व्यवसायलाई सम्मानित पेशाको रूपमा स्थापना गर्न लागिरहेको तथा विशेष गरी युवाहरूलाई यस क्षेत्रमा व्यवसायिकरूपमा स्थापित गर्न साथै विदेश गएर फर्केका युवाहरूले यस क्षेत्रमा लगानीको वातावरण बनाएर पुनः विदेश जानबाट रोक्न युवा स्वरोजगार अभियान कार्यक्रममा जोड दिएको बताए। यसै गरी, सेवाप्रदायीहरूले आशा गरेजस्तो सेवा दिन नसक्नुमा जनशक्तिको कमी कारण भएको बताउँदै आफ्नो तहबाट गर्न सक्ने सबै सेवालाई जिम्मेवारीका साथ पूरा गर्न प्रतिबद्ध रहेको पनि बताए।

जिल्ला स्वास्थ्य कार्यालयका वरिष्ठ अधिकृत सुनील पाण्डेले सहभागीहरूले स्वास्थ्यकर्मीहरूको विरामीप्रति गर्ने गरेको रुखो व्यवहार र औषधी वितरणको विषयमा गरेको गुनासोबारे बोल्दै यथार्थ बुझेर सुधारको लागि पहल गर्ने बताए। यसै गरी, जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत हेमकुमार ढकालले विद्यालयमा अनाधिकृत रूपमा शुल्क उठाई रहेको र शिक्षाको गुणस्तर नभएको सहभागीहरूको गुनासोबारे बोल्दै शिक्षा ऐनविपरीत अनाधिकृत रूपमा शुल्क उठाएको प्रमाण फेला परे ती विद्यालयलाई कारबाही गर्ने बताउँदै शिक्षाको गुणस्तर बढाउन विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको पहिलो योगदान हुने कुरामा जोड दिँदै यसका लागि नियमित रूपमा विद्यालयको हरेक गतिविधि अनुगमन गर्ने र सुधारको लागि सबै सरोकारवालाहरूसँग समन्वय गर्न पर्नेमा जोड दिए।

## शैक्षिक गुणस्तर विषयक अन्तरक्रिया धर्मभक्त मावि

इन्सेक बर्दिया र धर्मभक्त मावि कतर्नियाको आयोजनामा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावकबीच शैक्षिक गुणस्तर विषयक अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख १२ गते सम्पन्न भयो। उक्त अन्तरक्रिया कार्यक्रममा विद्यालय भर्ना अभियानका लागि घरदैलो कार्यक्रम गर्ने र नयाँ शैक्षिक सत्रको लागि नयाँ मावि तहको विज्ञान विषयको शिक्षक नियुक्त गर्ने निर्णय गरेको थियो। त्यसै गरी, उक्त बैठकले ३ वर्षदेखि १६ वर्ष मुनिका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने र तथ्याङ्क सङ्कलन गरी जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने निर्णयसमेत गरेको थियो।

## धर्मभक्त मावि

श्री किसान मावि फच्कहवामा नयाँ शैक्षिक सत्र सञ्चालन विषयमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ तथा शिक्षकहरूको सहभागितामा बैठक ०७१ वैशाख ३ गते सम्पन्न भयो। बैठकमा नयाँ शैक्षिक सत्रमा नयाँ विद्यार्थी भर्नाका लागि वैशाख ६ गतेदेखि घर दैलो कार्यक्रम गर्ने निर्णय गरियो। साथै नयाँ शैक्षिक शत्रमा दलित विद्यार्थीहरूलाई मावि तहको कक्षामा कुनै पनि शुल्क नलिने निर्णय गरिएको थियो तथा विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि चालु शैक्षिक सत्रमा कम्प्युटर कक्षालाई विद्यालयमा अनिवार्य रूपमा सञ्चालन गर्नका लागि कम्प्युटर खरिद गर्ने र वैशाख महिनाको २५ गते समग्र शैक्षिक अवस्थाको बारेमा समीक्षा गर्ने विषयमा छलफल तथा निर्णयहरू गरियो।

## जनसेवा उमावि

श्री जनसेवा उमावि बैदीमा शैक्षिक गुणस्तरका बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख १६ गते सम्पन्न भयो। बैठकमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ तथा शिक्षकहरूको सहभागितामा दलित तथा जनजातिका विपन्न विद्यार्थीहरूलाई मावि तहमा मासिक शुल्क मिनाहा गर्ने विषयमा जोड दिएका थिए। नयाँ भर्ना अभियानको रूपमा विद्यालयको सेवा क्षेत्रमा घर दैलो कार्यक्रम गर्ने विषयमा छलफल भएको थियो साथै नयाँ शैक्षिक सत्रदेखि विद्यालयमा प्रोजेक्टरमार्फत अध्यापन गर्नुका साथै कम्प्युटर शिक्षालाई पनि व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा समेत छलफल भएको थियो।

## विद्या ज्योति उमावि

श्री विद्या ज्योति उमाविमा कण्ठापुरमा ०७१ जेष्ठ २३ गते नयाँ शैक्षिक शत्रमा गुणस्तरीय शिक्षा कायम के कसरी गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अनिल गुरुङको अध्यक्षतामा बैठक सम्पन्न भयो। बैठकमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ तथा शिक्षकहरूको सहभागितामा रहेको थियो। बैठकमा विद्यालयलाई विभिन्न शीर्षकमा प्राप्त छात्रावृत्तिहरूलाई प्रभावकारी र पारदर्शीरूपमा वितरण गर्ने तथा विद्यार्थीहरूलाई प्रोत्साहन गर्नका लागि जुन उद्देश्यले छात्रवृत्तिको विवरण गर्ने गरिन्छ सोअनुसार नभई दुरूपयोग हुने गरेकाले यस वर्ष अभिभवाकहरूकै उपस्थितिमा नै औपचारिक कार्यक्रम गरी त्यसको सदुपयोग गर्ने प्रतिबद्धता बैठकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले गरेका थिए। साथै सही काममा प्रयोग भए नभएको बारे अनुगमनको पाटो विद्यालयले अभिलेख राख्ने विषयमा छलफल भएको थियो।

## भगवती मावि

श्री भगवती मावि तिल्कनामा ०७१ जेठ २१ गते विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राधेश्याम थारुको अध्यक्षतामा बैठक सम्पन्न भयो। बैठकमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घको सहभागितामा रहेको थियो। विशेषगरी बैठकमा यस नयाँ शैक्षिक शत्रमा गुणस्तरीय शिक्षा के कसरी गर्ने सम्बन्धमा उपस्थित सरोकारवालाहरूले आ-आफ्ना सुझाव तथा भनाइहरू राखेका थिए। विगतका वर्षको तुलनामा यस विद्यालयले धेरै शैक्षिक उपलब्धि हासिल गरेकै कारण यस शैक्षिक शत्रमा नर्सरी कक्षामा दिनुपर्ने, खेलकुदको सामग्रीको व्यवस्थापन गर्नुपर्ने, रिक्त रहेको शिक्षक दरबन्दीमा पदपूर्ति गर्नुपर्ने लामो विदाहरूलाई घटाउनुपर्ने, पञ्चवर्षीय गुरु योजना बनाएर लैजानुपर्ने सम्पूर्ण विषयहरूको अध्यापन कार्य सन्तुलितरूपमा हुनुपर्ने र निर्णय भएका कुराहरूलाई कार्यान्वयन पक्षमा जोड दिनुपर्ने जस्ता सुझावहरू राखेका थिए।

छलफल बैठकमा बोर्डिङ स्तरको पढाइ सञ्चालनका लागि यस विद्यालयले नर्सरीदेखि कक्षा पाँच सम्मको कक्षा सञ्चालन गरिरहेको र यसलाई के कसरी व्यवस्थित गर्ने भन्ने बारेमा पनि छलफल भयो। त्यसै गरी, कम्प्युटर तथा मल्टीमिडियाबाट प्रावि तहको पढाइलाई पनि के कसरी सञ्चालन गर्ने भन्ने बारे समेत छलफल भएको थियो।

## गाविस तहका सेवाग्राही र सेवाप्रदायकबीच समन्वय बैठक

इन्सेक जिल्ला कार्यालय बर्दियाको आयोजनामा गाविस तहमा सेवाग्राही र सेवाप्रदायकबीच समन्वय बैठक ०७१ वैशाख १५ गते मोतिपुर गाविसमा सम्पन्न भयो। उक्त बैठकमा राजनीतिक दलका प्रतिनिधि, गाविस सचिव, इलाका प्रहरी कार्यालय मोतिपुरका प्रमुख, दलित सञ्जाल र विभिन्न समूहमा प्रतिनिधिहरूको सहभागिता रहेको थियो। बैठकमा सरोकारवालाहरूले मुख्य गरी सरकारी सेवा सुविधाहरू सेवाग्राहीले सहजरूपमा उपभोग गर्न पाउनुपर्ने कुरामा जोड दिएका थिए। त्यसै गरी, समाजमा घरेलु हिंसा कम गर्नका लागि अवैधरूपमा उत्पादन र विक्री वितरण हुने घरेलु मदिरालाई नियन्त्रण गरी रोक्नुपर्ने बताएका थिए। बैठकमा प्रहरीको तर्फबाट नागरिकलाई दिनुपर्ने सेवा जुनसुकै बेला पनि पीडितहरूले सही सूचना दिएको अवस्थामा दिने प्रतिबद्धता प्रहरी निरीक्षक भरतबहादुर बोगटीले व्यक्त गरेका थिए। यस सन्दर्भमा तत्काल संवेदनशील क्षेत्रहरूमा सामुदायिक प्रहरी केन्द्र स्थापना गर्ने योजनासमेत जानकारी गरेका थिए।

कार्यक्रममा गाविस सचिव हरिश्चन्द्र शर्माले यस किसिमको कार्यक्रमले सेवा प्रवाहका कुरामा सहज भएको भन्दै गाविसबाट प्रदान गर्ने सबै सेवाहरू आम सेवाग्राहीलाई समयमा नै प्रदान गर्न आफू तत्पर रहेको र आफ्नो हक अधिकारको लागि सधैं सकरात्मक भूमिका निर्वाह गर्दै आफ्ना गुनासाहरू प्रष्ट राख्नुपर्ने धारणा राखेका थिए। कार्यक्रममा अन्य सहभागीहरूले निःशुल्क शिक्षा भए पनि विद्यालयहरूले विभिन्न बाहानामा शुल्क लिने गरिरहेको दण्डहीनता बढिरहेको जस्ता गुनासा राखेका थिए। त्यसै गरी, सबै सरोकारवालाहरूले शिक्षा, स्वास्थ्य र खाद्य अधिकारजस्ता विषयमा स्थानीयस्तरमै सार्वजनिकस्तरमै सार्वजनिक सवाल जवाफजस्ता कार्यक्रम राख्न आवश्यक रहेको विचारसमेत राखेका थिए।

## कविता प्रतियोगिता

श्री विद्याज्योति उच्च मावि कण्ठपुरको आयोजनामा र इन्सेक जिल्ला कार्यालय बर्दियाको आर्थिक सहयोगमा ०७१ जेठ ९ गते कविता प्रतियोगिता सम्पन्न भयो। उक्त प्रतियोगिता बालअधिकार चेतना समूहका सदस्य अरुना केसीको अध्यक्षता र प्रधानाध्यापक भक्तिसागर रेग्मीको अतिथ्यमा सम्पन्न भएको थियो। प्रतियोगितामा बालअधिकार सचेतना फैलाउनको लागि विद्यालयका १२ जना विद्यार्थीहरूले बालअधिकारसम्बन्धी कविताहरू प्रस्तुत गरेका थिए। प्रतियोगितामा पुष्पा सुवेदी प्रथम, सैगात घिमिरे द्वितीय, सरिता विक तृतीय, विज्ञान दाहाल, विपेश गजमेर, अनिस दाहाल, आरती दर्लामी, मिलन क्षेत्री, नवराज सापकोटा, सदाफ शैयाद, मनिषा विसी, निकेश पौडेल सान्त्वना भएका थिए। प्रतियोगितामा प्रधानाध्यापक भक्तिसागर रेग्मीले बालबालिकाको लागि अतिरिक्त क्रियाकलाप गराउनु नितान्त आवश्यक रहेको र अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूमा सृजनात्मक क्षमताको विकास भएको बताएका थिए।

## वक्तृत्वकला प्रतियोगिता

श्री धर्मभक्त मावि कतर्नियामा महिला शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने विषयक वक्तृत्वकला प्रतियोगिता ०७१ जेठ ९ गते सम्पन्न भयो। बालअधिकार चेतना समूहका अध्यक्ष जीवन रिमाकोटीको अध्यक्षतामा सम्पन्न उक्त प्रतियोगितामा कक्षा ८ देखि १० कक्षाका दश जना विद्यार्थीहरूले भाग लिएका थिए। प्रतियोगितामा सुवेक्षा थारु प्रथम, आकाश थारु दोस्रो, विक्रम थारु तेस्रो र बासुदेव सुवेदी, जकन अधिकारी, लक्ष्मी डाँगी, अर्जुन तामाङ सान्त्वना भएका थिए।

## हाजिरी जवाफ प्रतियोगिता

श्री जनसेवा उमावि बैदीमा ०७१ जेष्ठ ९ गते हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भयो। उक्त प्रतियोगितामा निमावि तथा मावि तहमा अध्ययनरत ३० जना विद्यार्थीले भाग लिएका थिए। प्रतियोगितामा समान्यज्ञान, गणित, विज्ञान तथा सामाजिक

**विद्याज्योति उमावि कालिकामा ०७१ जेठ ९ गते आयोजित विद्यालयस्तरीय प्रतियोगितामा प्रस्तुत कविताहरू**

## बालअधिकार

डालीभरी फूल फूले बास्ना थरी थरी
भवँराले चाख्न थाले यता उता गरी।
यी संसार सिंगारने डालीका फूलको भवँराको
पिडाखप्नु पाप या भुल हो ?
काँचो माटो आकार दिने कला कस्तो कस्तो
भविष्यका कर्णाधार नमान्दिनु सस्तो।
भूल कमजोरी हुन सक्छन् चुलबुले बानी
यता उता चलिराख्छ समुन्द्रको पानी।
तातो हावा चल्यो भने पालुवा ओइलाउछ
स्वच्छ वातावरण पाए राम्ररी मौलाउछ।
पालुवा र फुल जस्तै बालबालिका हुन रे
लखौ तारा आकाशमा शितल दिने जुनले।

**पुष्पा सुवेदी, कक्षा १०, प्रथम**

## म बालक हुँ

बालक हु म मैले खेल्न पाउनुपर्छ।
बालक हु म मैले पढ्ना पाउनुपर्छ।
म गर्न सक्छु पवर्त आरोहण उच्च सगरमाथा
हिमाल।
कापी र कलम हातमा लिएर जान सक्छु
विद्यालय।
आजको बालक हु म भोलिको कर्णधार।
भोलि गए बन्छु म एक सच्चा नागरिक इमानदार।
नौलो सपना देख्छु म सर्वश्रेष्ठ व्यक्ति बन्ने।
आफू बाँचेर धर्तीमा अर्कालाई बचाउने।
म एउटा गरिब हुँ , यस्तै कर्मयोग सिकाउने।
सबैलाई आ-आफ्नो हक अधिकार दिलाउने।

**सैगात घिमिरे, कक्षा १०, द्वितीय**

## बालअधिकार

हामी साना बालक हौ देशको कर्णधार
नयन जस्तो भविष्यलाई खोज्छौ बार बार
कलिला मुना हौं फुलका हामी फुल्न पाउनुपर्छ
अन्धकारको जीवनबाट मुक्ति पाउनुपर्छ।
यहि धर्तिकै कोपिला हुन राष्ट्रलाई चम्काउने
धर्तिमाता नेपाललाई माथि उठाउने
पढाइदिनु बुवाआमा लेख्न सिकाई दिनु
अन्धकारको ज्यातिबाट मुक्ति दिलाई दिनु।
ज्योति पाए यो देशलाई स्वर्ग बनाउने छु
मेहनत को सागरलाई देशमा खन्याउने छु।
सुखशान्ति पाउनु पर्छ हाम्रो गुहार
पढ्न लेख्न पाउनुपर्ने बालअधिकार।
अधिकार भन्ने खुल्ला धर्ति ज्योति नै भयो
निमुखालाई वासदिने पाटी पौवा खुल्ला नै
रहेछ हामी साना बालक हौ देशको कर्णधार
नयनजस्तो भविष्यलाई खोज्छौं बारम्बार।

**सरिता विक, कक्षा १०, तृतीय**

## बालअधिकार

हामी साना बालबालिका पढ्न पाउनुपर्छ
बाबु आमासँग बसी माया पाउनुपर्छ।
घरमा जस्तै स्कूलमा माया पाउनुपर्छ।
सबै ठाउँमा मायालु व्यवहार पाउनुपर्छ।
सुरक्षित रहन संरक्षण पाउनुपर्छ।
भोक लागेको बेलामा खान पाउनुपर्छ।
विरामी हुँदा खेरी उपचार पाउनुपर्छ।
बेला बेलामा खोपको सुई लगाउन पाउनुपर्छ।
अशक्त र अपाङ्गले अवसर पाउनुपर्छ।
छोरा छोरी नभनी पढ्न पाउनुपर्छ।
पढ्न पाउनुपर्छ।

**विज्ञान दाहाल, कक्षा १०, सान्त्वना**

विषयहरूको प्रश्नहरू सोधिएको थियो। कार्यक्रममा समूह ए देखि एफसम्म गरी छ वटा समूहमा विभाजन गरिएको थियो। प्रतियोगितमा समूह ए प्रथम, समूह डी द्वितीय र समूह ई तृतीय भएका थिए।

## समन्वय बैठक

इन्सेक जिल्ला कार्यालय बर्दियाको आयोजनामा शिक्षाको अधिकार, राज्यको दायित्व र कार्यान्वयनको अवस्था विषयमा छलफल कार्यक्रम ०७१ वैशाख १९ गते बर्दियामा सम्पन्न भयो। कार्यक्रममा जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत हेमकुमार ढकालले शिक्षाको अधिकार, राज्यको दायित्व र कार्यान्वयको अवस्था विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। सो अवसरमा उनले बालबालिकालाई शिक्षाको लागि विद्यालयासम्म पहुँच पुऱ्याउने लक्ष्य रहेको र यो पुरा हुने क्रममा रहेकोले अब जीवन उपयोगी गुणस्तरीय शिक्षाका जोड दिएर राज्य अगाडि बढ्ने तयारी गरिरहेको बताए। साथै बालविकास केन्द्र बालबालिकाको विद्यालय प्रवेश गर्ने पूर्वतयारीको अभ्यास भएकोले यसको महत्त्व बढेको र यसलाई अझ बढी व्यवस्थित बनाएर लैजानु पर्नेमा जोड दिए।

कार्यक्रममा सहभागीले अधिकार र दायित्व एक सिक्काका दुई पाटो भएकोले राज्यले नागरिकप्रति जिम्मेवारी पूरा गर्नुपर्ने भए पनि नागरिकले पनि राज्यका योजनालाई योजना व्यवहारिक कार्यान्वयन गर्न आफ्नो तहबाट सहयोग गर्न नसकेको बताए। साथै दलीय व्यवस्थाले शिक्षाको गुणस्तर आउन नसकेको र विशेष गरी विद्यालय व्यवस्थापन समितिमा राजनीतिक दलको हस्तक्षेपले शिक्षामा नकरात्मक असर परेको पनि बताए।

कार्यक्रममा राज्यले नि:शुल्क शिक्षा नीतिगत रूपमा व्यवस्था गरेको शुल्क तिर्न नसक्ने अभिभवाकका



कार्यक्रममा उपस्थित सहभागीहरू

बालबालिका भर्ना हुन नसकेर विद्यालय छोड्ने गरेको दलित हकहित संरक्षण समितिका अध्यक्ष कमल विकले गुनासो गर्दै यसतर्फ राज्य ध्यान जानु पर्नेमा जोड दिए। त्यस्तै, अन्य सहभागीहरूले, शिक्षालाई समयसापेक्ष जीवन उपयोगी र गुणस्तर बनाउन सबै सरोकारवालाहरूलाई आफ्नो जिम्मेवारीमा नैतिकता र दायित्वबोध मनभित्रबाट आउन आवश्यक रहेको बताए। भगवती संस्कृत तथा साधारण माविका प्रधानाध्यापक राजेन्द्र सिंह एलसीले राज्यले शिक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने र अभिभावकले आफ्ना बालबालिकाका लागि समय दिने वातावारण बनाए गुणस्तर शिक्षा दिन विद्यालय र शिक्षक सक्षम रहेको दावी गरेका थिए। कार्यक्रममा शिक्षा क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरू, मानवअधिकारकर्मी, सञ्चारकर्मी विद्यालयका प्रधानाध्यापक तथा बालअधिकार चेतना समूहका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

# सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यक्रम

## मानवअधिकार र महिला हिंसा विषयमा अन्तरक्रिया कार्यक्रम

इन्सेक क्षेत्रीय कार्यालय, धनगढी र सनातन भजनकीर्तन तथा संस्कृति संरक्षण संस्था नेपालको संयुक्त आयोजनामा ०७१ असार २ गते मानवअधिकार र महिला हिंसा विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा अत्तरिया नगरपालिका उद्योग वाणिज्य सङ्घका अध्यक्ष बसन्त रोकायको प्रमुख अथित्य र संरक्षण सस्थाका अध्यक्षको सभापतित्वमा सम्पन्न भएको थियो। कर्याक्रममा नगरस्थित अगुवा महिलाहरू, विभिन्न समूहहरूमा संलग्न महिला अगुवा, बिभिन्न शैक्षक सस्थाका प्रमुखहरूको सहभागिता रहको थियो। कार्यक्रममा महिलाहरूले आफूमाथि हुँदै आएका अन्याय, दुख पीडाहरूका बारेमा जानकारी गराएका थिए। महिलामाथि हुने सबैप्रकारका हिंसाहरूको अन्त्यका लागि सबैभन्दा पहिला उनीहरूको घरबाट नै घरेलु हिंसाको अन्त्य हुनु पर्नेमा जोड दिएका थिए। यसको अन्त्यका लागि राज्यका निकायहरूलाई पनि सक्रिय बनाउनका लागि नागरिक समाजलगायत सबै बुद्धिजीवीहरूको पहल आवश्यक रहेको वक्ताहरूले बताएका थिए।

## मानवअधिकार अवस्था प्रतिवेदन सार्वजनिक

इन्सेक क्षेत्रीय कर्यालय, धनगढीले ०७१ जेठ २३ गते तिन महिनाको मानवअधिकारको अवस्थाका सार्वजनिक गरेको छ। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वेदप्रसाद लेखक र जिल्ला प्रहरी कार्यालय,कैलालीका एसपी मोहनराज जोशीले जिल्लामा भएका मानवअधिकार हन्नका घटनाहरूको बारेमा आफ्ना भनाइ राखेका थिए। यस क्षेत्रमा राज्य पक्षबाट गम्भीर प्रकृतीका मानवअधिकार हननका घटनाहरू नभएको भए पनि आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारबाट नागरिकहरू बन्चित भएको पाइयो। कारागार, हिरासतमा क्षमताभन्दा बढी थुनुवा तथा कैदी राखेका विषयमा राज्यका निकायलाई ध्यानाकर्षण गरिएको थियो। यस क्षेत्रमा रहेका मुक्त कमैया, कमलरी बालिकाहरूको पुनर्स्थापनाको सवालमा राज्य गम्भीर हुन नसकेको विषयमा सरोकारवालाहरूले राज्यका निकायहरूको ध्यानकर्षण गराएका थिए। जनवरीदेखि मार्च २०१४ सम्म सङ्कलित मानवअधिकार हन्न तथा ज्यादतीका घटनाहरूमध्येबाट पनि प्रतिनिधिमुलक घटनाहरू मात्रै कार्यक्रममा प्रस्तृत गरिएको थियो। यस तीन महिनाको मानवअधिकारको अवस्थाका बारेमा इन्सेक क्षेत्रीय कार्यालय धनगढीका क्षेत्रीय संयोजक खडकराज जोशी र प्रलेख अधिकृत कृष्ण विकले प्रकाश पारेका थिए। इन्सेक क्षेत्रीय संयोजक खडकराज जोशीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नागकिर समाजका अगुवा, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू र पत्रकारहरूको सहभागिता रहेको थियो।



अन्तरक्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै सहभागी

## छलफल कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय, धनगढीको आयोजनामा ०७१ जेठ २१ गते मानवअधिकार रक्षकहरूको सुरक्षाको अवस्थाका बारेमा धनगढीमा छलफल कार्यक्रम सम्पन्न भयो। उक्त छलफल कार्यक्रममा धनगढीमा कार्यरत क्रियाशिल मानवअधिकार रक्षक, नागरिक समाजका प्रतिनिधि, पत्रकार, राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि, डीसिएका दक्षिण एसियाका कार्यक्रम अधिकृत जेरम, इन्सेका तर्फबाट डीसिएका सम्पर्क व्यक्ति तथा मानवअधिकार अनुगमन कार्यक्रमका प्रमुख मदन पौडेल, इन्सेक क्षेत्रीय कार्यालय धनगढीका क्षेत्रीय संयोजक खडकराज जोशी, मध्यपश्चिमका इन्सेक क्षेत्रीय संयोजक शिव खकुरेल र इन्सेक



कार्यक्रममा आफ्ना भनाइ राख्दै
इन्सेक क्षेत्रीय संयोजक खडकराज जोशी

क्षेत्रीय कार्यालयका डीसिएका सम्पर्क व्यक्ति कृष्ण विक लगायतको सहभागिता रहेको थियो। डीसिएका दक्षिण एसियाका कार्यक्रम अधिकृत जेरमले यस क्षेत्रमा मानवअधिकार रक्षकहरूको सुरक्षाका अवस्थाका वारेमा जिज्ञाशा राखेका थिए। उनको जिज्ञाशामा मानवअधिकार रक्षकहरूलाई कुनै प्रकारको असुरक्षा देखापरेका समस्या समाधानका लागि मानवअधिकार डेष्क तथा नागरिक समाजले समाधानका लागि संयुक्त रूपमा प्रयास गर्ने र असुरक्षित अधिकारकर्मीको सुरक्षाको प्रबन्ध मिलाउन राज्यलाई दवाफ दिने र आफूहरूले पनि सहयोग गर्ने बताएका थिए। मानवअधिकार रक्षक गतिविधि निष्पक्ष तथा तटस्थ नभएका कारण कहिल काहीँ मानवअधिकारकर्मी जोखिममा पर्ने गरेको पनि सहभागी अधिकारकर्मीले

बताए। कार्यक्रममा सहभागी भएका अथितिहरूलाई इन्सेक क्षेत्रीय संयोजक खडकराज जोशीले स्वागत तथा धन्यवाद ज्ञापन गरेका थिए।

## अन्तरसंवाद कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय धनगढी र राष्ट्रिय भूमि अधिकार मञ्चको संयुक्त आयोजनामा ०७१ जेठ ११ गते कञ्चनपुरको महेन्द्रनगरमा भूमि व्यवस्थापनका सवाल र सरोकारवालाको भूमिकासम्बन्धी अन्तरसंवाद कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि र सरकारी निकायका प्रतिनिधिहरूले भूमिहीनहरूको स्थायी समाधान समयमै गर्न नसकेमा भूमिहीनहरूको समस्या बल्झिएर जाने चिन्ता व्यक्त गरेका थिए। कार्यक्रममा नेपाली काङ्ग्रेसका कोषाध्यक्ष कृष्णबहादुर कुँवर क्षेत्रीले भूमिहीन, सुकमवासी, आरक्ष पीडित, हलिया, खलिया, मुक्त कमैया सबै बासिन्दाको समस्या अधिकारसम्पन्न प्रशासनिक आयोग गठन गरी समाधान हुने बताए। यसैगरी एकीकृत माओवादीका प्रतिनिधि गगन सिंहले राजनीतिक अस्थिरताका कारण भूमि व्यवस्थापनका लागि दलहरूले गरेको पहल सार्थक हुन नसकेको बताए। 'राजनीतिक स्थायित्व छैन, त्यसैले आयोग गठन विघटन हुने क्रम चलिरहन्छ' उनले भने, 'स्थिर सरकार भएमा भूमिसम्बन्धी निश्चित नीति बनाएर समस्या समाधान गर्न सकिन्छ।' यसै गरी, मालपोत कार्यालयका प्रमुख कृष्णकुमार निरौलाले सुकुमवासी आयोगबाट वितरण गरिएका पूर्जाहरूको लागत व्यवस्थित नराखिएकाले भेटाउन नसकिने अवस्था भएको बताए। नापी कार्यालयका प्रमुख मोहनचन्द ठकुरीले विगतमा आयोगहरूले व्यक्तिगत




**कार्यक्रममा उपस्थित सहभागीहरू**

जग्गाका समेत पूर्जा बनाएकाले छानबिन नगरी सुधार हुनै नसक्ने बताए। स्थानीयस्तरका समस्यालाई स्थानीय निकायहरूले समाधान गर्ने र नीतिगत रूपमा सुधार गर्नका लागी कार्यक्रममा उपस्थित स्थानीय राजनीतिक दल, नागरिक समाज र भूमिहीन बासिन्दाबाट आएका सुझावहरू नेपाल सरकारलाई सुझावको रूपमा बुझाउने बताएका थिए।

## अन्तरक्रिया कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजना तथा मेलमिलाप तथा विकास मञ्चको व्यवस्थापनमा कैलाली जिल्ला पहलमानपुर गाविसमा मानवअधिकार अभियान कार्यक्रमअन्तर्गत महिलामाथि हुने घरेलु हिंसा न्यूनीकरण गर्नको लागि सरोकारवालको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम ०७१ वैशाख ४ गते सम्पन्न भयो। कार्यक्रमको अध्यक्षता मेलमिलाप तथा विकास मञ्चका संयोजक यम पोखरेलले गरेका थिए। इन्सेकका क्षेत्रीय संयोजक खडकराज जोशीले कायक्रमको उद्देश्यको बारेमा र महिलामाथि हुने घरेलु हिंसाका बारेमा कानुनी व्यवस्थाको विषयमा सहजीकरण गरेका थिए। सहजीकरणपछि अन्तरक्रिया कार्यक्रममा खुल्ला छलफल भएको थियो। खुल्ला छलफलको क्रममा समाजसेवी पुस्कर बमले महिलामाथि महिलाले नै बढी घरेलु हिंसा गर्ने गरेकोले महिलाहरू नै बढी सचेत हुनुपर्ने उनले बताए। कान्ती उच्च माविका प्रार्चाय हरिदत्त अवस्थीले यस गाविसमा जातीय छुवाछुतको समस्या रहेको बताए। महिलामाथि हुने घरेलु हिंसाको रूपमा छाउपडी प्रथा कायमै रहेको केही समहभागीहरूले बताए। कार्यक्रमका सहभागिहरूले महिला हिंसा न्यूनीकरण गर्नको लागि महिलाहरू एकजुट भएर लाग्नुपर्ने र यसको लागि सरोरकारवला निकाय पनि जिम्मेवार बन्नुपर्ने बताउका थिए। कार्यक्रममा महिलामाथि हुने घरेलु हिंसा न्यूनीकरण गर्नको लागि सबै वर्ग समुदाय, राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकायहरूले पनि सहयोग गरेमा घरेलु हिंसा अन्त्य हुने निष्कर्ष निकालिएको थियो। उक्त कार्यक्रममा विभिन्न सङ्घसंस्थाका प्रतीनिधि, राजनितिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, पत्रकार, महिला अधिकारकर्मीलगायतको सहभागिता रहेको थियो।

# डोटी

## अन्तरक्रिया कार्यक्रम

इन्सेक, डोटीको आयोजनामा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका विषयमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम ०७१ जेठ २५ गते सिलगढीमा सम्पन्न भयो। इन्सेक डोटीका जिल्ला संयोजक मनमाया बस्नेतको अध्यक्षता तथा निमित्त प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा डोटी जिल्लामा शिक्षा, स्वास्थ्य र खाद्यान्नका विषयमा कानुन व्यवसायी शङ्कर दिप मडैले आधारपत्र प्रस्तुत गरेका थिए। कार्यक्रममा डोटीमा खाद्यान्न उत्पादनमा ह्रास आउँदै गएको, बजारमा पाइने कुरा न्युन गुणस्तरका भएका र जिल्ला स्वास्थ्य कार्यालय, डोटीमा पानीको अभावमा अप्रेशन गर्न समेत गाह्रो परेको, अनुमति नपाएका निजी विद्यालयहरूले बालबालिकामाथि खेलबाड गरी अवैधानिक रूपमा कक्षा सञ्चालन गरिरहेका विषयमा पत्रकार महासङ्घका उपाध्यक्ष योगेन्द्र बलायर, सामुदायिक वन उपभोक्ता महासङ्घका सुपरभाइजर धनबहादुर नेपाली, आरडीएनका गीता नेपाली र नयाँ पत्रिका दैनिकका संवाददाता कर्ण चन्दलगायतले बोल्दै यसका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए। सेवाग्राहीको तर्फबाट आएको सुझावलाई निमित्त प्रमुख जिल्ला अधिकारी केशव ज्ञवाली र जिल्ला कृषि विकास कार्यालयका रणबहादुर मल्लले उत्तर दिँदै कार्यक्रमबाट आएका विषयवस्तु सिधै मानवजीवन र मानवअधिकारसँग जोडिएकाले तत्काल कार्यान्वयनमा ध्यान दिने प्रतिबद्धता जनाएका थिए। इन्सेकले मानिसको जीवनसँग जोडिएको विषयमा गम्भीरताका साथ उठाई छलफल गरी समस्या समाधानका लागि खेलेको भूमिकाको प्रशंसा गर्दै निमित्त प्रमुख जिल्ला अधिकारीले आगामी दिनमा पनि यस्ता खालका छलफललाई निरन्तरता दिँदै जानुपर्ने समेत सुझाव दिएका थिए। कार्यक्रममा पत्रकार, मानवअधिकारकर्मी, सरकारी तथा गैससका प्रमुख प्रतिनिधिलगायतको सहभागिता रहेको थियो।

यसै गरी, जिल्ला कार्यालय डोटी र जिल्ला मानवअधिकार सञ्जालको संयुक्त आयोजनामा सत्य निरूपण तथा मेलमिलाप ऐनसम्बन्धी अन्तरक्रिया कार्यक्रम ०७१ जेठ २४ गते डोटीमा सम्पन्न भयो। जिल्ला मानवअधिकार सञ्जालका अध्यक्ष



अन्तरक्रिया कार्यक्रममा भनाइ राख्दै एक सहभागी

दीपकबहादुर सिंहको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनको अवधारणाका विषयमा कानुनव्यवसायी एवम् मानवअधिकारकर्मी शंकर दिप मडैले कार्यपत्र प्रस्तुत गरेका थिए। उक्त कार्यक्रममा सहभागीहरूले 'सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन सानालाई ऐन ठूलालाई चैन भएको र नेपालमा १० वर्ष चलेको सशस्त्र द्वन्द्वमा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घट्नाहरूको अध्ययन गरी अनुसन्धान गर्न र पीडकलाई कारबाही एवम् पीडितलाई न्याय दिनका लागि ऐनमा स्पष्ट व्यवस्था नभएकाले यो ऐन विवादास्पद भएको बताए'। कार्यक्रममा सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनको बुँदा नं. २६ मा पीडित र पीडकले निवेदन दिएको आधारमा मेलमिलाप गर्न सकिने कुरा पनि विवादास्पद रहेकोले यो बुँदालाई हटाउनुपर्ने राष्ट्रिय जनमोर्चाका पार्टी सचिव केशवनाथ योगीले बताए। त्यसै गरी, सहभागिहरूले सशस्त्र द्वन्द्वका समयमा भएको गैरन्यायिक हत्या, बलात्कार तथा सम्पत्ति फिर्ताका कुरामा पनि विवाद रहेको र यो ऐनले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद् नं १३२५ र १८२० समेतलाई असर पार्ने देखिएको समेत औँल्याएका थिए। यसका लागि इन्सेकले पहल गरी ऐन सुधारका लागि सुझाव दिनुपर्नेमा सुझाव दिएका थिए। शान्ति स्थापना भएको सात वर्षपछि आएको ऐनले पीडितलाई न्याय दिन सकोस् र जनआन्दालेनपश्चात् गठन गरिएको रायमाझी आयोग र मल्लिक आयोगजस्तै नबनी कार्यान्वयमा जोड दिनसमेत आग्रह गरेका थिए।

## छलफल कार्यक्रम

इन्सेक, डोटीको आयोजनामा शिक्षा अधिकार र सेवा सुविधाको उपलब्धताको अवस्था सुधार विषयमा सरोकारवालाको भूमिका विषयक छलफल कार्यक्रममा ०७१ जेठ २३ गते भूमिराज मावि, सलेनामा सम्पन्न भयो। इन्सेकका जिल्ला संयोजक मनमाया बस्नेतको



अन्तरक्रिया कार्यक्रममा आफ्नो भनाइ राख्दै एक सहभागी

अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा भूमिराजमाण्डौ गाविसका पाँच ओट विद्यालयका प्रअ, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलगायतको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीहरूले पुरुषहरू कामको सिलसिलामा भारत जाने र महिलाहरू घरधन्दामै व्यस्त हुनुपर्दा बालबालिकाको शैक्षिक गतिविधिका बारेमा अभिभावकहरूले समय दिन नसकेका कारण पनि बालबालिका शिक्षा लिनबाट बन्चित भएका बारेमा जानकारी गराएका थिए। त्यसै गरी, सरकारी विद्यालयमा सङ्ख्यात्मक रूपमा छात्रा बढी हुने र छात्र कम हुने गरेकोमा चिन्ता व्यक्त गर्दै चण्डेश्वरी प्राथमिक विद्यालयका प्रधानाध्यापक राम साफरीले दुई वर्षपछि सरकारी विद्यालयमा छात्रामात्र अध्ययन गर्न आउने विचार व्यक्त गरे। छलफलमा सहभागी श्रोतव्यक्ति नरबहादुर शाहीले अभिभावक, शिक्षक र विद्यार्थीबीच तालमेल मिलाउन सकेपछि मात्र शैक्षिक स्थितिमा सुधार ल्याउन सक्ने भन्दै यसका लागि शिक्षकको भूमिका ठूलो हुनेमा जोड दिएका थिए। इन्सेकले शिक्षासम्बन्धी कार्यक्रम आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्दै बालबालिकाको भविष्य आमाबुबाको हातमा हुन्छ, उनीहरूको व्यक्तित्व विकासका लागि अभिभावक र शिक्षक उत्तिकै जिम्मेवार भएर लाग्नुपर्ने गाविस सचिव डबलबहादुर भाट क्षेत्रीले विचार व्यक्त गरेका थिए।

## कारागार अनुगमन

मानवअधिकार सञ्जाल र इन्सेक जिल्ला कार्यालय डोटीको संयुक्त टोलीद्वारा जिल्ला कारागारको अनुगमन ०७१ वैशाख २३ गते सम्पन्न भयो। ३३ जना कैदी र ३ जना थुनुवा गरी जम्मा ३६ जना रहेको डोटी जिल्ला कारागार कार्यालय धेरै पुरानो भई जीर्ण भइसकेकाले पानी चुहिने गरेको, महिला थुनुवाको लागि छुट्टै कोठा नहुँदा समेत समस्या हुने गरेको कारागार प्रमुख अशोक सार्कीले जानकारी दिए। कारागारमा पुस्तकालय, खेलकुद तथा मनोरञ्जनका केही सामग्रीहरू भए तापनि समय व्यतित गर्न तथा दिर्घकालीन रूपमा फाइदा पुग्ने सीपमूलक तालिम आवश्यक भएको नाइके सुक्र सिंह नायकले बताए। कैदीहरूको नियमित स्वास्थ्य जाँचदेखि राज्यबाट पाउनुपर्ने सेवा सुविधा तथा स्वास्थ्य सुविधा, सुरक्षा तथा भौतिक अवस्थाको बारेमा अनुगमनको क्रममा कैदीहरूको स्वास्थ्य, कारागारमा कैदीहरूका लागि कारागार कार्यालयले गरेको व्यवस्थाका बारेमा समेत जानकारी लिइएको थियो। महिला थुनुवा कक्ष नहुँदा समस्या भएपछि कारागार व्यवस्था विभागबाट मर्मत सम्भारका लागि आएको केही रकमबाट छुट्टै थुनुवा



डोटी जिल्ला कारागार अनुगमनका क्रममा आनवअधिकार सञ्जालका पदाधिकारीहरू

कक्ष पनि तयार हुँदै आएको समेत कारागार प्रमुख अशोक सार्कीले जानकारी दिए। इन्सेक डोटीका जिल्ला संयोजक मनमाया बस्नेतले कैदीहरूका समस्याहरू र आवश्यक सामग्रीहरू उपलब्ध गराउने कुराका बारेमा सम्बन्धित निकायलाई ध्यान आकर्षण गराई सहयोग पुऱ्याउने कुरामा प्रतिबद्धता जनाएकी थिइन्। अनुगमन टोलीमा मानवअधिकार सञ्जालका अध्यक्ष दीपक सिंह, सदस्य शशी सोव, कानुनव्यवसायी एवम् सदस्य शंकर दिप मडै, सदस्य एवम् रुडुक प्रतिनिधि श्याम जोशी, पत्रकार रामहरी ओभ्फालगायतको संलग्नता रहेको थियो।

# कञ्चनपुर
## मानवअधिकार निगरानी समूहद्वारा स्वास्थ्य शिविरको आयोजना

१ सय २५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा मानवअधिकार निगरानी समूह कञ्चनपुर र इन्सेक कञ्चनपुरको संयुक्त आयोजनामा वैशाख १८ गते भिमदत्त नपा-१७ मा पर्ने पूर्णा उमाविमा रहेको मुक्त कमहलरी छात्रावासमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भयो। नि:शुल्क शिविरमा छात्रावासका ४१ जना मुक्त कमहलरीहरूको स्वास्थ्य परीक्षण गरिएको थियो। नि:शुल्क स्वास्थ्य शिविरमा स्वास्थ्य परीक्षणको क्रममा केहीलाई झाडापखाला, भाइरल ज्वरो भएको र अन्य बालिका सामान्य अवस्थामा रहेकोले केहीलाई औषधी दिइएको र बाँकी सबैलाई जुकाको औषधी दिइएको डा. जोनस तिवारीले बताए। इन्सेक कञ्चनपुरको समन्वयमा भएको नि:शुल्क शिविरमा जिल्ला जनस्वास्थ्य कार्यालय कञ्चनपुरले औषधी र डा. जोनस तिवारीले स्वयम्सेवी रूपमा स्वास्थ्य परीक्षणमा सहयोग गरेका थिए। स्वास्थ्य चेकजाँचपश्चात् डा. तिवारीले भने, 'हुनेखानेको स्वास्थ्य चेकजाँचभन्दा अनाथ, गरिब बालबालिकाको स्वास्थ्य चेकजाँच गर्दा मनमा छुट्टै आनन्द आउँदो रहेछ।' त्यही कुरामा बल दिँदै मानवअधिकार निगरानी समूहका संयोजक कृष्णबहादुर देउवाले भने 'अनाथ बालबालिकाको स्वास्थ्य चेक, जाँच गरेर हामी कर्तव्य निर्वाह गरेका हौँ, एकदम राम्रो भयो।' कार्यक्रममा मानवअधिकार निगरानी समूहका संयोजक कृष्णबहादुर देउवा, सदस्य विवेचना विष्ट, प्रभुनीधि पन्त, सचिव कोमल निरञ्जन भाट, इन्सेकका जिल्ला संयोजक दिलबहादुर चौधरी र विद्यालयका शिक्षकहरू सहभागी थिए।



स्वास्थ्य शिविरमा स्वास्थ्य परीक्षण गरिँदै

## अन्तरक्रिया कार्यक्रम

इन्सेक जिल्ला कार्यालय कञ्चनपुरको आयोजनामा श्री भुवनेश्वरी उच्च माध्यमिक विद्यालय सुडा गाविस-३ सिसैयामा 'गुणस्तीय शिक्षाका लागि विद्यालय परिवारबीचमा अन्तरक्रिया' कार्यक्रम ०७१ वैशाख ३० गते सम्पन्न भयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर रोकायाले विद्यालयमा शैक्षिक सुधारका लागि शिक्षकहरूको भूमिका राम्रो रहेको र अझ राम्रो बनाउनका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक र विद्यार्थीहरूको अनिवार्य आचारसंहिता बनाउनुपर्ने र सो आचारसहिंता सबैले पालना गरेमा शैक्षिक सुधार हुने बताए। सो आचारसंहिता सबैले देख्ने गरी भित्तामा टास्ने सहमति भएको थियो।



अन्तरक्रिया कार्यक्रमका सहभागीहरू

त्यसै गरी, इन्सेक कञ्चनपुरको आयोजनामा ०७१ जेठ १६ गते श्री कालिका माध्यमिक विद्यालय पिपलाडीमा 'गुणस्तीय शिक्षाका लागि विद्यालय परिवारबिचमा अन्तरक्रिया' कार्यक्रम सम्पन्न भयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जयसिंह रानाले विद्यालयमा शैक्षिक सुधारका लागि शिक्षकहरूको भूमिका राम्रो रहेको र अझ राम्रो बनाउनका शिक्षक अभिभावक, विद्यार्थीहरू र यस ठाउँका बुद्धिजीवीहरू विद्यालयको लागि अझ बढी लाग्नुपर्ने बताए। कार्यक्रममा उनले जेठ महिनादेखि विद्यालय व्यवस्थापन समितिको बैठकमा बालअधिकार चेतना समूहलगायत विद्यालयमा भएका अन्य बालक्लबबाट प्रतिनिधित्व गराउने जानकारी दिए।

त्यसै गरी, इन्सेक कञ्चनपुरको आयोजनामा ०७१ जेठ २७ गते श्री बैजनाथ उमाध्यमिक विद्यालय कसरौल मा 'गुणस्तीय शिक्षाका लागि विद्यालय

परिवारबीचमा अन्तरक्रिया' कार्यक्रम सम्पन्न भयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हीराप्रसाद जोशीले विद्यालयमा शैक्षिक सुधारका लागि शिक्षकहरूको भूमिका राम्रो रहेको र अझ राम्रो बनाउनका सबै पक्ष लाग्नुपर्ने बताए। प्रधान अध्यापक सिद्धराज भट्टले शिक्षामा सुधारका लागि विद्यालयमा बालबालिकाको सल्लाह र सुझाव आवश्यक भएकोले सुझाव पेटिका सञ्चालन गरिने, त्यो पेटिका बालअधिकार चेतना समूहलाई जिम्मा दिइने बताए।

त्यसै गरी, इन्सेक कञ्चनपुरको आयोजनामा ०७१ जेठ २८ गते श्रीकृष्ण उच्च माध्यमिक विद्यालय झलारीमा 'गुणस्तरीय शिक्षाका लागि विद्यालय परिवारबीचमा अन्तरक्रिया' कार्यक्रम सम्पन्न भयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनक शाहीले विद्यालयमा शैक्षिक सुधारका लागि शिक्षकहरूको भूमिका अझ बढ्नुपर्ने बताए।

त्यसै गरी, इन्सेक जिल्ला कार्यालय, कञ्चनपुरको आयोजनामा ०७१ जेठ ३१ गते श्री बैजनाथ उमावि, जडेपानीमा 'गुणस्तीय शिक्षाका लागि विद्यालय परिवारबीचमा अन्तरक्रिया' कार्यक्रम सम्पन्न भयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामदत्त जोशीले विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि सबै पक्षको भूमिका राम्रो रहेको र अझ राम्रो बनाउन अभिभावक र शिक्षकले बढी ध्यान दिनुपर्ने बताए। प्रधानाध्यापक थिरेन्द्रचन्द्र भट्टले आफ्नो विद्यालय गत वर्षभन्दा राम्रो रिजल्ट निकाल्न सफल भएको बताउँदै भने तर यत्तिकैमा सन्तोष गरेर बस्ने ठाउँ छैन, अब झन चुनौती थपिएको उनले बताए।

## जिल्लास्तरमा सेवाप्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), कञ्चनपुरको आयोजनामा 'सेवाप्रदायक र सेवाग्राहीबीचमा समन्वय अन्तरक्रिया' कार्यक्रम ०७१ जेठ ३० गते महेन्द्रनगरमा सम्पन्न भयो। अन्तरक्रियामा सेवाप्रदायक निकायका तर्फबाट जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति र महाकाली बस व्यवसायी समितिको उपस्थित थियो भने सरोकारवाला र सेवाग्राहीका तर्फबाट सङ्घसंस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू, विद्यार्थी सङ्गठनका प्रतिनिधिहरू, बारका प्रतिनिधि, मुक्त कमलरीका प्रतिनिधिहरू सहभागी थिए। कार्यक्रममा सहभागीहरूले स्थानीय यातायातले यात्रुलाई बस टिकट नदिने गरेको, बस व्यवसायीले यात्रुहरूलाई दु:ख दिने गरेको, महिला र अपाङ्ग आरक्षण सुविधा कार्यान्वयनमा नल्याइएको, दुर्व्यवहार हुने गरेको, परिचयपत्र देखाउँदा पनि विद्यार्थीहरूलाई भाडामा छुट दिन नमानेको जस्ता विषयमा सवाल गरेका थिए। त्यसै गरी, कार्यक्रममा सहभागीहरूले जिल्ला शिक्षा कार्यालयले नयाँ विद्यालयको अनुमति दिन नहुने, अवैध विद्यालयलाई कारबाही गर्नुपर्ने, शिक्षक दरबन्दी मिलान गर्नुपर्ने, मुक्त कमलरीबाट फि लिन नहुने कुरा जोडदार रूपमा उठाएका थिए। कार्यक्रमका प्रमुख अतिथि जिल्ला प्रशासनका प्रशासकीय अधिकृत शिवदत्त अवस्थीले सुशासनका लागि कार्यालय नियमित खुल्नै पर्ने, सेवाग्राहीसँग मीठो बोली व्यवहार गर्ने, सूचना माग्यो भने सूचना दिने सेवाप्रदायक सबै कार्यालयको उत्तरदायित्व र जवाफदेहिता हो भन्ने कुरामा जोड दिएका थिए। उनले जिल्ला शिक्षा कार्यालयले नियमविपरीत सञ्चालन भएका विद्यालयलाई कारबाही गर्नुपर्छ भन्ने कुरामा जोड दिएका थिए।

कार्यक्रममा सहायक जिल्ला शिक्षा अधिकारी पदमराज भट्टले अबका दिनमा नयाँ विद्यालयको स्वीकृति नदिइने, नियमविपरीतका विद्यालयलाई कारबाही थालिने प्रतिबद्धता जनाएका थिए। त्यसै गरी, महाकाली बस व्यवसायी समितिका अध्यक्ष बाबुराम शर्माले बसव्यवसायी समितिलाई स्थानीय स्तरमा चल्ने बसमा अनिवार्य टिकट काट्न तुरुन्त परिपत्र गरिने प्रतिबद्धता जाहेर गरेका थिए। साथै महिला र अपाङ्गका लागि आरक्षित सीटका लागि प्रहरी प्रशासनले निगरानी गरिदिनुपर्ने, बसचालक वा स्टाफहरूले बदमासी गरेको खण्डमा प्रहरी चौकीलाई नागरिकले समयमै खबर गर्दा राम्रो हुने जानकारी गराएका थिए।

## गाविसस्तरीय अन्तरक्रिया कार्यक्रम

इन्सेक जिल्ला कार्यालय, कञ्चनपुरको आयोजनामा उपभोक्ता अधिकारका बारेमा सेवाग्राही र सेवाप्रदायकबीच अन्तरक्रिया कार्यक्रम ०७१ जेठ ८ गते सुडा गाविसको सभाकक्षमा सम्पन्न भयो। स्थानीय सरकारी निकायले गाविसस्तरमा दिने सेवा सुविधाका

बारेमा उपस्थित सेवाग्राहीहरूले सेवाप्रदायक संस्थाहरू गाविस, कृषि सेवा केन्द्र, उपस्वास्थ्य चौकी, पशु सेवा केन्द्रका प्रमुखहरूसँग विभिन्न जिज्ञासाहरू राखेका थिए। अन्तरक्रिया कायक्रममा सेवाग्राहीहरूले सेवा प्रवाहका बारेमा पूर्ण जानकारी नभएका कारण सेवा प्रवाहका बारेमा सुचनाका माध्यमले सबै स्थानीय नागरिकहरूलाई जानकारी गराइ दिन सेवाप्रदायक संस्थाहरूलाई आग्रह गरेका थिए। सेवाग्राहीहरूका जिज्ञासालाई प्रस्ट पार्दै पशुसेवा केन्द्रका प्रमुख धर्मानन्द भट्टले कार्यालयले दिने सेवा सुविधाबारे जानकारी गराएका थिए। कार्यक्रममा उपस्थित सहभागीहरूबाट सुडा गाविस-४ हरपाल र सोही गाविस-१ मन्दिरपुरमा बाख्रालाई दिइने खोप नपुगेको आवाज उठेपश्चात् उपकेन्द्रका इन्चाज धर्मानन्द जोशीले गाउँबाट कम्तिमा ५० पशुमा खोप लगाउने माग भए आफू घटनास्थलमा गई निशुल्क पिपिआर खोप लगाइ दिने प्रतिबद्धता जनाए। यसै गरी, गाविस प्रतिनिधि मानदेव जोशीले गाविसबाट विनियोजित हुने बजेटलाई लक्षित वर्ग र सबैको सहभागीता रहने ढङ्गले योजना निर्माण गरी विकास निर्माणका कार्य गरिरहेको जनाए। कार्यक्रममा कृषि सम्पर्कस्थल सुडाका इन्चार्ज महेशचन्द्र जोशी, एमालेका प्रतिनिधि अम्बादत्त अवस्थी, साना किसान सहकारीका अध्यक्ष भरत थापाको समेत उपस्थिति थियो। इन्सेक कञ्चनपुरका जिल्ला संयोजक दिलबहादुर चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन कार्यक्रम सहायक वीरबहादुर डंगौराले गरेका थिए।

## विद्यालयमा बालअधिकार प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सम्बद्ध बालअधिकार चेतना समूहको आयोजनामा ०७१ जेठ २० गते वैजनाथ उमावि कसरौलमा निवन्ध प्रतियोगिता सम्पन्न भयो। 'गुणस्तरीय शिक्षाको लागि शिक्षक, अभिभावक र विद्यार्थीको भूमिका' विषयक निबन्ध प्रतियोगितामा ज्ञानु विष्ट प्रथम, भुवन सेठी द्वितीय, उपासना सिह तृतिय र कृष्ण जोशीले सान्त्वना पुरस्कार प्राप्त गरे  थिए।

त्यसै गरी, (इन्सेक) सम्बद्ध बालअधिकार चेतना समूहको आयोजनामा जेठ ९ गते श्री वैजनाथ उमावि जडेपानीमा निबन्ध प्रतियोगिता सम्पन्न भयो। 'बालमैत्री विद्यालय' विषयमा सम्पन्न निवन्ध प्रतियोगितामा शरदप्रसाद पाण्डेय प्रथम, शंकरदत्त पाण्डेय द्वितीय, विक्रम धामी तृतीय तथा महेश बडु सान्त्वना भएका थिए।

त्यसै गरी, इन्सेक सम्बद्ध बालअधिकार चेतना समूहको आयोजनामा जेठ १६ गते श्री कृष्ण उमावि झलारीमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो। 'गुणस्तरीय शिक्षाको लागि शिक्षक, अभिभावक र विद्यार्थीको भूमिका' विषयमा सम्पन्न वक्तृत्वकला प्रतियोगितामा दीपा चुनारा प्रथम,सरीता जोशी द्वितीय, पंकज भट्ट तृतीय र मनिषा जोशी सान्त्वना भएका थिए।

इन्सेक सम्बद्ध बालअधिकार चेतना समूहको आयोजनामा ०७१ जेठ ९ गते श्री भुवनेश्वरी उमावि सिसैयामा 'बाल मैत्री विद्यालय' शीर्षकमा चित्रकला प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा १८ जना बालबालिकाले भाग लिएका थिए। जसमा शरद भुवन जोशी प्रथम, ईश्वरी कुमारी घर्तीमगर द्वितीय हेमन्ती साउद तृतीय भएका थिए।

इन्सेक सम्बद्ध बालअधिकार चेतना समूहको आयोजनामा ०७१ जेठ २ गते श्री कालिका मावि पिपलाडीमा 'बाल मैत्री विद्यालय' शिर्षकमा निबन्ध प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा ९ जना बालबालिकाले भाग लिएका थिए। जसमा अमृत चुनारा प्रथम, लक्ष्मी भट्ट द्वितीय र पवन अवस्थी तृतीय भएका थिए। प्रतियोगितामा सफल सबै विद्यार्थीहरूलाई विद्यालयले पुरस्कृत गरेको थियो।

# डडेल्धुरा

## मानवअधिकार वर्षपुस्तकको अर्धवार्षिक समीक्षा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), डडेल्धुराद्वारा मानवअधिकार वर्षपुस्तक २०१५ को अर्धवार्षिक समीक्षा ०७१ असार १६ गते जिल्ला



**वर्षपुस्तक अर्धवार्षिक समीक्षामा उपस्थित सहभागीहरू**


सदरमुकाम अमरगडीमा सम्पन्न भयो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम क्षेत्रीय संयोजक खडकराज जोशीले जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरी मानवअधिकार वर्षपुस्तकमा समावेश गर्दै आएको र घटनाहरूलाई तथ्यपरक बनाइ सरोकारवाला निकायहरूसँग त्रैमासिकरूपमा समीक्षा गर्दै आएको र उक्त समीक्षा कार्यक्रममा आएका सुझावसहित वर्षपुस्तकमा समावेश गरिँदै आएको बताए। प्रहरी नायब उपरीक्षक भोजदेव खतिवडाले इन्सेकले सङ्कलन गर्ने घटनाहरूमा सबै निकायले विश्वास लिने भएकोले घटनाहरू सङ्कलन गर्दा थप श्रोतहरूको खोजी गरी घटना सङ्कलन गर्नुपर्ने बताए। खतिवडाले इन्सेकले पछिल्लो समयमा जिल्लामा राम्रो समयन्वय गरी अगाडि बढिरहेको जानकारी गराए। समीक्षा कार्यक्रममा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, सञ्चारकर्मीहरूले आफ्ना सुझावहरू दिएका थिए।

## आमा समूहको पहलमा पिपिआर खोप कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालय, कञ्चनपुर सम्बद्ध सुडा गाविस-१ मन्दिरपुरस्थित प्रगति आमा समूह र वडा नं. ४ हरपालस्थित नवदुर्गा आमा समूहको आयोजनामा ०७१ वैशाख २९ र ३१ गते गाउँमा नि:शुल्क पिपिआर खोप कार्यक्रम सम्पन्न भयो। यस अघि जिल्ला पशु सेवा कार्यालयबाट आउने प्राविधिकलाई शुल्क तिरेर बाखामा खोप लगाउने गरेका किसानहरूले २०७० चैत २८ गते सुडा गाउँ विकास समितिको हलमा इन्सेकद्वारा आयोजित सेवाग्राही र सेवाप्रदायकहरू बीचको अन्तरक्रिया कार्यक्रममा पशु सेवा उपकेन्द्रले गाविस भरी खोप लगाइसकेको जानकारी गराएको थियो। कार्यक्रममा उपस्थित सुडा गाविस-४ हरपाल र सोही गाविस-१ मन्दिरपुरमा खोप नपुगेको जानकारीपश्चात् उपकेन्द्रका इञ्चार्जले गाउँबाट कम्तिमा ५० पशुमा खोप लगाउने माग भए आफू घटनास्थलमा गई नि:शुल्क पिपिआर खोप लगाइदिने प्रतिबद्धता जनाएका थिए। आमा समूहले गाउँमा रहेको पशुको लगत लिई नि:शुल्क खोपको माग गरेपछि उक्त कार्य सम्भव भएको हो। सुडा गाविस-१ मन्दीरपुरमा ४० घर परिवारका १ सय ३५ र सुडा गाविस-४ हरपालमा १५ परिवारका ४५ बाखामाखोप लगाइएको छ। खोपसँगै किसानहरूलाई अचानक बाखा बिरामी भएर मर्ने त्रासबाट मुक्ति मिलेको छ भने अर्कोतिर गाउँमै नि:शुल्क खोप सेवा पाइएको उपभोक्तहरूले बताए।

## यस पुस्तकमा

- **परिचय**
- **खाद्य अधिकारको न्यायिक निरूपण**
- **अन्तर्राष्ट्रिय कानुन र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको गम्भीर ग्राह्यता**
- **खाद्य अधिकारको प्रचलन र यसका आयामहरू**
- **खाद्य अधिकार र राज्यको दायित्व**
- **नेपालमा खाद्य अधिकार**
- **नेपालमा खाद्य सुरक्षाको वर्तमान अवस्था**
- **खाद्य अधिकारसम्बन्धी विधिशास्त्र**
- **नेपालको सन्दर्भमा खाद्य अधिकार र राज्यको दायित्व**
- **निष्कर्ष तथा सुझाव**



# छापामा इन्सेक

INSEC Documentation

२०७१ जे ठ ९ गते दर्शन दैनिक

पृष्ठ ४ २०७१ जेठ ९ गते शुक्रबार FRIDAY, 23 MAY 2014

## जवाफदेही बनाउनका अन्तर सम्वाद

बिराटनगर, ८ जेठ। बिराटनगर उपमनपामा दूषित खानेपानीको कारणले फैलिएको हेपाटाइटिस 'इ' जन्डिस प्रकोप नियन्त्रण र स्वास्थ्य अधिकार विषयमा जेठ ८ गते अन्तरसम्वाद कार्यक्रम सम्पन्न भएको छ।

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय बिराटनगर १ र २ गते नेपाल खानेपानी संस्थान, क्षेत्रीय खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालय, कोशी अञ्चल अस्पताल बिराटनगर उपमनपा, जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला कारागार लगायतमा मानवअधिकारकर्मीको टोलीले गरिएको अनुगमन प्रतिवेदन प्रस्तुत गरिएको थियो। इन्सेक क्षेत्रीय ...

अस्पतालका मेसु डा. नपेश्वरलाल कर्ण, जिल्ला जनस्वास्थ्य प्रमुख नवराज सुब्बा, खानेपानी संस्थानका अधिकृत रत्नप्रसाद गजवशी, क्षेत्रीय खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालयका प्रमुख उपेन्द्र राय र बिराटनगर उपमनपाका कार्यकारी अधिकृत प्रदीपकुमार निरौलालगायतले दिएका थिए।

कार्यक्रमका प्रमुख अथिति तथा ...

उज्यालो २०७१ जेठ २२, बिहिबार Thursday 5 June 2014 समाचार

INSEC Documentation

## शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्छ

उज्यालो पत्र

बिराटनगर

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालय बिराटनगरले निःशुल्क तथा गुणस्तरीय शिक्षाको प्रभावकारिता र सरोकारवालाको भूमिका विषयक टेलिभिजन सम्वाद कार्यक्रम सम्पन्न गरेको छ।

बिराटनगरमा बुधबार भएको कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक कोषराज न्यौपानेले शिक्षा निःशुल्कमात्र भएर पुग्दैन ...



जिल्लाको शैक्षिक अवस्थाका बारेमा बताए। गैरसरकारी संस्था महासंघ जिल्ला तथा क्षेत्रीय अध्यक्ष विनोद न्यौपानेले शैक्षिक गुणस्तर वृद्धि गर्न सामुदायिक विद्यालयको अनुगमन प्रभावकारी बनाउन जरुरी रहेको बताए।

सो कार्यक्रममा ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी, राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक, जिल्ला शिक्षा अधिकारी, शिक्षक युनियनका अध्यक्ष, प्याब्सनका प्रतिनिधि, गैरसरकारी संस्था ...

Nagarik Dainik 071 Baishak 23

## दाइजो नल्याएको निहुँमा आगो

INSEC Documentation

टेकेन्द्र बस्याल

कोहलपुर वैशाख २२

बिवाहमा मोटरसाइकिल र भैंसी दाइजो नल्याएको निहुँमा बाँकेमा पतिबाट एक महिलाको शरीरमा जिउँदै आगो लगाएको घटना सार्वजनिक भएको छ। हिरिमिनिया-८ अहिरपुरवा माइती घर भई लक्ष्मणपुर-८ मियाँपुरवामा बिवाह गरेकी २५ वर्षीया रिहाना सेख दफालीलाई पति फरिद शेखले जिउँदै मट्टीतेल छर्केर आगो लगाएका हुन्। २०७० चैत ३ गते आगो लगाई घाइते भएकी रिहानालाई घरपरिवारको दबाबमा एक महिनासम्म उपचार गर्ने बहानामा भारतको बहराइचमा राखेर घटना लुकाएको पाइएको छ। माइती पक्षले वैशाख २१ गते आइतबार नेपालगन्जस्थित इन्सेक कार्यालयमा उपचार र न्यायको मागसहित निवेदन दिएपछि घटना बाहिर आएको हो।

बुबा मोहम्मद सलिम सेख दफाली छोरीलाई भेट्न बहराइच ...



सहयोग गर्ने साथी संस्थाकी सरिता शर्माले जानकारी दिइन्। पीडितलाई उपचारका लागि एम्बुलेन्समार्फत् काठमाडौं पुऱ्याउन महिला तथा बालबालिका कार्यालयले आर्थिक सहयोग गरेको छ। प्रमुख जिल्ला

**दाइजो नल्याएको भन्दै कुटपिट गर्ने, जलेको चुरोटले संवेदनशील अङ्गमा डाम्ने गरेको पीडितले बताइन्।**

अधिकारीको निर्देशनपछि जिल्ला प्रहरीले सोमबार अस्पतालमा पुगेर पीडितसँग बयान लिएको छ। जिल्ला प्रहरी कार्यालय बाँकेका डिएसपी प्रेम बस्नेतले घटनाको अनुसन्धान भइरहेको बताए। 'पीडित महिलाले आफू पतिबाट जलाइएको भन्दै नामसहित किटानी जाहेरी दिएकी छिन्,' उनले भने,'घटनाको अनुसन्धान भइरहेको छ, सबै कुरा बाहिर ल्याउन मिल्दैन।'

आदर्श समाज दैनिक २०७१ असार १४ गते पेज नं. १

## अदालतको अपहेलना विधेयकले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने

## विधेयक संशोधन गर्न नागरिकले खबरदारी गर्नुपर्ने

आदर्श समाज सम्वाददाता

पोखरा, १३ असार।अदालतको अपहेलना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने एक कार्यक्रममा बोल्ने वक्ताहरूले बताएका छन्।

शान्तिका लागि नागरिक ... कानुन र विधि विधानविपरीत रहेकोले उक्त विधेयक लेखिए अनुसार गलत प्रवाधानलाई हटाई विधायिका संसद्बाट पारित गराई लागु गरिनुपर्ने माग गरेका थिए। विधेयकमा नागरिकको संविधानबाट प्राप्त मौलिक हकलाई बन्देज लगाउन खोजिएको भन्दै यसलाई संशोधन गर्नका लागि ... खोजेको टिप्पणी गरे।

वरिष्ठ अधिवक्ता कृष्णबहादुर गुरुङले अदालतको मर्यादा बढाउने मनसाय विधेयकमा भए पनि फौजदारी न्यायसंहितासरह विधेयक ल्याइएको र सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने खोजिएकोले संशोधन गरिनुपर्ने बताए।

INSEC Documentation

## सेनाविरुद्ध छानबिन नभएको आरोप

अन्नपूर्ण पोष्ट दैनिक, २०७१ असार २४ गते, पेज नं १

## मानवअधिकार आयोगको स्तर घटाउन दबाब

चूडामणि भट्टराई

**दुई वर्षअघि पनि आयोगलाई घटुवा माग गर्दै पत्राचार गरिएको थियो।**

काठमाडौं : राष्ट्रिय मानवअधिकार आयोग अझै पनि सरकारी नियन्त्रणमा चलेको आरोप लगाउँदै उसलाई घटुवा गर्न स्तर निर्धारण समिति जेनेभामा फेरि पत्र पठाइएको छ। नेपाली सेनाद्वारा हुने मानवअधिकार उल्लंघनमा छानबिन गर्न पाउने अधिकार सुनिश्चित नभएको भन्दै नेपालका केही र मानवअधिकार सम्बन्धी गैरसरकारी संस्थाहरूको एसिया नेटवर्कले आयोगको स्तर निर्धारण गर्ने जेनेभास्थित अन्तर्राष्ट्रिय समन्वय समिति (आईसीसी) लाई पत्राचार गरेका हुन्।

पत्रमा आयोगलाई अन्तर्राष्ट्रिय मान्यतामा प्रथम श्रेणी (ए) बाट घटुवा गर्नुपर्ने आशय उल्लेख छ। आईसीसीले नेपालबाट फेरि पत्र आएको भन्दै केही दिनअघि मानवअधिकार आयोगको धारणा मागेको छ। नेपालका केही एनजीओले दुई वर्षअघि पनि आयोगलाई घटुवा गर्नुपर्ने माग गर्दै पत्राचार गरेका ... संस्थाहरूको एसियन एनजीओ नेटवर्क (एएनएनआई) ले ३० जुनमा अर्को पत्र लेखेका हुन्।

स्वदेश र विदेशका मानवअधिकारवादी संस्थाले लगातार उजुरी गरिरहनुलाई नेपालबाट फिर्ता गएको मानवअधिकारसम्बन्धी राष्ट्रसंघीय उच्च आयोगको कार्यालय (ओएचसीएचआर) लाई फेरि भित्र्याउन दबाब दिन खोजिएको रूपमा कतिपयले बुझेका छन्।

पत्रमा आयोगको अधिकार क्षेत्रका सबै बन्देज हटाई राज्यका सबै निकाय (नेपाली सेनासमेत) र द्वन्द्वका सबै सशस्त्र पक्षका शक्ति र व्यक्तिमाथि छानबिन हुनुपर्नेमा त्यस्तो नभएको तर्क गरिएको छ। आयोग स्वायत्त हुन नसकेको, मानवअधिकार आयोगसम्बन्धी ऐनका केही प्रावधानका कारण सदस्य नियुक्त हुन नसकेको र महान्यायाधिवक्ताले आयोगको सिफारिस सजिलै उल्टाउने अवस्था रहेको भन्दै आयोगलाई घटुवा गर्न भनिएको छ। इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले आफूहरूले परिस्थितिको विवरण पठाएको तर घटुवा माग नगरेको दाबी गरे। उनले भने, 'आईसीसीले उठाएका विषयहरू पूरा नहुँदा स्तर निर्धारणमा असर त पर्छ।'

आयोगका निमित्त सचिव वेदप्रसाद भट्टराईले त्यसरी पत्र लेख्नुमा यहाँका संस्थाहरूको निजी स्वार्थ हुनसक्ने बताए। उनले भने, 'आयोगको स्तर घटाएर स्वतन्त्रता र स्वायत्तता कायम हुन्छ भने त उजुरीकर्ताको कुरा ठीकै होला, बी वा सी श्रेणीमा संस्थालाई झारेर त्यो सम्भव होला र?' आयोगका पूर्वसचिव विशाल खनाल भन्छन्, 'केही एनजीओ आयोगलाई तल झार्नुपर्छ भनेर लागेका छन्। सरकारलाई कानुन संशोधन गर भनेर दबाब दिनुपर्नेमा स्तर घटाउनेतिर लाग्नु राम्रो होइन। त्यसो गर्नेहरूलाई आयोग पदाधिकारीविहीन हुँदा मलजल पुगेको छ।'

उजुरी परेको डेढ वर्षभित्र स्तर निर्धारणको टुंगो ...

INSEC Documentation

## वर्ष पुस्तकको सुझाव संकलन गर्दै इन्सेक

कमाण्डर पोष्ट दैनिक, २०७१ असार २६ गते , पेज नं. ४

कमाण्डर पोष्ट

कञ्चनपुर

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आगामी वर्षको मानव अधिकार वर्ष पुस्कतमा समावेश हुने मानव अधिकार उल्लङ्घनका घट्ना सम्बन्धि सरोकारवाला निकायसित सुझाव लिएको छ। इन्सेकलले मानव अधिकरा वर्ष पुस्तक २०१५ का लागि नागरिक समाज, सुरक्षा निकाय, अधिकारकर्मी र सञ्चारकर्मीसित त्रैमासिक समीक्षा गोष्ठी गरी सुझाव लिएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक राजेन्द्र प्रसाद चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटले जिल्लामा गत वैशाखदेखि हालसम्म संकलन गरिएको मानव अधिकार उल्लङ्घनका ३१ घट्नालाई प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रस्तुत गरिएको घट्नामध्ये वडा प्रहरी कार्यालयमा कालु राम चौधरी र हिक्मत चौधरी कुटपिट सहतका ६ घट्नालाई वर्ष पुस्तकमा समावेश गरिने इन्सेक प्रतिनिध भाटले बताए। वर्ष पुस्तकका लागि महिला अधिकार सम्बन्धि २५, ज्यादति, आर्थिक अधिकार र अमानवीय व्यवहारका २/२ र मानव बेचबिखनका १ घट्नांलाई संकलन गरिएको छ। संकलन गरिएकामा २५ घट्ना मिलापत्र गरिएकाले वडा प्रहरी कार्यालयमा कुटपिट सहितका ६ घट्नालाई वर्ष पुस्तकमा समावेश गरिने बताए। वडा प्रहरी कार्यालयमा कुटिएका चौधरीद्वयले क्षतिपूर्तिका लागि जिल्ला अदालतमा मुद्दा दायर गरेका छन्।

कार्यक्रममा प्रहरी उपरीक्षक चौधरीले जघन्य अपराधमा घट्नाहरु ठूलो संख्यामा नभए पनि अशिक्षा, जनंचेतना अभाव, गरीबि लगायतका कारणले मानव अधिकार हनन हुने गरेको बताए। 'समाज आर्थिक रुपमा बलियो हुँदै गएपछि यसमा सुधार हुन्छ' उनले भने।

शान्तिका लागि साझा अभियान( कोक्याप) की कार्यक्रम अधिकृत भुवन कुँवरले मानव अधिकार उपभोग गर्न नपाएका कारण धेरै महिलाहरुले अनाहक ज्यान गुमाउन बाध्य भएको बताइन्। 'झुण्डिएर, विष सेवन गरी मर्नेको संख्या नसुनेको दिन छैन' उनले भनिन्,' महिलाहरु यसरी अनाहकमै ज्यान गुमाउन बाध्य छन्।' आत्महत्यामा कानुन आकर्षित नहुने भएकाले अनुसन्धान गरी नियन्त्रण हुन नसकेको उनको भनाई थियो।

प्रहरी उपरीक्षक चौधरीले असन्तुष्टि र अर्काको गुनासो सहन नसक्ने व्यक्तिले आत्महत्या गर्ने गरेको उल्लेख गर्दै महिलाको मन नरम हुने भएकाले आत्महत्या गरेको बताए। 'महिलालाई शिक्षा, स्वास्थ्य, सम्पत्ति सबैमा अधिकार दिएर बलियो बनाउन पर्छ' उनले भने,'त्यसपछि मात्रै म श्रीमान भन्दा कम छैन भनेर सोचेर उनीहरु पनि साहसी हुन्छन्।'

इमेज टिभीका संवाददाता डिल्लीराज पन्तले देखतभूलीमा युवतीलाई बलात्कार गरी हत्या गरेको घट्नालाई पुस्तकमा समावेश गर्न सुझाव दिएका थिए। इन्सेक जिल्ला प्रतिनिधि भाटले मानव अधिकार उल्लङ्घनका घट्नामा सरोकारवाला निकायसित छलफल गरी सुझाव लिने र त्यसकै आधारमा वर्ष पुस्तकमा समावेश गरिने बताए। 'यसरी छलफल गर्दै घट्नालाई परिमार्जन गरी पुस्तकमा समावेश गर्छौं' उनले भने।

INSEC Documentation

# कायाकैर

Kayakairan Daily Newspaper दैनिक ...

वर्षः ८ अंक : १८६ २०७१ साल वैशाख २५ गते, बिहीबार (Thursday 8th May, 2014) (Website: ...

## महिला हिंसाका घटना बढे

भरतपुर/चितवनमा महिला हिंसाका घटना बढेका छन्। पुस १७ देखि चैत १७ गतेसम्मको तीन महिनाको अवधिमा चितवनमा ५२ मानवअधिकार उल्लंघनका घटना भएको तथ्यांक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले बुधबार सार्वजनिक गरेको छ।

जसअनुसार ३७ वटा घरेलु हिंसाका घटनाको अभिलेख इन्सेकले राखेको छ। इन्सेक वर्ष पुस्तक २०१५ मा चितवनका घटनाहरु समावेश गर्ने उद्देश्यले इन्सेकले ३ महिनामा ५२ वटा घटनाको अभिलेख संकलन गरेको ... बाल अधिकारका ८ वटा, महिलामाथिको अमानवीय व्यवहारमा ३ वटा, घाइते २ जना र अपहरण तथा अपहरण प्रयासमा २ वटा मानवअधिकार उल्लंघनका घटना भएको इन्सेक जिल्ला प्रतिनिधि सावित्री सापकोटाले जानकारी दिइन्। नेपाल मानवअधिकार वर्ष २०७५ त्रैमासिक पूर्व समीक्षा कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधिले अपराध न्यूनीकरण गर्न पीडित पक्षलाई न्याय दिइनुपर्नेमा जोड दिएका थिए।

घरेलु हिंसाका घटना बढिरहेपनि घरेलु हिंसा ऐनअन्तर्गत जिल्लामा घटना ... प्रतिबद्ध भएर अपराधलाई निरुत्साहित गर्न लाग्नुपर्ने बताए।

जिम्मेवार निकायलाई जवाफदेही बनाउन, मानवअधिकारको अवस्था मुल्यांकन गर्न, पीडितलाई न्याय दिलाउन वर्ष पुस्तकले सहयोग पुऱ्याउने विश्वास लिएको छ। एमाले चितवनका सचिव तेजेन्द्रबहादुर खड्काले पीडित पक्षले न्याय नपाउनुका कारणबारे विश्लेषण तथा उपायका बारेमा समेत वर्ष पुस्तकमा समावेश गर्नुपर्ने सुझाव राखे।

आर्थिक स्रोत नहुनु, अशिक्षा र ... भएपनि डर, धम्की वा पैसाको प्रलोभनका कारण पीडित वास्तविक न्याय पाउन नसकेकोसमेत सो अवसरमा बताइएको थियो।

नेपाल पत्रकार महासंघ चितवनका उपाध्यक्ष दीपेन्द्र बढुवालले मेलमिलाप भन्दा पनि अभियोजन प्रक्रियाद्वारा पीडित पक्षलाई कानुनी प्रक्रियाद्वारा न्याय दिइनुपर्ने बिचार राखे। निमित्त प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले समृद्ध समाज निर्माण गर्न मानवअधिकार उल्लंघनका सबै घटनालाई कानुनी दायरामा ल्याइनुपर्ने ...


## वर्ष पुस्तकको सुझाव सकलन गद इन्सक

कमाण्डर पोष्ट दैनिक, २०७१ असार २६ गते , पेज नं. ४

कमाण्डर पोष्ट

कञ्चनपुर

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आगामी वर्षको मानव अधिकार वर्ष पुस्कतमा समावेश हुने मानव अधिकार उल्लङ्घनका घट्ना सम्बन्धि सरोकारवाला निकायसित सुझाव लिएको छ। इन्सेकलले मानव अधिकरा वर्ष पुस्तक २०१५ का लागि नागरिक समाज, सुरक्षा निकाय, अधिकारकर्मी र सञ्चारकर्मीसित त्रैमासिक समीक्षा गोष्ठी गरी सुझाव लिएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक राजेन्द्र प्रसाद चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटले जिल्लामा गत वैशाखदेखि हालसम्म संकलन गरिएको मानव अधिकार उल्लङ्घनका ३१ घट्नालाई प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रस्तुत गरिएको घट्नामध्ये वडा प्रहरी कार्यालयमा कालु राम चौधरी र हिक्मत चौधरी कुटपिट सहतका ६ घट्नालाई वर्ष पुस्तकमा समावेश गरिने इन्सेक प्रतिनिध भाटले बताए। वर्ष पुस्तकका लागि महिला अधिकार सम्बन्धि २५, ज्यादति, आर्थिक अधिकार र अमानवीय व्यवहारका २/२ र मानव बेचबिखनका १ घट्नांलाई संकलन गरिएको छ। संकलन गरिएकामा २५ घट्ना मिलापत्र गरिएकाले वडा प्रहरी कार्यालयमा कुटपिट सहितका ६ घट्नालाई वर्ष पुस्तकमा समावेश गरिने बताए। वडा प्रहरी कार्यालयमा कुटिएका चौधरीद्वयले क्षतिपूर्तिका लागि जिल्ला अदालतमा मुद्दा दायर गरेका छन्।

कार्यक्रममा प्रहरी उपरीक्षक चौधरीले जघन्य अपराधमा घट्नाहरु ठूलो संख्यामा नभए पनि अशिक्षा, जनंचेतना अभाव, गरीबि लगायतका कारणले मानव अधिकार हनन हुने गरेको बताए। 'समाज आर्थिक रुपमा बलियो हुँदै गएपछि यसमा सुधार हुन्छ' उनले भने।

शान्तिका लागि साझा अभियान( कोक्याप) की कार्यक्रम अधिकृत भुवन कुँवरले मानव अधिकार उपभोग गर्न नपाएका कारण धेरै महिलाहरुले अनाहक ज्यान गुमाउन बाध्य भएको बताइन्। 'झुण्डिएर, विष सेवन गरी मर्नेको संख्या नसुनेको दिन छैन' उनले भनिन्,' महिलाहरु यसरी अनाहकमै ज्यान गुमाउन बाध्य छन्।' आत्महत्यामा कानुन आकर्षित नहुने भएकाले अनुसन्धान गरी नियन्त्रण हुन नसकेको उनको भनाई थियो।

प्रहरी उपरीक्षक चौधरीले असन्तुष्टि र अर्काको गुनासो सहन नसक्ने व्यक्तिले आत्महत्या गर्ने गरेको उल्लेख गर्दै महिलाको मन नरम हुने भएकाले आत्महत्या गरेको बताए। 'महिलालाई शिक्षा, स्वास्थ्य, सम्पत्ति सबैमा अधिकार दिएर बलियो बनाउन पर्छ' उनले भने,'त्यसपछि मात्रै म श्रीमान भन्दा कम छैन भनेर सोचेर उनीहरु पनि साहसी हुन्छन्।'

इमेज टिभीका संवाददाता डिल्लीराज पन्तले देखतभूलीमा युवतीलाई बलात्कार गरी हत्या गरेको घट्नालाई पुस्तकमा समावेश गर्न सुझाव दिएका थिए। इन्सेक जिल्ला प्रतिनिधि भाटले मानव अधिकार उल्लङ्घनका घट्नामा सरोकारवाला निकायसित छलफल गरी सुझाव लिने र त्यसकै आधारमा वर्ष पुस्तकमा समावेश गरिने बताए। 'यसरी छलफल गर्दै घट्नालाई परिमार्जन गरी पुस्तकमा समावेश गर्छौं' उनले भने।


पोखरा पत्र दैनिक २०७१ जेठ ८ गते

## आर्थिक, सामाजिक सांस्कृतिक अधिकार सुनिश्चित हुनु पर्ने

INSEC Documentation

पोखरा आवाज

पोखरा, ७ जेठ। समग्र मानव अधिकारको अवस्थालाई बलियो बनाउन आर्थिक, सामाजिक सांस्कृतिक अधिकारको सुनिश्चित हुनु पर्नेमा पोखरामा जेठ ७ गते आयोजित एक कार्यक्रमका सहभागीले जोड दिएका छन्। इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा र शान्तिको लागि नागरिक समाजको सञ्जालद्वारा आयोजित आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको विषयक छलफल कार्यक्रमका ... भएको उल्लेख गर्दै स्वास्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार र उपभोक्ताको अधिकारलाई राज्यले सम्बोधन गर्न जरूरी रहेको बताए।

राष्ट्रिय मानवअधिकार आयोग पोखराका निमित्त निर्देशक यज्ञप्रसाद अधिकारीले नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुदृढ नभएसम्म मानव अधिकारको संरक्षण र सम्बर्द्धन हुन नसक्ने बताए।

वरिष्ठ मानव अधिकारकर्मी टेकनाथ बरालले मुलुकमा ... देवकोटा, कमलप्रसाद अर्याल, शोभा पौडेल, सरलाकुमारी पाण्डे, सरिता थापा, गैसस महासंघकी सचिव इन्दिरा पौडेल, जनआन्दोलन घाइते ढाकाराम पौडेल, पत्रकार पूण्य पौडेल, दुर्गा केसी, केशु भुजेल, भीमा पौडेल, नेत्रो लिङ्गी विपना पनेरु, सूर्यबहादुर कार्कीले बोलेका थिए। सोही अवसरमा राष्ट्रिय मानवअधिकार आयोग पोखराबाट काठमाडौंमा सरुवा भएका निमित्त निर्देशक यज्ञप्रसाद अधिकारीलाई मायाको चिनो सहित बिदाइ गरियो।

वर्ष १३ अंक १९७ २०७१ वैशाख ७ गते आइतवार नेपाल सम्वत् ११३ BARDIYA TI...

INSEC Documentation

## वेपत्ता र सत्य निरूपण विधेयकप्रति बर्दियालीको चाँसो

बर्दिया टाइम्स दैनिक पत्रिका, २०७१ वैशाख ७ गते .

● टाइम्स संवाददाता

गुलरिया। बर्दिया नागरिक समाज सञ्जालको बैठकले संविधान सभामा प्रस्तुत हुन लागेको वेपत्ता छानविन र सत्य निरुपण मेलमिलाप आयोग गठन सम्बन्धी विधेयक प्रति बर्दिया नागरिक समाजको चासो देखाएको छ।

इन्सेक बर्दियाको संयोजन र बर्दिया ... राजनीतिक उद्देश्य प्राप्ति र कर्तब्य पालन गर्ने क्रममा भएका घटनालाई आममाफि दिने व्यवस्था पीडितलाई न्याय दिन नखोजेको प्रस्ट देखिएको छलफलमा उठेको थियो।

विधेयकमा पीडितले आममाफि नदिए पनि आयोगले माफिको लागि राज्यलाई सिफारिस दिन सक्ने व्यवस्था सहित आएको र यसले विधिको शासनको विरुद्धमा वेपत्ता छानविन र सत्य निरुपण ... अध्यक्ष नरेन्द्र शर्मा,नेपाल पत्रकार महासंघ बर्दियाका अध्यक्ष मिनराज शर्मा,नेपाल रेडक्रस सोसाइटी बर्दियाका सभापति कृष्णप्रसाद गौतम,द्वन्द्वपीडित समिति बर्दियाका अध्यक्ष भागिराम थारुले विधेयक प्रति आफ्नो धारणा राखेका थिए।

यसगरी बैठकमा भारतीय सिमावर्तीमा एसएसवि र वन सुरक्षाकर्मीले नेपाली नागरिकहरुलाई विभिन्न बहानामा ...

## बालबालिका माथि हुने घटनामा बृद्धि भएकोमा चिन्ता ब्यक्त

New Madhesh express 071 Ashar 25

INSEC Documentation

न्यू मधेश एक्सप्रेस

नेपालगन्ज, असार २४

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालगञ्जको अयोजनामा मंगलवार नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५ को अर्धवार्षिक पूर्व समीक्षा कार्यक्रम सम्पन्न भएको छ।

राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रीय निर्देशक मुरारी खरेलले नेपालमानवअधिकार वर्षपुस्तकमा शिक्षा,स्वास्थ्य र खाद्यअधिकारको विषय समेटनु पर्ने सुझाव दिए।

न्यायिक प्रकृया सम्बन्धमा पनि इन्सेकले वर्ष पुस्तकमा समावेश गर्नुपर्ने आयोगका निर्देशक खरेलले बताए। एडभोकेसी फोरमका बसन्त गौतमले बांके जिल्लामा बालिकाहरु बलात्कारका घटनाबाट पीडित हुँदै ...





आफ्नै देवरबाट भाउजु, भतिजा-भतिजी माथी आगजनी

## घरायसी झगडामा आगो लगाई मार्ने षडयन्त्र

हाम्रो समाचार

जैसपुर-जैसपुर गाविस-१, की २२ वर्षीया चाँदनी सल्मानी उनकी पाँच वर्षीया छोरी मरियम सल्मानी, तीन वर्षीय छोरा रियाजुल सल्मानी र नौमहिनाका छोरा रियान सल्मानीलाई चाँदनीका २५ वर्षीय देवर सद्दाम अली सल्मानीले सम्पत्तीको विषयमा भएको विवादका कारण पेट्रोल छर्केर आगो लगाई ज्यान लिने असफल प्रयास गरेका छन्।

डोल्पा जिल्लामा हजामको काम ...







देवर सद्दाम हुसेन नाउ

... गोमसेसँल व्यहोरेको छ।

काठमाडौंमा लाग्ने सम्पूर्ण उपचार खर्च वर्न भोईलेन्स संभसेसले व्यहोर्ने बताईएको छ। पीडितका साथमा उनको र स्वदेश गर्दै आएकी जेठानी मिना सल्मानी गएकी छन्।

घटनाकी पिडीत चाँदनी सल्मानीले घटनामा संलग्न रहेका देवर सद्दाम सल्मानी र उनलाई सघाएको आरोपमा उनका बुबा मंगल सल्मानी र आमा नुरजहा सल्मानीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा आगो लगाई ज्यान मार्ने उद्योग मुद्दामा किटानी जाहेरी दिएको हुदा नौजनलाई भागेर सीमापारी जाँदै गरेका अवस्थामा पिप्रहवा-१ जमनाहबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएकाछ।

यसैबीच घटनाको सघसंस्था तथा नागरिक समाजले निन्दा गरेका छन्। घटनामा संलग्न सद्दाम र उनका सहयोगीलाई कारवाही गरिनुपर्ने सम्बद्ध अधिकारकर्मीले ...

## मानवअधिकारमा सुधार ल्याउन राज्य जिम्मेवार हुनुपर्नेमा जोड

INSEC Documentation

Hamro samachar 071 Jestha 29

नेपालगन्ज–मानवअधिकारको अवस्थामा सुधार ल्याउनराज्यकानिकाय सक्रिय हुनुपर्नेएक कार्यक्रमका सहभागीहरूले जोड दिएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजनामा जेठ २८ गते नेपालगञ्जमा आयोजित ... उल्लङ्घन र ज्यादतीका सूचना उपलब्ध गराइदिन सहभागिहरूलाई अनुरोध गरे।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निर्देशक मुरारी खरेलले सम्बन्धीत सरोकारवाला निकाय प्रोएक्टीभ भएमा मानवअधिकारको अवस्थामा सुधार आउने बताए ...

मानवअधिकार र सामाजिक न्यायका निमित्त
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलङ्की, स्युचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौं
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org